# स्थानीय पाठ्यक्रम : हाम्रो मोदी
# आधारभूत तह (कक्षा १-८) २०८०




## मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पातीचौर, पर्वत, गण्डकी प्रदेश

**स्थानीय विषयको पाठ्यक्रम निर्माण सल्लाहकार एवम् सुझाव समिति**
श्री हिरादेवी शर्मा, अध्यक्ष, मोदी गाउँपालिका
श्री प्रेम शर्मा पौडेल, पूर्व अध्यक्ष, मोदी गाउँपालिका
श्री विमल लामिछाने, उपाध्यक्ष, मोदी गाउँपालिका
श्री कमलप्रसाद गौतम, प्रमुख प्रशासकीय अधिकृत, मोदी गाउँपालिका

**सामाजिक विकास समिति**
संयोजकः सुकबहादुर  गुरुङ

**पाठ्यक्रम निर्माण कार्यदल**
संयोजक - श्री झक प्रसाद गौतम, गाउँ शिक्षा अधिकृत
सदस्य - श्री भूमिराज शर्मा
सदस्य - श्री लक्ष्मण शर्मा
सदस्य - श्री कुमार उपाध्याय
सदस्य - श्री लक्ष्मण गौतम
सदस्य - श्री  विष्णु प्रसाद सुवेदी
सदस्य - श्री  जीवनाथ शर्मा
सदस्य - श्री  मधुसोधन अधिकारी
सदस्य - श्री  कमल शर्मा तिमिल्सिना
सदस्य - श्री  प्रकाश बहादुर क्षेत्री
सदस्य - श्री  सुरेश  रिमाल
सदस्य - श्री  दिनेश शर्मा
सदस्य - श्री  एकनाथ शर्मा

**प्रकाशक**
मोदी गाउँपालिका, पर्वत ।

प्रथम संस्करण - २०८०

**आवरण तस्विर**
..................................

**मुद्रण** : ...... प्रिन्टिङ्ग प्रेस
........................

मोदी गाउँपालिका २०८०

# हाम्रो कलम

शिक्षालाई स्थानीय परिवेश सुहाउँदो र समय सापेक्ष  बनाउने अभ्यास संसारभरि नै भइरहेको सन्दर्भमा मोदी गाउँ पालिकाको स्थानीय आवश्यकतालाई सम्बोधन गर्न यो पाठ्यक्रम बनाइएको छ । केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरणतर्फ जोड दिएको देखिन्छ  भने स्थानीय आवश्यकता एकातिर पाठ्यक्रम अर्कोतिर हुँदा स्थानीय परिवेश अनुकूलका सिकारु उत्पादन गर्न हाम्रा पाठ्यक्रमहरु अधुरा रहेको गुनासो सुनिँदै आइएको पनि छ । हाम्रा पाठ्यक्रमहरुले बदलिँदो राजनीतिक परिवेशलाई तथा संरचनाहरुलाई अझै पनि उचित सम्बोधन गर्न सकेको अवस्था देखिदैन । राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहलाई पूर्णरुपमा समेट्न नसकेको अवस्थालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषय समेत समावेश गर्न सकिने नीतिगत व्यवस्था शिक्षाका संघीय कानुन तथा शैक्षिक दस्तावेजमा रहेकाले आधारभूत तहमा १६० (कक्षा १-३)/१२८(कक्षा ४-८) कार्यघण्टाको स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय आवश्यकताको पहिचान गर्दै यहीँको माटो सुहाउँदो मानव स्रोत उत्पादन गर्ने लक्ष्य राखी यस पाठ्यक्रमको निर्माण गरिएको छ ।

पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरुको मेरुदण्ड हो । यो सिकाइको व्यवस्थित योजना पनि हो । यसले कुनै पनि शैक्षिक कार्यक्रमलाई संगठित र योजनाबद्ध ढङ्गले उद्देश्य प्राप्ति गर्न पूर्ण सहयोग गर्दछ । यसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरु समावेश हुन्छन् । सो अनुरुप यस पाठ्यक्रमले पनि हाम्रा कलिला बालबालिकाको मानसपटलमा भोलिको समाजको सचित्र छवि बीजारोपण गर्न सकियोस्, देशका संवाहकका रुपमा रहेका आजका मुनाहरुमा विदेश पलायनको सोच नपलाओस् र आफ्नो क्षेत्रले खोजेको/मागेको जनशक्ति उत्पादन गर्न टेवा पुगोस् भन्ने हेतुले मोदी गाउँपालिकाभित्र रहेका विभिन्न विद्यालय, बालबालिका, सामाजिक अगुवा, उद्यमी, व्यवसायी, शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वहरुसँग प्रत्यक्ष र परोक्ष रुपमा भेट तथा सुझाव सङ्कलन गरी स्थानीय तहको आवश्यकताको केन्द्रमा पुगी आधारभूत तहका लागि १०० पूर्णाङ्कको यो पाठ्यक्रम निर्माण गर्ने प्रयास गरिएको छ । स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्व बोकेका स्थलहरुको संरक्षण र संवर्द्धन गर्ने प्रयत्न गरिएको छ । हाम्रो मोटो र हाम्रो उत्पादन मार्फत् विद्यार्थीहरुलाई अझै श्रम र सिपसँग जोडन खोजिएको छ । परियोजना कार्यलाई व्यवहार कुशल सिपसँग जोडेर पाठ्यक्रमलाई सैद्धान्तिक भन्दा व्यावहारिक बनाउने प्रयास गरिएको छ ।   यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउने प्रयत्न गरिएको छ । आफ्नो क्षेत्रमा रहेका महत्वपूर्ण वस्तुहरुको परिचय गराई उनीहरुलाई आफ्नो ठाउँ, कला, संस्कृतिसँग परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, स्वावलम्बी बन्ने धारणाको विकास गराउनु आजको आवश्यकता हो । यसलाई पूरा गर्नका लागि केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका तत् तत् विषय वस्तुलाई पूर्णता दिने उद्देश्यका खातिर स्थानीय विषयवस्तुका बारेमा चिनारी गराउने हेतुले यो पाठ्यक्रम तयार पारिएको हो ।  पाठ्यक्रममा  विद्यार्थीहरुलाई अझ खुशी देख्न, राख्न चाहने हाम्रो चाहनालाई पूरा गर्न योग, ध्यान तथा नैतिकताका विषयवस्तुहरु अभिभावकहरुकै सुझाव अनुसार पाठ्यक्रममा समेट्ने प्रयास गरिएको छ ।  पाठ्यक्रम निर्माणमा क्षितिजीय र लम्बीय सन्तुलन हुनु पर्दछ भन्ने कुरामा विशेष ख्याल राखी निर्माण गर्ने प्रयास गरिएको छ । कक्षा १-३ को एकीकृत पाठ्यक्रमको अवधारणालाई आत्मसात् गर्दै यस पाठ्यक्रमलाई आधारभूत तहको पाठ्यक्रमका उल्लिखित सक्षमताहरुसँग एकाकार हुने गरी निर्माण गर्ने प्रयत्न गरिएको छ ।

मोदी गाउँपालिका भित्रका ऐतिहासिक धार्मिक सामाजिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक, राजनीतिक, भौगोलिक आदि पक्षलाई समेट्दै विद्यार्थीहरुलाई पेसा र व्यवसायसँग जोड्न तथा स्वास्थ्य, पोषण र सरसफाइ क्षेत्रको ज्ञान र सिप प्रदान गरी स्थानीय सम्भावित विपद्सँग जोगिन यस पाठ्यक्रमले आफ्नो विषयक्षेत्र निर्धारण गरेको छ । साथै स्थानीय सरकार र यसका विषयगत शाखाबाट प्राप्त हुने सेवा सुविधा र प्रक्रियाका बारेमा सिकारुलाई परिचित गराउँदै स्थानीय कला, साहित्य र धर्म संस्कृतिसँग परिचित हुन तथा संरक्षण र सम्वर्द्धनमा लाग्न यस पाठ्यक्रमले उत्प्रेरित गर्ने लक्ष्य लिएको छ । परम्परागत सिप र प्रविधिसँग परिचित हुँदै आधुनिक प्रविधिलाई दैनिकीमा जोडेर आफ्नो दिनचर्यालाई सिकारुले सहज बनाउने उद्देश्य यस पाठ्यक्रमको रहेको छ । एक कक्षा एक उत्पादन, एक विद्यार्थी एक सिप भन्ने मान्यतालाई मूर्तरुप दिने गरी पाठ्यक्रममा विषय क्षेत्र निर्धारण गरिएको छ । अझ उत्पादन र श्रमलाई सिकारुवर्गको दैनिकीसँग जोड्नका लागि स्कुलदेखि फार्म सम्म र फार्म देखि स्कुलसम्म भन्ने क्रियाकलापमूखी कार्यक्रमलाई समेत पाठ्यक्रममा समावेश गरिएको छ ।  मोदीका विषयवस्तुमा विद्यार्थीलाई परिचित गराउँदै मानव मूल्य र मान्यताका पाठसम्म सिकाउने योजना बुनेको यस पाठ्यक्रममा विभिन्न दश प्रकारका क्षेत्रहरु र तिनका क्षेत्र, क्रम तथा विस्तृतीकरण समेत समेटिएको छ :

यो पाठ्यक्रम गाउँपालिका अध्यक्ष श्री हिरादेवी शर्मा, उपाध्यक्ष श्री बिमल लामिछाने, प्रमुख प्रशासकीय अधिकृत श्री कमल प्रसाद गौतम, कार्यपालिका सदस्यहरु, मोदी गाउँ शिक्षा समिति, पाठ्यक्रम निर्माण  कार्यदलका संयोजक श्री झकप्रसाद गौतम र समग्र कार्यदल, शिक्षा युवा तथा खेलकूद शाखाका समस्त कर्मचारीहरु, वडागत रुपमा सबै जन प्रतिनिधिहरु, स्थानीय शिक्षा प्रेमी तथा शैक्षिक सरोकारवालाहरु, उद्योगी, व्यापारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु, शिक्षक,  विद्यार्थी, अभिभावक, स्थानीय कृषक, विभिन्न समूहहरु र सरोकारवालाहरुको सहभागितामा वडागत रुपमा प्रश्नावली सहित निर्माण कार्यदलका सदस्यहरुको प्रत्यक्ष उपस्थितिमा प्रश्नावली भर्ने साथै प्रत्यक्ष बहस, छलफल, प्रश्नोत्तर,  अन्तर्वार्ता, अन्तरक्रियाबाट तयार पारिएको हो । साथै यस पाठ्यक्रमलाई कार्यान्वयनमुखी बनाउन आवश्यकतानुसार विषयविज्ञ, पाठ्यक्रमविद्हरुको राय लिँदै शिक्षकहरुकै सक्रियतामा विद्यार्थी तथा अभिभावकहरुको उल्लेख्य सहभागितामा तयार पारिएको छ । यस पाठ्यक्रमलाई मूर्त रुप दिई प्राविधिक तथा प्रकाशन कार्यमा उल्लेखनीय योगदान र सहकार्यका लागि प्रत्यक्ष  र परोक्ष रुपमा संलग्न रही आफ्ना अमूल्य रचनात्मक र सिर्जनात्मक सुझाव सम्प्रेषण गर्नुहुने सबैमा हार्दिक धन्यवाद ।

झकप्रसाद गौतम<br>
संयोजक<br>
स्थानीय पाठ्यक्रम निर्माण कार्यदल<br>
मोदी गाउँपालिका

# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत, गण्डकी प्रदेश

प स
च नं
मिति :२०८० /०३/१०

## शुभकामना

हाम्रा बालबालिकाको ज्ञान, सिप र क्षमताको अभिवृद्धि, मोदीको समृद्धि भन्ने कुरालाई आत्मसात गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६ का आधारमा ***हाम्रो मोदी*** नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने प्रयास मोदी गाउँ पालिकाले पनि गरेको छ। शिक्षालाई व्यावहारिक र जीविकोपार्जन गराउने, स्थानीय आवश्यकताको पहिचान र संरक्षण गर्ने मोदीको माटोसँग यहाँका बालबालिकालाई परिचित गराउने मूल उद्देश्यका साथमा मोदी गाउँपालिका भित्रका शैक्षिक, प्राज्ञिक, बौद्धिक तथा सरोकारवालाहरुसँगबाट रचनात्मक र सिर्जनात्मक सुझावहरुलाई आत्मसात् गरी स्थानीय परिवेशलाई आधार मानी तयार गरिएको यो पाठ्यक्रम अत्यन्तै प्रशंसनीय रहेको छ। भौगोलिक, जातीय, धार्मिक तथा सांस्कृतिक विविधतामा एकता रहेको हाम्रो मोदीमा समाजका सर्वपक्षीय विषयवस्तुहरुलाई समेटी सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ। यस पाठ्यक्रमको कार्यान्वयन सँगै बालबालिकाले मोदी चिन्न र मोदीका बालबालिकाको राष्ट्रिय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका आवश्यकता पूरा गर्न यस पाठ्यक्रम सक्षम हुने छ भन्ने विश्वास लिइएको छ। स्थानीयताको गरिमा अभिवृद्धि गर्दै बाल मानसपटलमा आफ्नोपनको विकास र रुचिका विषय समेटी सिकाइ अभिवृद्धि गर्दै उनीहरुमा ज्ञान, सिप अभिवृत्ति, मूल्य र क्षमता जस्ता सक्षमताहरु हासिल गर्नमा यो पाठ्यक्रम सफल हुनेछ भन्ने आशा राख्दै सफल कार्यान्वयनको शुभकामना दिन चाहन्छु।

हिरादेवी शर्मा

अध्यक्ष, मोदी गाउँपालिका

मोदी गाउँपालिका २०८०

# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पातीचौर, पर्वत, गण्डकी प्रदेश

प स
च नं मिति :२०८० /०३/१०

## शुभकामना

स्थानीय आवश्यकतालाई समय सापेक्ष सम्बोधन नगरी स्थानीय जनजीविकाका विषयमा उठेका समस्याको उचित समाधान हुन सक्दैन् । स्थानीय व्यक्तिहरुको आवश्यकता, विकास निर्माण र सेवाप्रवाहमा मात्र सिमित राखेर आजको माग पूरा नहुने बेला आएको छ । भोलिका कर्णधार भनेर चिनिने आजका कलिला बालबालिकाले आफ्नै आवश्यताअनुसारको शिक्षा लिन पाउनु उनीहरुको बाल अधिकारको क्षेत्र भित्र समेत पर्दछ । आफ्नै रुचि र आवश्यकता अनुसारको शिक्षा प्राप्तिको अवसर पाउदा विद्यार्थीवर्गमा खुसी र सिकाइप्रति उत्प्रेरित हुने वातावरण बन्दछ । शिक्षा सम्बन्धि कानुनहरुले स्थानीय आवश्यकतालाई पुरा गर्न स्थानीय पाठ्यक्रमको नीतिगत अधिकार स्थानीय तहलाई दिएपछि यतिबेला स्थानीय तहहरुले आफू अनुकुलका विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दै आइरहेका छन् । यसै सन्दर्भमा हाम्रो मोदी गाउँपालिकाले पनि स्थानीय सरोकारवालहरुको सहभगितामा यतिबेला ***हाम्रो मोदी*** नामक आधारभूत तहको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै छ । यस पाठ्यक्रमको कार्यान्वियनसँगै पक्कै पनि विद्यार्थी र अभिभावकहरुको केहीहद सम्म आवश्यकता सम्बोधन हुने विश्वास लिइएको छ । मोदीको माटोसँग विद्यार्थीलाई परिचित गराउँदै श्रमसँग जोडिइ अभिभावकले खोजे जस्ता ज्ञान, सिप र प्रविधियुक्त चलाख बालबालिका उत्पादनमा यो पाठ्यक्रम सक्षम हुने छ भन्ने विश्वास लिएको छु । पाठ्यक्रमको सफल कार्यान्वयनपछि यसले राखेका उद्देश्य पूरा गराउन यो पाठ्यक्रम सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

विमल लामिछाने

उपाध्यक्ष मोदी गाउँपालिका

मोदी गाउँपालिका २०८०

# मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत, गण्डकी प्रदेश

प स
च नं                                                                                                  मिति :२०८० /०३/१०

## शुभकामना

शिक्षा ज्ञान, सिप र अभिवृत्तिको सार हो । शिक्षा समस्या समाधानको कडी हो । शिक्षा चुनौती कम गराउने साधन हो । शिक्षा व्यक्तिको जीवन सफल बनाउने साधन र साध्य दुवै हो । अतः शिक्षा जीवनसँग जोडिनु पर्छ । शिक्षाले व्यक्तिलाई जीवनोपयोगी व्यवहार कुशल सिप दिन सक्नुपर्छ । शिक्षा बालबालिकको प्रत्यक्ष दैनिकी र अभिभावकको गुजारासँग जोडिएर आउनु पर्छ । शिक्षालाई स्थानीयकरण गर्न सके मात्र यो सम्भव छ । स्थानीय पाठ्यक्रम माथिका यिनै पक्षसँग जोडिएको विषय हो । स्थानीयहरुकै मागमा आधारित शिक्षा दिन स्थानीय पाठ्यक्रमको जन्म भएको हो । यसैको अभ्यास विश्वभरि गरिँदै आइएको छ । हामो गाउँपालिकाले पनि ***हाम्रो मोदी*** नामक स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वियनमा लगेको छ । यसको सफल कार्यान्वयन शिक्षक मित्रहरुको हातमा छ भने साथ र सहयोग अभिभावक तथा अन्य सरोकारवालाहरुको हातमा रहने छ । यो स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयले राष्ट्रिय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका तर अभिभावक तथा सिकारुले अपेक्षा गरेका विषयवस्तु पस्कन सफल हुने छ भन्ने विश्वास लिएको छु । यो स्थानीय पाठ्यक्रम रमाउँदै सिक्ने, सिक्दै रमाउने पाठ्यक्रम  हुने छ । पाठ्यक्रमको सफल कार्यान्वय सँगै अपेक्षाकृत शैक्षिक सुधार होस् हार्दिक शुभकामना ।

कमलप्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका पर्वत

मोदी गाउँपालिका २०८०

**विषय सूची**


भाग १
स्थानीय पाठ्यक्रम : परिचय
१.१. विषय प्रवेश
१.२. शिक्षाका उद्देश्यहरु तथा शिक्षाको संरचना
१.३ मोदी गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

भाग २
स्थानीय पाठ्यक्रम : हाम्रो मोदी
२.१. परिचय
२.२ पाठ्यक्रमका क्षेत्रहरु
२.३ पाठ्यक्रमको उदेश्य
२.४ स्थानीय पाठ्यक्रमको क्षेत्र, क्रम, सिकाइ सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण
२.५ बिद्यार्थी मूल्याङ्कन प्रक्रिया

अनुसूचीहरु
अनुसूची १ : विद्यार्थीको व्यक्तिगत विवरण
अनुसूची २ : विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख कक्षा (१-३)
अनुसूची ३ : कक्षा ४-८ को आन्तरिक मूल्याङ्कन प्रक्रिया
अनुसूची ४ : स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी प्रारम्भिक छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत् स्थानीय पाठ्यक्रम निर्माणमा सहभागीहरूको विवरण
अनुसूची ५ : आवश्यकता पहिचानका लागि वडागत रूपमा भएको अन्तक्रिया कार्यक्रम र प्रश्नावली मार्फत् स्थानीय पाठ्यक्रम निर्माणमा सहभागीहरूको विवरण
अनुसूची ६ : स्थानीय पाठ्यक्रमको प्रारम्भिक मस्यौदाउपर छलफल, अन्तरक्रिया तथा सुझाव सङ्कलन कार्यक्रमका सहभागीहरुको विवरण


मोदी गाउँपालिका २०८०

## भाग-१

## स्थानीय पाठ्यक्रम : परिचय

### १.१. विषय प्रवेश

प्राथमिक शिक्षा पाठ्यक्रम-२०६२ अनुसार “स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसारका विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।” स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुन्छ । यो स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप र आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम-२०७५ मा उल्लेख भएअनुसार स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा/स्थानीय भाषा, संस्कृति तथा स्थानीय सिपमध्येबाट विषयवस्तु समावेश गर्न सकिने व्यवस्था छ । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ, शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक देश निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ । आफ्नो माटोसँग साक्षात्कार गराउँदै विद्यार्थीलाई श्रम र उत्पादनसँग जोड्छ ।

स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य रूपमा निम्नलिखित तीन पक्षहरू हुनुपर्ने देखिन्छ ।

**(क) स्थानीय आवश्यकता**

स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव सङ्कलन गर्नका लागि स्थानीय जनप्रतिनिधि, विभिन्न क्षेत्रका स्थानीय विज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक आदिसँग स्थानीय तहका वडा, बस्तीहरू समावेश गरी समूहगत तथा व्यक्तिगत छलफल, अन्तरक्रिया, प्रश्नोत्तर तथा निश्चित समूहकेन्द्रित छलफल (Focal Group Discussion) गर्नुपर्छ ।

**(ख) स्थानीय विषयवस्तु**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हो होइन भनेर जाँच्ने कसी भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ ।

**(ग) स्थानीय सहभागिता र विज्ञता**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय पाठ्यक्रम हुनका लागि पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । यसमा उनीहरूकै विज्ञताको प्रयोग गरिन्छ ।

यस स्थानीय पाठ्यक्रमकको निर्माणमा निम्न मान्यतालाई आधारमा लिइएको छ :

क) स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने
ख) स्थानीय विषयवस्तुमा आधारित हुने
ग) पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने
घ) स्थानीय भौतिक र मानवीय स्रोतको उपयोग हुने
घ) पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व रहने
ङ) पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने
च) विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने
छ) न्यून मूल्यका स्थानीय सामग्रीको प्रयोग हुने ।

### १.२. शिक्षाका उद्देश्यहरू तथा शिक्षाको संरचना

**(क) विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(१) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,
(२) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,
(३) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,
(४) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,
(५) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,
(६) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,
(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,
(८) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,
(९) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,
(१०) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,
(११) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा बिपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,
(१२) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

**(ख) विद्यालय शिक्षाको तहगत संरचना**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म आठ वर्षको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्षको माध्यमिक शिक्षा हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीनधारको हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने व्यवस्था छ । सिकारुको उमेर, सिकाइ, क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ :

तालिका-१

विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| **विद्यालयको तह** | **कक्षा** | **उमेर समूह** | **सिकाइ क्षमतास्तर** |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**(ग) विद्यालय शिक्षाको तहगत पाठ्यक्रम**

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था रहेको छ :

**(१) प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

तालिका-२

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| **क्र.सं.** | **सिपका क्षेत्रहरू** | **सिपहरू** | **वार्षिक समय (घण्टामा)** |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | **जम्मा** | **५७६** |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने व्यवस्था छ ।)

**(२) आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

तालिका-३

आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

| **क्र.सं.** | **विषयसम्बन्धी क्रियाकलाप** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५ | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६ | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम विकास तथा आधारभूत तह (१-३) को पाठ्यक्रम, २०७६ को मूल मर्मलाई समेत सहयोग पुग्ने गरी निम्नलिखित पक्षहरू समावेश गरिनेछ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइनेछ। गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइनेछ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ।

३. सामाजिक अध्ययन, चारीत्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप अन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मक, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिनेछ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन्। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनु पर्नेछ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किराँत जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिनेछ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्त अनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिनेछ। यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिनेछ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषय क्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषय क्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिनेछ। त्यसैगरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहार कुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिनेछ।

**(३) आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

तालिका-४

आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

उल्लेखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिनेछ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ। गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ। विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिनेछ। सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिनेछ। स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिनेछ। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ। स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन्। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउनेछ।

२. संस्कृत तथा परम्परागत शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिनेछ। यसअन्तर्गत सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयसँग सम्बन्धित विषय क्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिनेछ। मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिनेछ।

३. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानव मूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिनेछ। मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिनेछ।

**(४) आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

तालिका-५

कक्षा ६-८ को पाठ्यक्रम संरचना

| क्र.सं. | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदरसा शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथ ाशारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीतिशास्त्र | भोटभाषा वा पालीभाषा वा संस्कृत वा अन्यभाषा वा उर्दू भाषा | ४ | १२८ |
| | **जम्मा** | | | **३२** | **१०२४** |

**(घ) आधारभूत शिक्षाका तहगत सक्षमता**

**(अ) आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता :**

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्न बमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

**(आ) प्रारम्भिक बालविकास शिक्षाका सक्षमता**

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता
२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास
३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन
४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन
५. सिर्जनात्मक सोचको विकास
६. भाषिक तथा संचार सिपको विकास ।

**(इ) आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता**

आधारभूत शिक्षा (कक्षा १-३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ । आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुनेछन् :

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास

६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**(ई) आधारभूत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमता**

आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू निम्नानुसार हुनेछन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास, आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

**(उ) आधारभूत शिक्षा (कक्षा ६-८) का तहगत सक्षमता**

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुनेछन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानव मूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास
८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills)
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान ।

**(ङ) स्थानीय पाठ्यक्रमको संवैधानिक, कानुनी र नीतिगत व्यवस्था**

**(१) नेपालको संविधान २०७२ मा स्थानीय शिक्षा सम्बन्धी उल्लेख भएको व्यवस्था**

नेपालको संविधान २०७२ भाग ३ को धारा ३१ मा शिक्षासम्बन्धी मौलिक हकको व्यवस्था छ । उक्त धाराको उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ भन्ने प्रावधान रहेको छ । यसको कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत् समाजमा रहेका जातजाति, भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी हुन्छ । त्यसै गरी धारा ५१ (ज) (१)मा शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने व्यवस्था गरिएको छ ।

**(२) स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय शिक्षा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई उल्लेख गरेको छ । त्यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

**(३) १५ औँ योजनामा स्थानीय शिक्षा**

पन्ध्रौँ योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रममार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकतानुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई संघीय तहबाट तोकिएको मापदण्ड बमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिनेछ भन्ने कार्यनीतिमार्फत् प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

**(४) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा स्थानीय शिक्षा**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४-८ मा साप्ताहिक पाठ्यभार ४ अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।
ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाको आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।
ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिनेछ ।
घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइनेछ ।

च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुनेछ ।

**(५) विद्यालय क्षेत्र विकास योजना (SSDP) मा स्थानीय शिक्षा**

सन् २०१६ देखि सन् २०२२ सम्मका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले सिप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने र मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रूपमा त्रैभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरेबाट स्थानीय मातृभाषाको जगेर्ना र प्रयोगलाई संवर्द्धन गरेको छ ।

**(६) मोदी गाउँपाकिाको स्थानीय तह शिक्षा ऐन २०७५ मा स्थानीय पाठ्यक्रम**

मोदी गाउँपाकिाको स्थानीय तह शिक्षा ऐन २०७५ को नियम ८ मा स्थानीय पाठ्यक्रम विकास तथा निर्माणका लागि विभिन्न व्यवस्था गरिएको छ । विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइ उपलब्धि हाँसिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको राष्ट्रिय पाठ्यक्रमको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गर्न सक्ने छ ।

मोदी गाउँपालिकाको पञ्चवर्षीय विकास योजना २०७८/७९- २०८२/८३ मा स्थानीय पाठ्यक्रमका विषयमा शिक्षा योजनाको रणनीति/कार्यनीति र कार्यक्रमहरूको १३.१.९ मा रूपान्तरणको निम्ति शिक्षा भन्ने मूल उद्देश्यका साथ अनुसन्धानात्मक र जीवनोपयोगी व्यावहारिक शिक्षामा जोड दिँदै स्थानीय पाठ्यक्रमको निर्माण र पाठ्यशैली तथा मूल्याङ्कन प्रणालीको अबलम्बन गर्ने कुरा उल्लेख रहेको छ ।

**१.३ मोदी गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया :**

मोदी गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा अपनाइएका विधि र प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका-६
कार्य तथा बैठक विवरण

| के कार्य | कसरी | कहिले | को कसले | सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| आवश्यकताको पहिचान | गाउँपालिका स्तरीय वृहत् प्रारम्भिक छलफल | २०७९।११।१८ | मोदी गापा गाउँ शिक्षा समिति | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, समाजसेवी | सहभागिता अनुसूची-४ मा |
| | पाठ्यक्रम मस्यौदा कार्यदल गठन | २०७९।१२।२० | मोदी गापा गाउँ शिक्षा समिति | गाउँ शिक्षा समितिका पदाधिकारीहरू | |
| | पाठ्यक्रमका सम्भावित क्षेत्रहरू समावेश गरी प्रश्नावली निर्माण | २०८०।०१।०७ | पाठ्यक्रम मस्यौदा कार्यदल | कार्यदका सदस्यहरू र सल्लाहकार समिति | |
| | मोदी गापा वार्ड नं.-१, भुकमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१३ | विष्णु प्रसाद सुवेदी<br>लक्ष्मण शर्मा<br>दिनेश शर्मा | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची ५ मा |
| | मोदी गापा वार्ड नं.-२, देउपुरमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१३ | झक प्रसाद गौतम<br>कुमार उपाध्याय<br>भूमिराज शर्मा<br>एकनाथ शर्मा | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५. मा |
| | मोदी गापा वार्ड नं.-३, देउरालीमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१४ | कुमार उपाध्याय<br>भूमिराज शर्मा<br>एकनाथ शर्मा | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |
| | मोदी गापा वार्ड नं.-४, क्याङमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१४ | प्रेम शर्मा पौडेल<br>लक्ष्मण शर्मा<br>प्रकाश बहादुर क्षेत्री<br>सुरेश रिमाल | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |
| | मोदी गापा वार्ड नं.-५, बाजुङमा सरोकारवालाहरू सँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१५ | प्रेम शर्मा पौडेल<br>लक्ष्मण शर्मा<br>प्रकाश बहादुर क्षेत्री | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |
| | मोदी गापा वार्ड नं.-६, तिलाहारमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१५ | दिनेश शर्मा<br>विष्णु सुवेदी | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |

मोदी गाउँपालिका २०८०

| | | | | | |
|---|---|---|---|---|---|
| | मोदी गापा वार्ड नं.-८, चित्रेमा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१५ | सुक बहादुर गुरुङ लक्ष्मण गौतम जीवनाथ शर्मा मधुसोधन अधिकारी | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |
| | मोदी गापा वार्ड नं.-७, राम्जामा सरोकारवालाहरूसँग प्रश्नावली भर्ने तथा वृहत् आवश्यकता पहिचान छलफल | २०८०।०१।१८ | लक्ष्मण गौतम कमल तिमिल्सिना मधुसोधन अधिकारी | जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. अध्यक्षहरू, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, विद्यार्थी | सहभागिता विवरण अनुसूची-५ मा |
| | सुझाव तथा प्रश्नावलीका आधारमा स्थानीय आवश्यकताका क्षेत्र तथा उपक्षेत्र पहिचान | २०८०।०१।२७ भित्र | पाठ्यक्रम मस्यौदा कार्यदल | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| उद्देश्यको निर्धारण | पाठ्यक्रमको सैद्धान्तिक अवधारणा र पूर्वकार्यको समीक्षा तथा तहगत सक्षमताको प्रारम्भिक मस्यौदा लेखन | २०८०।०१।२७ देखि २०८०।०२।११ | कुमार उपाध्याय भूमिराज शर्मा लक्ष्मण गौतम | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| विषयवस्तु छनौट र पाठ्यक्रमको खाका | तह-१ (कक्षा १-३) को सक्षमता तथा विषय वस्तुको विस्तृतीकरण लेखन | २०८०।०२।११ देखि २०८०।०२।१८ सम्म | कुमार उपाध्याय कमल तिमिल्सिना जीवनाथ शर्मा | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| | तह-२ (कक्षा ४-५) को सक्षमता विषयवस्तुको विस्तृतीकरण लेखन | २०८०।०२।११ देखि २०८०।०२।१८ सम्म | लक्ष्मण गौतम लक्ष्मण शर्मा मधुसोधन अधिकारी | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| | तह-३ (कक्षा ६-८) को सक्षमता विषय वस्तुको विस्तृतीकरण लेखन | २०८०।०२।११ देखि २०८०।०२।१८ सम्म | भूमिराज शर्मा विष्णु प्रसाद सुवेदी एकनाथ शर्मा | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| कक्षागत सिकाइ उपलब्धि निर्धारण | कक्षा १-८ को कक्षागत र क्षेत्रगत सक्षमताको लम्बीय तथा समतलीय सम्बन्ध विश्लेषण, संगठन, विस्तृतीकरण र पुनर्लेखन | २०८०।०२।१८ देखि २०८०।०२।२८ सम्म | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| शिक्षण सिकाइ क्रियाकलाप | कक्षा १-८ सिकाइ सहजीकरण क्रियाकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन आदि | २०८०।०२।२८ देखि २०८०।०२।३० सम्म | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| विद्यार्थी मूल्याङ्कन | मूल्याङ्कन रुबिक्स, परियोजना कार्य/प्रयोगात्मक अभ्यास | २०८०।०२।३० देखि २०८०।०२।३२ सम्म | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| अनुसूची/ परिचय खण्ड | अनुसूची र स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणा सहित पूर्वकार्यको समीक्षा | २०८०।०३।०१ देखि २०८०।०३।०४ सम्म | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | कार्यदलका सदस्यहरू तथा सल्लाहकार समिति | |
| प्रारम्भिक मस्यौदाउपर छलफल, अन्तरक्रिया | स्थानीय पाठ्यक्रमको प्रारम्भिक मस्यौदाउपर छलफल, अन्तरक्रिया तथा सुझाव सङ्कलन कार्यक्रम | २०८०।०३।१२ | मोदी गापा गाउँ शिक्षा समिति | जनप्रतिनिधिहरू, प्रधानाध्यापकहरू, राजनीतिक दलका प्रमूख एवं प्रतिनिधिहरू, शिक्षा समितिका सदस्यहरू, विषयगत कार्यालयका प्रमुखहरू, कार्यदलका सदस्यहरू | सहभागिता विवरण अनुसूची-६ मा |

## भाग-२

## स्थानीय पाठ्यक्रम : हाम्रो मोदी

### २.१. परिचय

पाठ्यक्रम सिकाइको योजना र मार्गदर्शन हो । यसलाई समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने योजनाको एकीकृत स्वरूपको रूपमा लिन सकिन्छ । पाठ्यक्रम विकासका सन्दर्भमा देखा परेका विविध अवधारणाहरूमध्ये स्थानीय पाठ्यक्रम एउटा नवीनतम् अवधारणा हो । सिकारुको रुचि र आवश्यकता, अभिभावकको चाहना, स्थानीय सरोकारवालाहरूको विज्ञता र संलग्नतामा तयार गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय सरोकारवालाहरूको सार्थक सहभागितामा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका तर स्थानीय आवश्यकताको रूपमा रहेका विषयवस्तुहरूलाई स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ । 'विश्वव्यापी सोच, स्थानीय अभ्यास' भन्ने सैद्धान्तिक र व्यावहारिक मान्यतामा आधारित स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नै स्थानीय परिवेशमा सिक्ने, स्वदेशमै टिक्ने र विश्व बजारमा बिक्ने खालको शिक्षा हाँसिल गर्न सहयोग पुऱ्याउँछ ।

नेपालको राज्य पुर्नसंरचनासँगै मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ । नेपालको संविधान-२०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेको छ । स्थानीय तहका आवश्यकतालाई स्थानीय साधन र स्रोतकै खोजी एवम् परिचालन गरी परिपूर्ति गर्ने अधिकार पनि स्थानीय तहलाई नै प्राप्त भएको छ । स्थानीय तहहरूले आफ्नै परिवेश अनुकूलको स्थानीय पाठ्यक्रम निर्माण गर्ने कार्यलाई अगाडि बढाइरहेका छन् । स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागदर्शन-२०७६ को मर्मअनुसार स्थानीय स्रोत परिचालन गरी स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने गरी गण्डकी प्रदेशको पर्वत जिल्लामा अवस्थित मोदी गाउँपालिकाले पहिलोपटक स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । यो पाठ्यक्रम निर्माण गर्नुको मुख्य उद्देश्य स्थानीय विषयवस्तु र आवश्यकताहरूको पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा जीवनोपयोगी पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरूलाई आफ्नै माटो र उत्पादनसँग जोड्ने रहेको छ । विविधतायुक्त प्रकृति र संस्कृतिले सजिएको मोदी गाउँपालिकामा कक्षा १ देखि ८ सम्म अध्ययनरत बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रमले मोदी गाउँपालिकाका समग्र पक्षहरूको समुचित जानकारी समेत दिनेछ ।

यस पाठ्यक्रममा विशेषतः मोदी गाउँपालिकाको परिचय, हाम्रा प्राकृतिक सम्पदाहरू, सिप र प्रविधि, हाम्रो पेसा र व्यवसाय, स्वास्थ्य पोषण र सरसफाइ, विपद् व्यवस्थापन, कला, साहित्य, धर्म, संस्कृति, स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू, मानव मूल्य र मान्यता, हाम्रो माटो : हाम्रो उत्पादन जस्ता मुख्य विषय क्षेत्रहरू समावेश गरिएको छ । यो पाठ्यक्रमले 'एक विद्यार्थी एक सिप' र 'एक कक्षा एक उत्पादन' मा विशेष जोड दिएको छ भने 'स्कुलदेखि फार्मसम्म र फार्मदेखि स्कुलसम्म' को सिकाइ अनुभवहरूलाई समेट्ने प्रयास गरेको छ । पाठ्यक्रमको यो उद्देश्य पूरा गर्नका लागि क्षेत्र १० अन्तर्गत प्रयोगात्मक पक्ष लाई विशेष जोड दिएर विद्यार्थीलाई कार्य गर्न लगाउनुपर्ने हुन्छ ।

आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमले गरेको प्रावधान अन्तर्गत कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत भार र बाह्य मूल्याङ्कनको लागि ५० प्रतिशत भार कायम गरी विद्यार्थीहरूले हाँसिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रूपमा अभिलेख गरी लेटर ग्रेडिङ पद्धति अनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ । स्थानीय आवश्यकताको पहिचान गर्न यो पाठ्यक्रम निर्माणको क्रममा मोदी गाउँपालिकाका आठ ओटै वडाहरू र विभिन्न विषयगत क्षेत्रहरूबाट प्राप्त सुझावहरूलाई समेट्ने प्रयास गरिएको छ ।

विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्ति, सिर्जना तथा मानव मूल्य मान्यताको विकास गर्नको लागि सूचना, सञ्चार र प्रविधिको प्रयोग गरी अनुभवमा आधारित परियोजना तथा प्रयोगात्मक क्रियाकलाप र सिकाइ अनुभवहरूको प्रतिविम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने पक्षलाई पाठ्यक्रममा जोड दिइएको छ । यसले विद्यार्थीहरूलाई समुदायसँग जोडिन, सान्दर्भिक सिपहरूले सुसज्जित गर्न, अवसरहरूलाई पछ्याउन र चुनौतीहरूलाई सामना गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

### २.२ पाठ्यक्रमका क्षेत्रहरू

१. हाम्रो मोदी
२. हाम्रा प्राकृतिक सम्पदाहरू
३. सिप र प्रविधि
४. हाम्रो पेसा र व्यवसाय
५. स्वास्थ्य, पोषण र सरसफाइ
६. विपद् व्यवस्थापन
७. कला, साहित्य र धर्म, संस्कृति
८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू
९. मानव मूल्य र मान्यता
१०. हाम्रो माटो : हाम्रो उत्पादन

### २.३. पाठ्यक्रमको उद्देश्य

#### (क) तहगत सक्षमताहरू र कक्षागत सिकाइ उपलब्धि

#### (१) आधारभूत तह (१-८) का तहगत सक्षमतहरू :

आधारभूत तह (१-८) को अन्त्यमा विद्यार्थीहरूमा निम्नानुसारका सक्षमताहरू हाँसिल हुनेछन् :

(१) मोदी गाउँपालिकाको परिचय, नामकरण, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या र राजनीतिक विभाजनसम्बन्धी जानकारी
(२) स्थानीय प्राकृतिक स्रोत र सम्पदाको पहिचान, संरक्षण र सम्बर्धनमा सहभागी
(३) स्थानीय स्तरका परम्परागत प्रविधि र आधुनिक प्रविधिको दैनिक व्यवहारमा प्रयोग
(४) स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्धन

(५) स्थानीय स्तरमा अपनाइएका पेसा, व्यवसाय र उद्यमशीलताको पहिचान, संरक्षण र संवर्धनमा भूमिका
(६) योग, ध्यान, सरसफाइ, स्थानीय आहारविहार, स्थानीय खेलहरूको परिचय र तिनको अभ्यास तथा प्रयोग
(७) प्राकृतिक र मानव सिर्जित प्रकोपहरूबाट बच्ने उपाय, वातावरण संरक्षणप्रति सजग र हरित विद्यालय निर्माणमा टेवा
(८) स्थानीय कला, साहित्य, प्रथा, प्रचलन र संस्कृतिसम्बन्धी जानकारी र संरक्षणमा सहभागिता
(९) स्थानीय सरकारबाट प्राप्त हुने सेवा सुविधा एवम् प्रशासनिक संरचनासम्बन्धी जानकारी
(१०) विभिन्न सामाजिक संघ संस्थाहरू र तिनको सामाजिक प्रभावलाई आत्मसात्
(११) नैतिक मूल्य, मान्यता र शिष्टतालाई व्यावहारिक जीवनमा प्रयोग
(१२) श्रमप्रति सम्मान जगाई स्थानीय माटो अनुकूलका आधारभूत सिपहरू हाँसिल ।

**(२) तह-१ (कक्षा १-३) का तहगत सक्षमताहरू :**

(१) आफू, आफ्नो परिवार, गाउँ, टोल र वडाको सामान्य परिचय
(२) आफ्नो समुदाय वरिपरिका प्राकृतिक सम्पदाहरूको सामान्य परिचय
(३) स्थानीय परम्परागत सिप र प्रविधिका साथै आधुनिक प्रविधिसँग सामान्य परिचित
(४) आफ्नो परिवार र समुदायमा अपनाइएका पेसा, उत्पादित वस्तु, पर्यटन स्थल तथा बिक्री केन्द्रको सामान्य जानकारी
(५) आफू र आफ्नो वरपरको वातावरणको सरसफाइ, स्थानीय भोजनका परिकारको पहिचानका साथै स्थानीय खेलहरूको अभ्यास
(६) घर, समुदाय तथा विद्यालयमा हुन सक्ने प्रकोप र विपद्को पहिचान, त्यसबाट बच्ने उपायहरूको अवलम्बन
(७) स्थानीय चाडपर्व, धर्म, चालचलन, रीतिरिवाज, भेषभूषा, गीत र नृत्यको अभ्यास र सहभागिता
(८) स्थानीय वडा समिति र संघ संस्थाको सामान्य परिचय
(९) मानव मूल्य र मान्यताको उचित प्रयोग
(१०) श्रम र श्रमिकको सम्मान गर्दै फूलबारी र करेसाबारी निर्माण र प्रयोगमा सहयोग ।

**कक्षा १ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- आफू, बाबाआमा, गाउँटोल तथा छिमेकको नाम लेख्न र परिवारको संख्या बताउन,
- आफ्नो वरपर रहेका पानीका स्रोत, प्राणी र वनस्पतिहरूको पहिचान गर्न,
- आफ्नो गाउँटोलका परम्परागत सिप र प्रविधिहरू पहिचान गर्न,
- परिवारको पेसा, समुदायमा उत्पादित वस्तु र स्थानीय व्यापारिक केन्द्रको नाम बताउन,
- व्यक्तिगत सरसफाइ, खानपानमा ध्यान दिन र सामान्य खेलकुदमा अभ्यास गर्न,
- समुदायभित्र हुनसक्ने विपत्तिप्रति सामान्य सचेतना अपनाउन,
- परिवारको धर्म, स्थानीय चालचलन, पोसाक, मौलिक बाजा पहिचान र नृत्यको अभ्यास गर्न,
- आफ्नो विद्यालय र वडाभित्रका संस्थाको नाम, वडा सदस्य संख्या र वडाको सामान्य भूअवस्था बताउन,
- आज्ञाकारी भई घरका सामान्य कार्यमा सघाउन,
- श्रमप्रति सम्मान गर्दै फूलबारी निर्माणमा सरिक हुन ।

**कक्षा २ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- परिवारका सदस्यको नाम, आफ्नो र छिमेकी परिवारको संख्याका आधारमा तुलना, वडाको नाम नम्बर तथा कार्यालय रहेको स्थान बताउन,
- आफ्नो वरपर रहेका पानीका स्रोत, प्राणी, वनस्पतिहरू, भिरपाखा, पखेरा र चरन क्षेत्रको नाम बताउन,
- आफ्नो गाउँटोलका परम्परागत सिप र प्रविधियुक्त वस्तुहरू पहिचान गर्न,
- वडाभित्रका पेसा, उत्पादित वस्तु, पर्यटकीय स्थल, बिक्री हुने वस्तु र व्यापारिक केन्द्रको नाम बताउन,
- सामाग्रीको व्यवस्थापन, मङ्गल कामना र प्रार्थना, खानपानमा ध्यान दिन र सामान्य खेलकुदमा अभ्यास गर्न,
- समुदायभित्र हुनसक्ने माववीय र प्राकृतिक विपत्तिप्रति सामान्य सचेतना अपनाउन,
- परिवारको धर्म, स्थानीय चालचलन, पोसाक, मौलिक बाजा परिचय र नृत्यको अभ्यास गर्न,
- आफ्नो विद्यालयको परिचय, वडाका सदस्यहरूको नाम, वडाको सामान्य भौगोलिक अवस्था र वडाभित्रका संघ संस्थाको नाम बताउन,
- नातागोताको परिचय दिन र सोअनुकूल शिष्टाचार प्रदर्शन गर्न,
- श्रमप्रति सम्मान गर्दै करेसाबारी निर्माणमा सरिक र रेखदेख गर्न ।

**कक्षा ३ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- परिवार र छिमेकी परिवारका सदस्यको नाम, लैङ्गिक आधारमा वडाको जनसंख्या र वडाको सामान्य भौगोलिक अवस्थाको परिचय दिन,
- आफ्नो वरपर रहेका पानीका स्रोत, प्राणी, वनस्पतिहरू, भिरपाखा, पखेरा र चरन क्षेत्रको नाम भन्न र लेख्न,
- आफ्नो गाउँटोलका परम्परागत सिप र प्रविधियुक्त वस्तुहरू पहिचान, प्रयोग र महत्व बताउन,
- छिमेकी वडासम्मका पेसा, उत्पादित वस्तु, पर्यटकीय स्थल, बिक्री हुने वस्तु र व्यापारिक केन्द्रको नाम बताउन,
- सामाग्रीको सुरक्षा, मौलिक खानपानको तरिका, स्थानीय खेल तथा योग र ध्यानमा सहभागी हुन,
- समुदायभित्र हुनसक्ने माववीय र प्राकृतिक विपत्तिको परिचय दिन र सचेतना अपनाउन,
- समुदायका धर्म, स्थानीय चालचलन, पोसाक, मौलिक बाजा परिचय र गीतसँगै नृत्यको अभ्यास गर्न,
- विद्यालयको परिचय र वडाका सदस्यहरूको नाम लेख्न, वडाको सामान्य भौगोलिक अवस्था र वडाभित्रका संघ संस्थाका कार्यहरू बताउन,

- व्यक्तिअनुसार शिष्टाचार प्रदर्शन गर्न र पारिवारिक कार्यमा सहभागी हुन,
- श्रमप्रति सम्मान गर्दै करेसाबारी निर्माण र रेखदेख गर्न ।

**(३) तह-२ (कक्षा ४-५) का तहगत सक्षमताहरू :**

(१) आफ्नो समुदायसँग परिचित हुन र गाउँपालिकाको सामान्य भौगोलिक र जनसांख्यिक अवस्था र विशेषताको पहिचान
(२) मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूसँग परिचित भई संरक्षण र सम्बर्द्धनमा सहभागिता
(३) दैनिक जीवनमा स्थानीय, परम्परागत, आधुनिक सिप र प्रविधिको पहिचान, महत्वबोध र प्रयोग
(४) स्थानीय कृषि तथा घरेलु उत्पादन, व्यवसायका प्रकार, महत्व र उपयोगिता
(५) व्यक्तिगत तथा सामुदायिक सरसफाइ, स्थानीय भोजन, घरेलु तथा प्राथमिक उपचार, मानसिक स्वास्थ्य, स्थानीय खेलहरूको पहिचान र अभ्यास
(६) प्राकृतिक र मानवजन्य विपद् र दुर्घटनाको परिचय, प्रकारहरू तथा दुर्घटनाबाट बँच्ने उपायहरूको अवलम्बन
(७) स्थानीय चाडपर्व, चालचलन, रीतिरिवाज, भेषभूषा, गीतसंगीत र नृत्यको सिर्जनात्मक अभ्यास र सहभागिता
(८) वडा समितिको गठन तथा काम, कर्तव्य र अधिकार, सेवा प्रवाहको जानकारी
(९) मानव मूल्य र मान्यताको महत्व बोध, अभ्यास तथा सहभागिता
(१०) श्रमप्रतिको सम्मान, कृषि उत्पादन, उपयोग र बजारीकरणमा सहभागिता ।

**कक्षा ४ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- मोदी गाउँपालिकाका वडा संख्या, नाम, भौगोलिक विशेषता, वडामा बसोबास गर्ने जातजाति र विकासका पूर्वाधारको अवस्था पहिचान गर्न,
- मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाको परिचय, महत्व र संरक्षणका उपायहरू बताउन,
- स्थानीय परम्परागत सिप र आधुनिक प्रविधिको प्रयोग गर्न,
- स्थानीय पेसा व्यवसायको परिचय, आवश्यकता र महत्वसहित घरेलु तथा कृषि कार्यमा सहभागी हुन,
- सरसफाइ, स्थानीय भोजन निर्माण, स्थानीय खेलमा सहभागी हुन र प्राथमिक उपचारको ज्ञान हाँसिल गर्न,
- घर तथा विद्यालयमा हुने सम्भावित दुर्घटनाप्रति सजग रहन,
- समुदायका धर्म, स्थानीय चालचलन, पोसाक, मौलिक बाजाको परिचय र गीतसँगै नृत्यको सिर्जनात्मक अभ्यास गर्न,
- वडा कार्यलयबाट प्रदान गरिने सेवा सुविधा, वडाभित्रका संघसंसस्था, विशिष्ट व्यक्तिको पहिचान र परिचय दिन,
- स्थान विशेषको स्वागत सत्कार सहित व्यक्ति र समुदायप्रति समानुभूतिको व्यवहार प्रदर्शन गर्न,
- मौसमअनुसारका तरकारी उत्पादन र विक्री कार्यमा सरिक हुन ।

**कक्षा ५ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- मोदी गाउँपालिकाको भौगोलिक अवस्थिति, विशेषता, जनसांख्यिक बनोट, विकासका पूर्वाधारसहित हावापानीको पहिचान गरी वर्णन गर्न,
- मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाको विशेषता, उपयोगका क्षेत्र पहिचान गरी संरक्षणका उपायहरू अवलम्बन गर्न,
- स्थानीय परम्परागत सिप र आधुनिक प्रविधिको प्रयोग गरी खेर जाने वस्तुहरू पुनः प्रयोग गर्न,
- स्थानीय उत्पादनको अवस्था पहिचान गरी उत्पादन प्रक्रियामा सहभागी हुन,
- सरसफाइ, स्थानीय भोजन निर्माण, मानसिक स्वस्थताका क्रियाकलापमा सहभागी हुन,
- घर तथा विद्यालयमा हुने सम्भावित दुर्घटनाप्रति सजग र घरयासी सामग्रीको सुरक्षित प्रयोग गर्न,
- समुदायका धर्म, चालचलन, पोसाक, मौलिक बाजाको महत्व र गीतसँगै नृत्यको सिर्जनात्मक अभ्यास र प्रदर्शन गर्न,
- वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा, वडा समितिको गठन प्रक्रिया, वडाभित्रका संघसंस्था र विशिष्ट व्यक्तिको पहिचान र योगदान बताउन,
- स्थान विशेषको स्वागत सत्कार सहित समानुभूतिको व्यवहार प्रदर्शन गर्दै बाल अधिकार र कर्तव्यको पालना गर्न,
- मौसमअनुसारका तरकारी (कुनै दुई) उत्पादन गर्न ।

**(४) तह-३ (कक्षा ६-८) का तहगत सक्षमताहरू :**

(१) आफ्नो जिल्लाभित्रका स्थानीय तहहरूको भौगोलिक नक्साङ्कन, आफ्नो गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक, प्रशासनिक र जनसांख्यिक बनोट तथा भूउपयोग प्रणालीको पहिचान र विश्लेषण
(२) मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूसँग परिचित भई संरक्षण र सम्बर्द्धनमा सहभागिता
(३) स्थानीय परम्परागत, आधुनिक सिप र प्रविधिको पहिचान, महत्व, संरक्षण, सम्बर्द्धन, प्रयोग र पुस्तान्तरणमा योगदान
(४) स्थानीय उत्पादनको व्यावसायीकरण, कृषि, उद्योग र पर्यटनको अवस्था, सम्भावना र चुनौती बोध, संरक्षण र सम्बर्द्धनमा योगदान
(५) स्थानीय भोजनको निर्माण, घरेलु तथा प्राथमिक उपचार, वातावरणीय सरसफाइ, योगाभ्यास, उपभोक्ता सचेतना र तनाव व्यवस्थापन
(६) स्थानीय स्तरमा हुन सक्ने विपद्हरूको पहिचान, विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी, प्रकोप तथा विपद् व्यवस्थापनमा स्थानीय तह, समुदाय, संघसंस्थाहरूको भूमिकाको पहिचान र सहभागिता
(७) स्थानीय कला, साहित्य र धर्म, संस्कार, संस्कृतिको पहिचान, विश्लेषण, महत्वबोध, सहभागिता र प्रस्तुतीकरण
(८) स्थानीय सरकारको परिचय, गठन तथा काम, कर्तव्य र अधिकार, सेवा प्रवाहको जानकारी
(९) मानव मूल्य र मान्यताको महत्व, कर्तव्यबोध र अभ्यास साथै दैनिक जीवनमा डिजिटल एवम् वित्तीय साक्षरता र साइबर सुरक्षाको प्रयोग
(१०) श्रमप्रतिको सम्मान, स्थानीय स्तरमा उत्पादनमूलक कृषिको सम्भावनाको खोजी, सहभागिता र योगदान ।

**कक्षा ६ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- मोदी गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि, जनसांख्यिक बनोट र भूउपयोगका क्षेत्र पहिचान गरी गाउँपालिकाको नक्सा कोर्न,
- मोदी गाउँपालिकाका प्राकृतिक सम्पदा र जैविक विविधताको वर्गीकरण गरी संरक्षणका उपायहरू अवलम्बन गर्न,
- स्थानीय परम्परागत सिप र आधुनिक प्रविधिको परिचय, महत्व र उपभोग गर्न,
- स्थानीय कृषि उत्पादन, उद्योग र पर्यटनको अवस्था पहिचान र प्रवर्धन गर्न,
- स्थानीय परिकार निर्माण, वातावरणीय सरसफाइ, योग र ध्यानका आधारभूत क्रियाहरू गर्न,
- विपद्का प्रकारसँग परिचित भई प्रतिकार्यका उपायहरूसँग परिचित हुन,
- समुदायका धर्म, चालचलन, भेषभूषा, मौलिक बाजाको महत्व, प्रयोग र गीतसँगै नृत्यको सिर्जना र अभ्यास गर्न,
- स्थानीय सरकारको परिचय, गठन प्रक्रिया र योजना तर्जुमा प्रक्रियाका कार्यहरूसँग परिचित हुन,
- प्रभावकारी सञ्चार सिपसँगै समानुभूतिको व्यवहार प्रदर्शन गर्दै सामुदायिक सहयोगका क्रियाकलापहरूमा योगदान दिन,
- स्थानीय रैथाने फलफूलको उत्पादन तथा प्रकृतिमा आफै उत्पादन हुने फलफूलको पहिचान, प्रयोग र संरक्षणमा योगदान दिन ।

**कक्षा ७ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- मोदी गाउँपालिकाको भौगोलिक र जनसांख्यिक अवस्था बताउन,
- मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाको जैविक विविधता सूचीकरण गरी संरक्षणमा सहभागिता जनाउन,
- स्थानीय सन्दर्भमा परम्परागत सिप र आधुनिक प्रविधिका आधारभूत सिपहरूको प्रयोग गर्न,
- स्थानीय तथा रैथाने व्यवसायको पहिचान, संरक्षण र प्रवर्धन गर्न,
- स्थानीय परिकार निर्माण, घरेलु तथा प्राथमिक उपचार, वातावरण र तनाव व्यवस्थापन सिपको विकास गर्न,
- स्थानीय स्तरमा विपद् व्यवस्थापनको अवस्था, पूर्वतयारी र सडक दुर्घटनाबाट बँच्ने उपायहरू अवलम्बन गर्न,
- समुदायका धर्म, चालचलन, भेषभूषा, मौलिक बाजाको महत्व, प्रयोग र गीतसँगै नृत्यको सिर्जना, अभ्यास, संरक्षण र सम्बर्द्धन गर्न,
- न्यायिक समिति र बालमैत्री स्थानीय शासनको काम कर्तव्य र अधिकारसँग परिचित भई वित्तीय सुशासनको महत्व बताउन,
- साइबर नैतिकताको व्यवहार प्रदर्शन गर्न र उच्च नैतिक आचरणका साथ समुदायमा जिम्मेवारीपूर्ण व्यवहार प्रदर्शन गर्न ।
- आफ्नो स्थानीय परिवेशानुकूलका नगदेबाली उत्पादन गर्न, औषधीजन्य वस्तुको पहिचान, प्रयोग र रैथाने बिउ संरक्षणमा योगदान दिन ।

**कक्षा ८ का कक्षागत सिकाइ उपलब्धिहरू :**

- जिल्लाको भौगोलिक अवस्थासहित मोदी गाउँपालिकाको जनसांख्यिक अवस्था बताउन,
- मोदी गाउँपालिकाका प्राकृतिक स्रोतहरूको प्रयोगको अवस्था विश्लेषण गरी संरक्षणमा सहभागिता जनाउन,
- स्थानीय सन्दर्भमा परम्परागत सिप र आधुनिक प्रविधिको सुरक्षित प्रयोग गर्न,
- स्थानीय उत्पादन र पर्यटन व्यवसायले समाजमा पार्ने आर्थिक सामाजिक प्रभाव विश्लेषण गर्न,
- स्थानीय भोजन, उपभोक्ता हित सचेतना, योग, ध्यान, वातावरण प्रदूषण नियन्त्रणका उपायहरू अपनाउन,
- विपद् व्यवस्थापनका लागि स्थानीय निकाय र संघसंस्थाहरूसँग सहकार्य गर्ने सिपको विकास गर्न,
- स्थानीय सर्जकको पहिचान र परिचय, वाद्ययन्त्रको प्रयोग र साँस्कृतिक कार्यहरूमा प्रस्तुतीकरण गर्न,
- स्थानीय तहका सेवा, सुविधा र योजना तर्जुमा प्रक्रियासँग परिचित भई स्थानीय बामैत्री शुसासनका कार्यक्रममा योगदान दिन,
- परम्परागत मूल्य र मान्यताहरूको जगर्ने गर्ने, असल आचरण प्रदर्शन गर्ने र डिजिटल र वित्तीय साक्षरताका सिपहरू हाँसिल गर्न,
- श्रमप्रति सम्मान जगाई स्थानीय माटो अनुकूलका बिरुवा रोप्ने तथा पशुपंक्षी पालन गर्ने आधारभूत सिपहरू हाँसिल गर्न ।

तालिका-७
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत (कक्षा १-८)

| क्र. सं. | तह | कक्षा | पाठ्यघण्टा (Credit Hour) | वार्षिक कार्यघण्टा | पूर्णाङ्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | |
| १. | तह १ | कक्षा १-३ | ५ | १६० | ५० | ५० | १०० | |
| २. | तह २ | कक्षा ४-५ | ४ | १२८ | ५० | ५० | १०० | |
| ३. | तह ३ | कक्षा ६-८ | ४ | १२८ | ५० | ५० | १०० | |

मोदी गाउँपालिका २०८०

२.४.स्थानीय पाठ्यक्रमको क्षेत्र क्रम र सिकाइ सहजीकरण, मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

(क) तह-१ (कक्षा १-३) को क्षेत्र, क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

कक्षा १ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रकृया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ. घ. |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | १.१.१.आफू र आफ्ना बाबा आमाको नाम भन्न र लेख्न<br>१.१.२.आफ्नो परिवारको सदस्य संख्या बताउन<br>१.१.३. आफ्नो गाउँ टोल र छिमेकी टोलको नाम बताउन | • आफू र आफ्ना बाबा आमाको पूरा नाम थर<br>• आफ्नो परिवारको सदस्य संख्या<br>• आफ्नो गाउँ टोल र छिमेकी टोलको नाम | • मेटाकार्ड, गाउँटोल छिमेकी टोलको नाम चार्ट, स्लाइड, कम्प्युटर, प्रोजेक्टर | • मेटाकार्डमा आफू र आफ्ना बाबा आमाको पूरा नाम थर लेख्न लगाई साथीसँग साटासाट गरी भन्न लगाउने,<br>• आफ्नो परिवारको सदस्य संख्या भन्न लगाउने,<br>• आ-आफ्ना गाउँ टोलको नाम मेटाकार्डमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने । | • तपाईंको बाबा र आमाको नाम के हो ?<br>• तपाईंको टोलको नाम बताउनुहोस् ।<br>• तपाईंको छिमेकी टोल कुन हो ? | • तपाईंको टोलको, छिमेकी टोलको नाम, परिवार संख्या र बाबाआमाको नाम लेख्नुहोस् । | १५ |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | १.२.१.आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नदी, पोखरी, झरना, र तालको नाम बताउन<br>१.२.२.आफ्नो वरिपरि पाइने बोटबिरुवाको नाम बताउन<br>१.२.३ आफ्नो वरिपरि रहेका जीवजन्तुहरू पहिचान गर्न | • आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नदी, झरना, पोखरी र ताल<br>• आफ्नो वरिपरि पाइने बोटबिरुवाहरू<br>• आफ्नो वरिपरि रहेका जीवजन्तुहरू | • खोल्सा, खोला, नदी, झरना, पोखरी, तालका फोटा र चित्रहरू<br>• आफ्नो वरिपरि पाइने बोटबिरुवाहरू<br>• आफ्नो वरिपरि रहेका जीवजन्तुका फोटो भिडियोहरू | • खोल्सा, खोला, नदी, झरना, पोखरी र तालका फोटा र चित्रहरू देखाई छलफल गर्दै नाम बताइदिने र भन्न लगाउने,<br>• आफ्नो वरिपरि पाइने बोटबिरुवा देखाएर नाम भन्ने क्रियाकलाप गराउने<br>• आफ्नो वरिपरि रहेका जीवजन्तुका फोटो भिडियोहरू देखाएर जीवजन्तुको नाम भन्ने र चिन्न लगाउने, | • बोट बिरुवा देखाएर नाम सोध्ने<br>• जनावरको फोटो देखाएर नाम सोध्ने | • तपाईंको घरमा पालेका जनावरका नामको सूची बनाएर ल्याउनुहोस् । | १५ |
| ३. सिप र प्रविधि | १.३.१.आफ्नो गाउँ टोलका स्थानीय परम्परागत सिप र प्रविधिहरूको नाम बताउन<br>१.३.२.गाउँटोलमा प्रयोग भएका आधुनिक प्रविधियुक्त वस्तुहरूको पहिचान गर्न | • गाउँ टोलमा प्रयोग भएका ढिकी, जाँतो, हलो, हँसिया, डोको, नाम्लो, गुन्द्री आदि<br>• गाउँ टोलमा प्रयोग भएका आधुनिक प्रविधियुक्त वस्तुहरू (मोबाइल, टेलिभिजन, मिक्चर, राइसकुकर प्रेसरकुकर आदि) | • ढिकी, जाँतो, हलो, हँसिया, डोको, नाम्लो, गुन्द्री आदिको फोटो तथा भिडियो<br>• मोबाइल, टेलिभिजन, मिक्चर, राइसकुकर प्रेसरकुकर आदिको फोटो तथा भिडियो | • फोटो तथा भिडियोमा स्थानीय परम्परागत सिपमा आधारित शैक्षिक सामग्री देखाइ पहिचान गर्न र नाम बताउन लगाउने,<br>• फोटो तथा भिडियोमा आधुनिक प्रविधियुक्त सामग्री देखाई पहिचान गर्न लगाउने, | • परम्परागत सिप र प्रविधि र आधुनिक प्रविधिसँग सम्बन्धित चित्र देखाई नाम सोध्ने<br>• चित्र र नाम दिई जोडा मिलाउन लगाउने<br>• चित्र दिई खाली ठाउँमा नाम रोजेर भर्न वा लेख्न लगाउने | • घर वा छिमेकमा भएका सिप वा प्रविधिको नाम सोधेर आउनुहोस् र कक्षामा सुनाउनुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो पेसा र व्यवसाय | १.४.१.आफ्नो घर परिवारका सदस्यहरूको पेसा बताउन<br>१.४.२.आफ्नो घर तथा वरपर समुदायमा उत्पादित वस्तुहरूको नाम बताउन<br>१.४.३. आफ्नो वरपरको बजार र बिक्री हुने वस्तुहरूको नाम बताउन | • परिवारका सदस्यहरूको पेसा<br>• घर तथा वरपर समुदायमा उत्पादित वस्तुहरू<br>• आफ्नो वरपरको बजारमा बिक्री हुने वस्तुहरूको नाम | • पेसा झल्कने श्रव्यदृश्य सामग्रीहरू (विभिन्न पेसा उल्लेख भएको चार्ट, पोष्टर तथा मेटा कार्ड)<br>• स्थानीय उत्पादित वस्तुहरू | • विभिन्न पेसासँग सम्बन्धित श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गर्दै परिवारका सदस्यहरूले गर्ने पेसा बताउन लगाउने,<br>• स्थानीय उत्पादनका चित्र देखाई नाम पहिचान गर्न लगाउने,<br>• वरपरका बजारको नाम र ती बजारमा बिक्री वितरण हुने वस्तुहरू प्रदर्शन गर्दै बालबालिकालागि त्यस्ता वस्तुहरू चिन्न लगाउने । | • तपाईंका बाबा र आमाले के काम गर्नुहुन्छ ?<br>• तपाईंको घरबाट नजिकै रहेको बजारमा के के स्थानीय सामग्रीहरू देख्नुभएको छ ? | • आफ्नो परिवारका प्रत्येक सदस्यले के के काम गर्नुहुन्छ ? नाम र काम तालिकामा भर्नुहोस् । | १८ |
| ५. स्वास्थ्य पोषण र सरसफाइ | १.५.१. व्यक्तिगत सरसफाइ गर्न<br>१.५.२.आफूले खाने भोजन र परिकारको नाम बताउन<br>१.५.३. सामान्य खेलहरूको अभ्यास गर्न | • व्यक्तिगत सरसफाइ (हात र मुख धुने, कपाल कोर्ने, दाँत माझ्ने, जस्ता क्रियाकलाप)<br>• आफूले खाने भोजन र परिकारको नाम<br>• स्थानीय क्षेत्रमा खेलिने खेल (भोटे कुकुर, रुमाल लुकाई, तातो आलु, रुमाल टिपाई, मुसो बिरालो, चकलेट दौड आदि) | • साबुन, रुमाल, काइयो, ब्रस, मञ्जन<br>• घर परिवारमा दैनिक खाइने विभिन्न खानाका परिकारका चित्र (भात, दाल, तरकारी, अचार)<br>• घर तथा चमेना गृहमा तयार गरिएको कुनै खानेकुराको परिकार<br>• रुमाल, भकुण्डो, चकलेट खेल अनुसार उपयुक्त सामग्रीहरू | • शिक्षकले विद्यार्थीहरूलाई धारोमा लगेर पङ्क्तिमा उभिन लगाई पहिले हातधुने क्रियाको प्रदर्शन गर्ने र पालैपालो हात धुन लगाउने,<br>• कक्षाकोठामा कपाल कोर्ने अभ्यास गर्ने, आफूले दाँत माझ्ने काम प्रदर्शन गरी विद्यार्थीहरूलाई गर्न लगाउने,<br>• विद्यार्थीहरूलाई आफूले दैनिक खाने गरेका खाने कुराहरूका परिकार भन्न प्रेरित गर्ने,<br>• विद्यार्थीहरूको समूह बनाई आफ्नो क्षेत्रमा प्रचलित खेलहरू (भोटे कुकुर, रुमाल लुकाई, तातो आलु, रुमाल टिपाई, मुसो बिरालो, चकलेट दौड आदि) खेल्न लगाउने । | • व्यक्तिगत सरसफाइका लागि के के कुरा गर्नुपर्दछ ? बताउनुहोस् ।<br>• दाँत माझ्ने तरिका प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• तपाईंको घरमा विहान बेलुका खानेकुराहरूको नाम बताउनुहोस् ।<br>• मुसो बिरालो खेल कसरी खेलिन्छ ? खेल्ने तरिका बताउनुहोस् । | • घरमा आफ्ना दाइ दिदीहरूसँग सोधी उनीहरूले खेल्ने गरेका स्थानीय खेलहरू सिकी विद्यालयमा प्रदर्शन गर्न लगाउनुहोस् । | १५ |
| ६. विपद् व्यवस्थापन | १.६.१.घर, परिवार र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपको नाम बताउन<br>१.६.२.घरायसी परिवेशमा हुन सक्ने मानवजन्य विपत्तिहरूको नाम बताउन<br>१.६.३.विपत्तिबाट बँच्ने सचेतना अपनाउन | • घर, परिवार र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपको नाम (पहिरो, पानीका पोखरी, ताल, खोलो, आगो)<br>• घरायसी परिवेशमा हुनसक्ने मानवजन्य विपत्तिहरू (आगो, पानी, विजुली स्विच र घरायसी धारिला औजार) चलाउँदा अपनाउनुपर्ने सचेतना | • घर र समुदायमा हुने प्राकृतिक प्रकोपका चित्रहरू<br>• घरमा प्रयोग हुने धारिला औजारहरूका चित्र तथा प्रयोगसँग सम्बन्धित भिडियो क्लिपहरू | • घर, परिवार र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपका चित्र र भिडियो प्रदर्शन गर्ने र के भएको हो भनी प्रश्नोत्तर गरी भन्ने कार्यकलाप गराउने,<br>• घरायसी परिवेशमा हुन सक्ने मानवजन्य विपत्तिहरू जनाउने चित्र प्रदर्शन गरी मानवजन्य विपत्तिका नाम भन्न लगाउने । जस्तैः आगोलागी, करेन्ट लाग्नु, हँसिया आदि औजार चलाउँदा हुने घटनाको जानकारी, | • विभिन्न विपत्तिका चित्र देखाई नाम भन्न लगाउने ।<br>• आगो किन जथाभावी बाल्नु हुँदैन ?<br>• गहिरो पानीका ताल वा पोखरीमा किन जानु हुँदैन ?<br>• बिजुलीको स्विच चिसो हातले किन छुन हुँदैन ?<br>• घरायसी औजार चलाउँदा कसरी सुरक्षित हुन सकिन्छ ? | • बाढी पहिरोको चित्र खोजेर वा बनाएर कक्षामा टाँस्नुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • आगो, पानी, बिजुली स्विच र घरायसी औजार चलाउँदा के कसरी सुरक्षित हुन सकिन्छ भनी छलफल गराउने , | | | |
| ७. कला, साहित्य र धर्म, संस्कृति | १.७.१ आफ्नो परिवारले मान्ने धर्म र परिवारले मनाउने चाडपर्वको नाम बताउन<br>१.७.२ स्थानीय चालचलन र पोसाकहरूको नाम बताउन<br>१.७.३ स्थानीय स्तरमा बजाइने बाजाहरूको नाम बताउन,<br>१.७.४ सामान्य मौलिक गीतहरू (रेकर्डेड) मा नृत्यको अभ्यास गर्न | • आफ्नो परिवारको धर्म र परिवारले मनाउने चाडपर्व<br>• स्थानीय चालचलन र पोसाकहरू<br>• स्थानीय स्तरमा बजाइने बाजाहरू<br>• सामान्य मौलिक गीतहरू (रेकर्डेड) मा नृत्यको अभ्यास | • विभिन्न धर्मको नामको सूची<br>• धर्मको पहिचान झल्कने व्यक्तिको चित्र र पोसाक<br>• विभिन्न बाजाको चित्रसहितको सूची<br>• स्थानीय रेकर्डेड गीतहरू | • विभिन्न धर्म झल्कने चित्रहरू र धर्महरूको सूची प्रदर्शन गर्दै आफ्नो परिवारले अवलम्बन गरेको धर्म पहिचान गर्न लगाउने,<br>• परिवारले मनाउने चाडपर्वको नाम भन्न लगाई छिपोट गर्ने,<br>• स्थानीय मानिसले लगाउने पोसाकहरूको चित्र देखाई तिनको नाम बताइदिने,<br>• स्थानीय स्तरमा बजाइने बाजा र बाजाका चित्र देखाउँदै नाम पहिचान गर्न लगाउने,<br>• मौलिक लोक गीतहरूमा नृत्यको अभ्यास गराउने । | • तपाईंको परिवारमा कुन धर्म मान्नुहुन्छ ?<br>• तपाईंले लगाएको पोसाकको नाम के हो ? | • तपाईंको स्थानीय समुदायमा बजाइने बाजाहरू के के छन् ? बाबा आमासँग सोधेर आउनुहोस र कक्षामा सुनाउनुहोस् । | १६ |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | १.८.१.आफ्नो वडा समितिका सदस्यको संख्या बताउन<br>१.८.२. वडा कार्यालयको सामान्य भौगोलिक अवस्था (डाँडो, थुम्को, बाटो, स्थान) बताउन<br>१.८.३. आफ्नो विद्यालय सहित वडाभित्रका विभिन्न संस्थाको नाम बताउन | • वडा समितिका सदस्यको संख्या<br>• वडा कार्यालयको सामान्य भौगोलिक अवस्था (डाँडो, थुम्को, बाटो, स्थान अवस्थिति विवरण<br>• विद्यालयको नाम<br>• वडाभित्रका सरकारी र गैरसरकारी संस्थाहरू विद्यालय, स्वास्थ्यचौकी र वडा कार्यालय | • वडा समितिका सदस्यहरूको चित्र चार्ट<br>• वडाको बोर्डको तस्विरहरू<br>• वडा सम्बद्ध भिडियो सामग्रीहरू | • वडा समितिका सदस्यहरूको तस्वीर सहितको चार्ट प्रस्तुत गरी सदस्य संख्या गन्न लगाउने,<br>• वडाको भौगोलिक अवस्था झल्किने फोटा तथा भिडियोहरू प्रदर्शन गरी प्रश्नोत्तर गर्ने,<br>• भिडियो हेर्न तथा अवलोकन गर्न लगाई वडा कार्यालयको सामान्य भौगोलिक अवस्था (डाँडो, थुम्को, बाटो, स्थान) बताउन लगाउने,<br>• वडाभित्रका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयको नाम पहिचान गरी भन्न लगाउने । | • तपाईंको वडामा कति जना सदस्यहरू छन् ?<br>• तपाईंको विद्यालयको नाम के हो ?<br>• भिडियो हेरी वडा कार्यालय रहेको स्थान पहिचान गर्नुहोस् ।<br>• तपाईंको वडामा रहेका कुनै दुई वटा सरकारी संस्थाहरूको नाम बताउनुहोस् । | • तपाईको वडामा कतिवटा विद्यालय छन ? नाम सोधेर आई कक्षामा सुनाउनुहोस् । | १५ |
| ९. मानव मूल्य र मान्यता | १.९.१. कक्षाका सबै साथीहरूको बिचमा आफ्नो सामान्य परिचय दिन | • कक्षाका सबै साथीहरूको बिचमा आफ्नो सामान्य परिचय<br>• पारिवारिक नाता सम्बन्ध | • नाम उल्लेखित मेटा कार्ड, बाबाआमा, दाजुभाउजू झल्कने झलकपत्ती वा पारिवारिक तस्वीर | • शिक्षकले आफ्नो नाम बताउँदै विद्यार्थीलाई बताउन लगाउने,<br>• यसका लागि विद्यार्थीलाई गोलो घेरामा उभिएर क्रियाकलाप गराउने, | • तपाईंको नाम के हो ?<br>• तपाईंका बुबाआमाको नाम बताउनुहोस् ।<br>• हरेम दिन आफ्नो शिक्षकलाई नमस्कार गर्नुहोस् । | | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १.९.२. पारिवारिक नाता सम्बन्ध पहिचान गरी बताउन<br>१.९.३. बाबा, आमा, गुरु र मान्यजनहरूलाई शिष्टाचार गर्न<br>१.९.४. आज्ञाकारी भई घरका सामान्य काममा सघाउन | • बाबा, आमा, गुरु, दाजूभाउजू, दिदीलगायत मान्यजनहरूलाई आदरपूर्वक शिष्टाचारको भूमिका<br>• आज्ञाकारी भई घरका सामान्य काममा सघाउने कार्यको भूमिका प्रदर्शन | • नमस्कार, स्वागत, हजुर, तपाईं जस्ता आदरवाची शब्दका कार्डहरू<br>• धारा बन्द गरेको, किताव कापी जतन गरेका कार्यको चित्रपत्ती | • घरपरिवारको नाता सम्बन्ध बताउँदै चित्र प्रस्तुत गर्दै विद्यार्थीलाई भन्न लगाउने,<br>• यसका लगि भूमिका निर्वाह विधि अपनाइ नाटकीकरण गराउने,<br>• आदर सत्कारका शब्द प्रस्तुत गर्ने माथिल्लो नाटकीकरणको क्रियाकलापमा शिष्टाचार अभिवादन सिकाउने,<br>• कक्षाकोठामा सामाग्री मिलाएर राख्न लगाउने । यो हरेक दिन पालो बाँधेर रुटिन बनाइदिने र बानीको रूपमा विकास गराउने । | • कक्षाकोठामा सामाग्री मिलाएर राखे नराखेको अवलोकन गर । | | |
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | १.१०.१. फूलबारीमा मौसम अनुसारका फूलका बिरुवा सार्न र फूलको रेखदेख गर्न | • फूलबारीमा फूलका बिरुवा सार्ने र फूलको रेखदेख<br>• वर्षभरि नै फुलबारी हराभरा राख्ने गरी व्यवस्थित फूलबारीका लागि हरेक दिन पालोमा वा सबै विद्यार्थीको सहभागितामा काम<br>• घरमा र विद्यालय दुवै स्थानमा फूलबारी व्यवस्थापन | • गमला, फूलदानी, फूलका बिरुवाहरू, मल, कुटो, बाउसो, हजारी, फूलबारी बनाउने स्थान | • फूलबारीमा फूल सार्न, पानी हाल्न र गोडमेल गर्न सिकाउने,<br>• वर्षभरि नै फूलबारी हराभरा राख्ने गरी व्यवस्थित फूलबारीका लागि हरेक दिन पालोमा वा सबै विद्यार्थीको सहभागिता गराई विद्यालयमा कक्षा १ को लागि व्यवस्थित फूलबारी शिक्षक र विद्यार्थी मिलेर बनाउने,<br>• घरमा र विद्यालय दुवै स्थानमा फूलबारी व्यवस्थापन गर्दाको कामको डायरी अभिलेखीकरण गर्न सिकाउने यसका गरेका मुख्य मुख्यकाम उल्लेख भएको डायरी उपलब्ध गराउने । | • शिक्षकले विद्यार्थीको सक्रियता तथा काम र उत्पादन हेरेर रुजु सूची तथा मूल्यांकनका विविध विधिबाट वस्तुनिष्ठ मापन र मूल्यांकन गर्ने<br>• (नोटः यो एकाइ फिल्डमा गरेको कामलाई व्यवस्थित रेकर्ड राखेर मूल्यांकन गर्नुपर्ने) | • घरमा र विद्यालय दुवै स्थानमा फूलबारी निर्माण गरी र व्यवस्थापन गरेर शिक्षकले अभिलेखीकरण र मूल्यांकन गराउने । | २० |

मोदी गाउँपालिका २०८०

## कक्षा २ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | २.१.१.आफ्नो परिवारका सबै सदस्यहरूको नाम बताउन<br><br>२.१.२.आफ्नो र छिमेकी परिवारको सदस्य संख्या बताउन र तुलना गर्न<br>२.१.३.आफ्ना टोलको सामान्य परिचय बताउन<br><br>२.१.४.आफ्नो वडाको वडा नम्बर, वडा कार्यालय रहेको स्थान र वडाको नाम बताउन | • आफ्नो परिवारका सदस्यहरूको नाम<br>• आफ्नो र छिमेकी परिवारको सदस्य संख्या<br>• आफ्ना टोलको सामान्य परिचय (टोलको नाम छिमेकी टोलको नाम, घरसंख्या, धारा पँधेरो, पाटी पौवा, मन्दिर, चौतारो लगायत सार्वजनिक स्थलहरू)<br>• आफ्नो वडाको वडा नम्बर, वडाको नाम र कार्यालय रहेको स्थान, वडा अध्यक्षको नाम | • मेटाकार्ड, गाउँटोलको तस्वीर परिचय चार्ट, वडाको परिचय चार्ट<br>• स्लाइड, कम्प्युटर, प्रोजेक्टर | • मेटाकार्डमा आफ्नो परिवारका सबै सदस्यको पूरा नाम थर लेख्न लगाई पालैपालो भन्न लगाउने,<br>• आफ्नो परिवारका सदस्य र छिमेकी वा साथीको परिवारका सदस्य संख्या मेटाकार्डमा लेखी तुलना गर्न (कतिले बढी, घटी, बराबर) लगाउने,<br>• आफ्नो गाउँ टोलको परिचय मेटाकार्डमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने (टोलको नाम, छिमेकी टोलको नाम, घरसंख्या, धारा, पँधेरो, पाटी पौवा, मन्दिर, चौतारी आदिको नाम)<br>• वडाको परिचय विवरण चार्ट वा स्लाइड देखाई छलफल/प्रश्नोत्तर विधिवाट परिचय दिन लगाउने । | • तपाईंको परिवारमा कति जना हुनुहुन्छ ?<br>• तपाईंको टोलको नाम बताउनुहोस् ।<br>• तपाईंको वडाको परिचय दिनुहोस् ।<br>• तपाईंको बाजे बज्यैको नाम के के हो ?<br>• तपाईंको स्थानीय क्षेत्रमा भएका सार्वजनिक स्थलको नाम भन्नुहोस् । | • तपाईंको वडाको परिचय झल्कने तलको तालिका भर्नुहोस् :<br>विद्यार्थीको नाम : ....<br>कक्षा : ....<br>रोल नं. : ....<br>वडाको नाम : .........<br>वडा नं. : ........<br>वडा कार्यालय रहेको स्थान : ...<br>वडा अध्यक्षकोनाम : ...... | १५ |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | २.२.१.आफ्नो वडामा रहेका खोला, नदी, पोखरी र तालको नाम बताउन<br><br>२.२.२.आफ्नो वडामा पाइने बोटबिरुवा र जीवजन्तुको नाम भन्न र लेख्न<br><br>२.२.३.आफ्नो वडाभित्रका डाँडा, भिर र पाखा, पखेरा, गुफा, चरन क्षेत्र, खर्क, भञ्ज्याङ र देउरालीको नाम भन्न र लेख्न | • वडामा रहेका खोला, नदी, पोखरी र तालहरू<br>• वडामा पाइने बोटबिरुवा र जीवजन्तु आफ्नो वडा भित्रका डाँडा, भिर र पखेराहरू, चरन क्षेत्र, खर्क, गुफा | • खोल्सा, खोला, नदी, झरना, पोखरी र तालका फोटा र चित्रहरू<br>• आफ्नो वरिपरि पाइने बोटबिरुवाहरूका वास्तविक बस्तुहरू<br>• आफ्नो वरिपरि रहेका जीवजन्तुहरू का फोटो भिडियोहरू<br>• डाँडा, भिर र पखेरा, गुफा, चरन क्षेत्र जनाउने चित्र आदि । | • खोल्सा, खोला, नदी, झरना, पोखरी र तालका फोटा र चित्रहरू देखाउदै छलफल गर्दै नाम भनिदिने र भन्न लगाउने अनि लेख्न लगाउने,<br>• आफ्नो वरिपरि पाइने बोटबिरुवाहरू देखाएर नाम भन्ने क्रियाकलाप गराउने,<br>• आफ्नो वरिपरि रहेका जीवजन्तुहरू का फोटो भिडियोहरू देखाएर जीवजन्तुको नाम भन्ने र चिन्न लगाउने,<br>• आफ्नो वडा भित्रका डाँडा, भिर र पखेरा, गुफा, चरन क्षेत्र, खर्क, भञ्ज्याङ र देउरालीको नाम भन्न र लेख्ने कार्यकलाप गराउने । | • बोटबिरुवा देखाएर नाम सोध्ने<br>• जनावरको फोटो देखाएर नाम सोध्ने<br>• आफ्नो वड भित्रका डाँडा, भिर र पखेरा, गुफा, चरन क्षेत्र, खर्कको नाम भन्न, लेख्न र सूची बनाउन लगाउने | • तपाइको घर वरपर पाइने कुनै ५/५ वटा विरुवा र जीवजन्तुको नामको सूची बनाएर ल्याउनुहोस् । | १५ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. सिप र प्रविधि | २.३.१.आफ्नो वडाभित्रका स्थानीय परम्परागत सिप र प्रविधिहरूको नाम बताउन<br><br>२.३.२.गाउँटोलमा प्रयोग भएका आधुनिक प्रविधियुक्त वस्तुहरूको उपयोग बताउन | • गाउँटोलमा प्रयोग भएका स्थानीय सिप र प्रविधियुक्त वस्तुहरू ( कोल, घट्ट, चर्खा, ओखल, आरन, आदि)<br>• आधुनिक प्रविधियुक्त वस्तुहरू (मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, प्रेसरकुकर, बिजुली चिम, स्मार्ट घडी, तौल मेसिन आदि) | • कोल, घट्ट, चर्खा, ओखल, आरन, आदिको तस्बिर तथा यी उपयोग गरिएका भिडियो सामग्री<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, बिजुली चिम, स्मार्ट घडी, तौल मेसिन आदिका तस्बिर तथा यी उपयोग गरिएका भिडियो सामग्री | • कोल, घट्ट, चर्खा, ओखल, आरन, आदिको तस्बिर तथा यी उपयोग गरिएका भिडियो सामग्री देखाउँदै यिनीहरूको नाम र काम बताउन लगाउने,<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, बिजुली चिम, स्मार्ट घडी, तौल मेसिन आदिका तस्बिर तथा यी उपयोग गरिएका भिडियो सामग्रीहरू देखाउँदै यिनीहरूको नाम र काम बताउन लगाउने । | • कोल, घट्ट, चर्खा, ओखल, आरन, मोबाइल, ल्याप्टप, कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, बिजुली चिम, स्मार्ट घडी, तौल मेसिनका चित्र देखाई नाम सोध्नुहोस् ।<br>• तिनीहरूको के काममा प्रयोग हुन्छ भन्न लगाउने,<br>• काम र नाम दिई जोडा मिलाउन लगाउनुहोस् । | • तपाईंको अभिभावकसँग जाँतो, ओखल र मिक्चर के के काममा लागि प्रयोग हुन्छ ? सोधेर आउनुहोस् । | १५ |
| ४. हाम्रो पेसा र व्यवसाय | २.४.१.आफ्नो वडाभित्र अपनाइएका पेसाहरू बताउन<br><br>२.४. २.आफ्नो समुदाय र वडाभित्र उत्पादित वस्तुहरूको नाम बताउन<br><br>२.४.३.आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थल, व्यापारिक केन्द्र र विक्री हुने स्थानीय सामाग्रीहरू पहिचान गर्न | • वडाभित्र अपनाइएका पेसाहरू<br>• समुदाय र वडाभित्र उत्पादित वस्तुहरू<br>• वडाभित्र रहेका पर्यटकीय स्थल, व्यापारिक केन्द्र र विक्री हुने सामाग्रीहरू | • पेसा झल्कने श्रव्यदृश्य सामग्रीहरू (विभिन्न पेसा उल्लेख भएको चार्ट, पोष्टर तथा मेटा कार्ड)<br>• स्थानीय उत्पादनका वस्तु तथा चित्र<br>• वडाभित्रका पर्यटकीय स्थलहरूको फोटो, पोष्टर र भिडियो | • श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गर्दै आफ्नो वडाभित्रका व्यक्तिहरूले गर्ने पेसा छनौट गर्न लगाउने,<br>• स्थानीय उत्पादनका वस्तु तथा चित्र देखाउँदै नाम पहिचान गर्न लगाउने र बताउने,<br>• आफ्नो वडाभित्रका पर्यटकीय स्थलको फोटो, पोष्टर र भिडियोद्वारा जानकारी गराउने,<br>• वडाभित्रका बजारको नाम र ती बजारमा विक्रीवितरण हुने स्थानीय सामग्रीहरू प्रदर्शन गरी बालबालिकाहरूलाई त्यस्ता वस्तुहरूको नाम भन्न लगाउने । | • तपाईंको वडाभित्र बसोबास गर्ने मानिसहरूले कुनकुन पेसा गर्दछन् ? सूची बनाउनुहोस् ।<br>• तपाईंको वडाभित्र रहेका पर्यटकीय स्थलहरूको नाम बताउनुहोस् ? | • तपाईंको टोलछिमेकमा रहेका पसलमा गई त्यहाँ विक्री हुने स्थानीय वस्तुहरू के के छन्, सोधपुछ गरी सूची बनाएर कक्षामा सुनाउनुहोस् । | १८ |
| ५. स्वास्थ्य पोषण र सरसफाइ | २.५.१.व्यक्तिगत सरसफाइ गर्न, फोहोरलाई तोकिएको स्थानमा राख्न र आफ्ना सामग्रीहरू मिलाएर राख्न<br><br>२.५.२.आफू र आफ्ना साथीहरूले खाने भोजनका परिकार र खाने तरिका बताउन<br><br>२.५.३.सामान्य खेलकुदको अभ्यास गर्न | • व्यक्तिगत सरसफाइ र व्यवस्थापन<br>• आफू र आफ्ना साथीहरूले खाने भोजनका परिकार र खाने तरिका<br>• स्थानीय खेलहरू (भोटे कुकुर, रुमाल लुकाइ, चम्चा दौड, माझी दाइ, रुमाल टिपाई, , मुसो बिरालो, | • साबुन, रुमाल, काइयो, ब्रस, मञ्जन, डस्टबिन, ह्याङ्गर,<br>• विभिन्न खानाका परिकारहरूका चित्र ( भात, दाल, तरकारी, अचार)<br>• घर तथा चमेना गृहमा तयार गरिएका परिकारहरू | • शिक्षकले विद्यार्थीहरूलाई धारोमा लगेर पङ्तिमा उभिन लगाई पहिले हात धुने क्रियाको प्रदर्शन गर्ने र पालैपालो हातधुन लगाउने,<br>• कक्षा कोठामा कपाल कोर्ने अभ्यास गर्ने, दाँत माझ्ने कार्य प्रदर्शन गरी विद्यार्थीहरूलाई गर्न लगाउने,<br>• आफ्ना सामग्रीहरूलाई मिलाएर राख्ने असल वानीको विकासका लागि प्रेरित गर्ने, | • व्यक्तिगत सरसफाइका लागि के के कुरा गर्नुपर्दछ ? बताउनुहोस् ।<br>• हातधुने तरिका प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• तपाईंको आफ्नो साथीले आज केके खानेकुरा खाए ? सोधेर नाम लेख्नुहोस् । | • सरस्वती वन्दना समूहमा वाचन गरेर सुनाउनुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.५.४.मंगलकामना र प्रार्थनामा सहभागी हुन | लुकामारी, गोटा, गंगा रानी आदि ।)<br>• सरस्वती बन्दना | • भोटे कुकुर, रुमाल लुकाइ, चम्चा दौड, माझीदाइ, रुमाल टिपाई,मुसो बिरालो, लुकामारी, गोटा, गंगा रानी आदि खेलअनुसार चाहिने सामग्रीहरू<br>• सरस्वती बन्दनाको चार्ट तथा अडियो भिडियो | • विद्यार्थीहरूलाई आफूले दैनिक खाने गरेका खाने कुराहरूका परिकार भन्न प्रेरित गर्ने,<br>• विद्यार्थीहरूको समूह बनाई आफ्नो क्षेत्रमा प्रचलित नियमहरूको पालना गरी खेलहरू खेलाउने,<br>• सरस्वती बन्दनाको अडियो तथा भिडियोको प्रयोग गरी सस्वर वाचन गराउने । | • चम्चा दौडखेल कसरी खेलिन्छ ? खेल्ने तरिका बताउनुहोस् ।<br>• सरस्वती वन्दना वाचन गरेर सुनाउनुहोस् । | | |
| ६. विपद् व्यवस्थापन | २.६.१.घर, परिवार, र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपको सामान्य परिचय दिन<br><br>२.६.२. घरायसी परिवेशमा हुनसक्ने मानवजन्य विपत्तिको सामान्य परिचय बताउन<br><br>२.६.३.प्राकृतिक तथा मानवजन्य विपत्तिबाट बच्ने सचेतना अपनाउन | • घर, परिवार, र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपहरू<br><br>• घरायासी परिवेशमा हुनसक्ने मानवजन्य विपत्तिहरू<br><br>• आगो, पानी, विजुली स्विच, अग्लो स्थान र घरायसी धारिला औजार चलाउँदा अपनाउनुपर्ने सचेतनाको ज्ञान | • घर र समुदायमा हुने प्राकृतिक प्रकोपका चित्रहरू<br>• घरमा प्रयोग हुने औजारहरूका चित्र तथा भिडियो क्लिपहरू | • घर, परिवार र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोपका चित्र र भिडियो प्रदर्शन गरी के भएको हो भनी प्रश्नोत्तर गरी घटनाको नाम भन्न लगाउने क्रियाकलाप गराउने र यसको बारेमा सबै विद्यार्थीले पालैपालो भन्न लगाउने ।<br>• घरायसी परिवेशमा हुन सक्ने मानवजन्य विपत्तिहरू जनाउने चित्र प्रदर्शन गरी मानवजन्य विपत्तिका नाम भन्न लगाउने र विद्यार्थीलाई पालैपालो घरमा हुने मानव क्रियाकलापजन्य विपत्तिका नाम भन्न लगाउने, (जस्तै रुखबाट लड्नु, करेन्ट लाग्नु, तातो वस्तुले पोल्नु, धारिला हतियार चलाउँदा शरीरमा चोट लाग्नु आदि)<br>• आगो, पानी, बिजुली स्विच र घरायसी औजार चलाउँदा के कसरी सुरक्षित हुन सकिन्छ भनी छलफल गराउने । | • बाढी पहिरोबाट कसरी बँच्न सकिन्छ ?<br>• घाँस काट्न भीरमा जाँदा अपनाउनु पर्ने होसियारी के के हुन ?<br>• करेन्ट लाग्नबाट कसरी बच्न सकिन्छ ? | • कुनै मानिसलाई करेन्ट लागेर लडेको चित्र खोजेर वा खिचेर कक्षामा प्रस्तुत गर्नुहोस् ।<br><br>• बाढी पहिरोबाट बच्ने उपायहरूको सूची तयार गरी कक्षामा टाँस्नुहोस् । | १५ |
| ७. कला, साहित्य र धर्म, संस्कृति | २.७.१ घर परिवार, समुदायमा मान्ने धर्म र मनाइने चाडपर्वको सामान्य परिचय दिन | • घर परिवार समुदायमा मान्ने धर्म र मनाइने चाडपर्व | • विभिन्न धर्मको नामको सूची<br>• समुदायमा मनाइने चाडपर्वको सूची | • समुदायमा मान्ने धर्म र चाडपर्वको सूची प्रदर्शन गर्दै तिनको बारेमा छलफल तथा प्रश्नोत्तर गर्ने,<br>• घर, परिवार र समुदायका रीतिरिवाज, भेषभूषा र पोसाकको | • तपाईंको समुदायमा मान्ने धर्म र चाडपर्वहरू के के हुन् ? | • तपाईंको समुदायका विभिन्न मानिसले लगाउने पोसाकहरूको सूची तयार पार्नुहोस् । | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.७.२ घर, परिवार र समुदायका रीतिरिवाज, भेषभूषा र पोसाकको सामान्य परिचय दिन<br><br>२.७.३ स्थानीय बाजाहरूको नाम र तिनीहरूको सामान्य परिचय दिन<br>२.७.४ सामान्य मौलिक गीतहरूमा नृत्यको अभ्यास गर्न | • घर, परिवार र समुदायका रीतिरिवाज, भेषभूषा र पोसाकहरू<br>• स्थानीय बाजाहरूको नाम र सामान्य परिचय<br>• सामान्य मौलिक रेकर्डेड गीतहरूमा नृत्यको अभ्यास | • स्थानीय रीतिरिवाज झल्कने पोसाक र चित्र<br>• विभिन्न बाजाहरू र चित्र<br>• स्थानीय मौलिक रेकर्डेड गीतहरू | छुट्टाछुट्टै सूची र चित्र प्रस्तुत गरी छलफलका माध्यमबाट तिनीहरूको परिचय बताउने,<br>• विभिन्न बाजाहरू र बाजाका चित्रको माध्यमबाट स्थानीय बाजाको नाम र परिचय बताउने र बताउन लगाउने,<br>• मौलिक रेकर्डेड गीतहरूमा नृत्यको अभ्यास गराउने । | • विवाहमा बजाइने बाजाहरूको नाम बताउनुहोस् ।<br>• कुनै एक गीतमा नाचेर देखाउनुहोस् । | | |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | २.८.१. वडा समितिका सदस्यको संख्या र वडा सदस्यको नाम भन्न,<br><br>२.८.२. वडा कार्यालय रहेको स्थानको सामान्य भौगोलिक अवस्था र बाटो बताउन,<br><br>२.८.३.आफ्नो विद्यालयको नाम भन्न, लेख्न र सामान्य परिचय बताउन,<br><br>२.८.४. आफ्नो वडाभित्रका विभिन्न संस्थाको नाम रहेको स्थान बताउन । | • आफ्नो वडाको वडा समितिका संख्या र सदस्यको नाम<br>• वडा कार्यालय रहेको स्थानको सामान्य भौगोलिक अवस्था (स्थान र जाने बाटो)<br>• विद्यालयको परिचय (नाम, स्थापना मिति, तह, कक्षा, प्र.अ.को नाम, शिक्षक विद्यार्थी संख्या)<br>• वडाभित्रका सरकारी र गैरसरकारी संस्थाको नाम र अवस्थिति | • वडा समितिका सदस्यहरूको नाम सहितको चार्ट<br>• वडाको तस्विरहरू , वडासम्वद्ध भिडियो सामग्री<br>• विद्यालयको तस्विर, संघ संस्थाहरूको सूची | • आफ्नो वडाको वडा समितिका सदस्यहरूको चार्ट प्रस्तुत गरी नाम भन्न लगाउने,<br>• वडा कार्यालय रहेको स्थानको सामान्य भौगोलिक अवस्था झल्किने फोटो तथा भिडियो प्रदर्शन गरी भौगोलिक अवस्था (स्थान र जाने बाटो) बताउन लगाउने,<br>• आफ्नो विद्यालयको नाम र सामान्य परिचय देखिने चार्ट प्रस्तुत गरी भन्न लगाउने,<br>• विद्यार्थीहरूबीच समूहमा छलफल गराई वडाभित्र रहेका विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूको सूची तयार गर्न लगाउने । | • तपाईंको वडाका समितिका सदस्यको नाम भन्नुहोस् ।<br><br>• तपाईको विद्यालयबाट वडा कार्यालय रहेको स्थानसम्म जाने बाटो बताउनुहोस् ।<br><br>• तपाईंको विद्यालयको सामान्य परिचय दिनुहोस् ।<br><br>• आफ्नो वडाभित्रका संघ संस्थाहरूको सूची तयार गर्नुहोस् । | • विद्यार्थीहरूलाई आफ्नो विद्यालयका विभिन्न तथ्यहरूको अवलोकन गराई निम्न आधारमा छोटो परिचय लेख्न लगाउनुहोस् :<br><br>क) विद्यालयको नाम :<br>ख) स्थापना मिति :<br>ग) विद्यालय रहेको स्थान :<br>घ) प्रधानाध्यापकको नाम :<br>ङ) सञ्चालित कक्षा :<br>च) शिक्षक संख्या :<br>छ) विद्यार्थी संख्या : | १५ |
| ९.मानव मूल्य र मान्यता | २.९.१. कक्षाको अघिल्लो भागमा उभिएर आफ्नो सामान्य परिचय दिन<br><br>२.९.२.विभिन्न कुटम्बहरूसँगको नाता सम्बन्ध चिन्न<br><br>२.९.३.नाताअनुसार चाहिने शिष्टाचार बुझ्न र प्रदर्शन गर्न<br><br>२.९.४.आज्ञाकारी भई घरायसी कार्यमा सघाउन | • कक्षाको अघिल्लो भागमा उभिएर हाउभाउ सहितको परिचय<br>• विभिन्न कुटुम्ब र बन्धुबान्धबहरूसँगको नाता सम्बन्ध<br>• नाताअनुसार चाहिने शिष्टाचार<br>• आज्ञाकारीता | • नाम उल्लिखित मेटा कार्ड<br>• छात्रछात्राका चित्र<br>• परिवार झल्कने चित्र<br>• नाता सम्बन्ध उल्लिखित भिडियो क्लिप<br>• सरसफाइ, भान्सामा सहयोग गरेका चित्र, पोष्टरहरू | • मेटाकार्डमा नाम ठेगाना लेख्न लगाउने,<br>• शिक्षकले पनि मेटाकार्ड देखाएर आफ्नो परिचय दिई सोही बमोजिम विद्यार्थीलाई अगाडि बोलाएर परिचय दिन लगाउने,<br>• परिवारका सदस्य/कुटुम्बको नाता र नाम भन्न र लेख्न लगाउने,<br>• नमस्कार, ढोग जस्ता कार्य प्रदर्शन गर्न लगाउने, | • तपाईंको घरमा को को हुनुहुन्छ ?<br>• बाबाको नाम भन्नुहोस् ।<br>• आमाको नाम भन्नुहोस् ।<br>• तपाईंको घरमा भएका सदस्यहरूको नाम र नाता सम्बन्ध लेख्नुहोस् ।<br>• तपाईंको काका, काकी, ठूलाबा, ठूली आमा, फुपू, पुसाजुहरूको नाम र नाता सम्बन्ध लेख्नुहोस् । | • परिवारका सदस्यहरूको नाम वृक्षचित्रमा देखाएर लेखन कार्य गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • सरसफाइ, भान्सामा सहयोग गरेका चित्र, पोष्टरहरू भिडियो क्लिप देखाउँदै घरका काममा सहयोग गर्न प्रेरित गर्ने । | • घरमा आफ्नो समान आफैं मिलाएर राख्ने गर्नुहोस् । (अभिभावकसँग सोधेर मूल्यांकन) | | |
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | २.१०.१. घर र विद्यालयमा फूलबारी निर्माण र रेखदेख गर्न | • घर र विद्यालयमा फूलबारी निर्माण<br>• मौसमअनुसारका फूलका विरुवा सार्ने र रेखदेख गर्ने | • गमला, फूलदानी, फूलका बिरुवाहरू, मल, कुटो, बाउसो, हजारी, फूलबारी बनाउने स्थान | • शिक्षक तथा अभिभावकको सहयोगमा फूलबारी निर्माण गर्ने,<br>• फूलबारीमा फूल सार्न, गोडमेल गर्न, मल हाल्न र पानी हाल्न सिकाउने, हेरचाह गर्न लगाउने,<br>• विद्यालय हाताभित्र र घरमा पुराना गमला, बाल्टी आदिको सदुपयोग गरेर फूलका विरुवाहरू सारेर संरक्षण गर्ने,<br>(नोट : कक्षा १ मा शिक्षक र अभिभावकको सहयोग बढी हुने र यसमा अलिक बढी विद्यार्थीलाई सक्रिय गराउने) | • तपाईंको घर तथा विद्यालयको फूलबारीमा कुनकुन फूलका बिरुवाहरू सार्नुभएको छ ? नाम बताउनुहोस् ।<br>• विद्यार्थीको काम हेरेर अवलोकन गर्ने । | • अभिभावक, शिक्षक तथा साथीहरूको सहयोगमा फूलबारीको निर्माण गरी विभिन्न किसिमका फूलहरू सार्नुहोस् । | २० |

मोदी गाउँपालिका २०७८

**कक्षा ३ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण**

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ. |
|---|---|---|---|---|---|---|---|
| **१. मोदी गाउँपालिकाको परिचय** | ३.१.१. आफ्नो घर परिवार र छिमेकी वा साथीको परिवारका सदस्यहरूको नाम बताउन<br><br>३.१.२. लैङ्गिक आधारमा आफ्नो वडाको जनसंख्या बताउन<br><br>३.१.३.आफ्नो वडाको सामान्य भौगोलिक अवस्थाको परिचय बताउन | • आफ्नो घर परिवार र छिमेकी वा साथीको परिवारका सदस्यहरूको नाम<br>• लैंगिक आधारमा आफ्नो वडाको जनसंख्या विवरण<br>• आफ्नो वडाको सामान्य भौगोलिक अवस्थाको परिचय (नाम, ठेगाना, ठाउँ, अग्लो, होचो, सम्मो, भिरालो, वडाको मुख्य वस्ती, सडक, सिमाना अवस्थिति, मोदी गाउँपालिका केन्द्रसम्मको दुरी र वडाको विशिष्ट भौगोलिक विशेषता) | • मेटाकार्ड, वडाको लैङ्गिक जनसंख्या विवरण चार्ट वा स्लाइड,<br>• वडाको परिचय चार्ट, स्लाइड, कम्प्युटर, प्रोजेक्टर, वडाको तस्विर | • मेटाकार्डमा आफ्नो छिमेकी परिवारका सदस्यको पूरा नाम थर लेख्न लगाई भन्न लगाउने,<br>• वडाको लैङ्गिक जनसंख्या विवरण चार्ट वा स्लाइड देखाई आफ्नो वडाको लैङ्गिक जनसंख्या भन्न लगाउने,<br>• वडाको सामान्य परिचय (नाम, ठेगाना, ठाउँ, अग्लो, होचो, सम्मो, भिरालो, मुख्यबस्ती, सडक, सिमानाको पहिचान गराई) दिन लगाउने,<br>• मोदी गाउँपालिका केन्द्र दूरी चार्ट वा स्लाइड वा जीपीएस प्रयोग गरी छलफल, प्रश्नोत्तर विधि प्रयोग गरी सहजीकरण गर्ने वडाको परिचय दिन लगाउने । | • तपाइँको वडाको जनसंख्या कति छ ?<br>• तपाइँको छिमेकी साथीको बाबा आमाको नाम भन्नुहोस् ।<br>• तपाइँको वडा रहेको टोलको नाम भन्नुहोस् ।<br>• तपाइँको वडा कार्यालयदेखि मोदी गाउँपालिका केन्द्रसम्मको दूरी र जान लाग्ने समय कति हो ? | • कोष्ठकको विवरणका आधारमा तपाइँको वडाको सामान्य भौगोलिक अवस्था जनाउनुहोस् :<br>(विद्यार्थीको नाम, वडाको नाम, ठेगाना, वडा नं., जमिनको अवस्था, जनसंख्याको लैङ्गिक अवस्था, छिमेकी वडाहरू, वडा अध्यक्षको नाम, मोदी गाउँपालिका केन्द्रसम्मको दूरी, मोदी गाउँपालिका केन्द्र जान लाग्ने समय) | १५ |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ३.२.१.आफ्नो वडा र छिमेकी वडामा रहेका खोला, नदी, पोखरी, झरना र तालको नाम भन्न र सूची तयार पार्न<br><br>३.२.२.आफ्नो वडा र छिमेकी वडामा पाइने बोटबिरुवा र जीवजन्तुको नाम भन्न र सूची तयार पार्न<br><br>३.२.३.आफ्नो वडा र छिमेकी वडाका डाँडा, भिरपाखा, पखेरा, गुफा, चरन क्षेत्र, खर्कको नाम भन्न र सूची तयार पार्न | • आफ्नो वडा र छिमेकी वडामा रहेका खोला, नदी, पोखरी र ताल, झरनाहरू<br>• आफ्नो वडा र छिमेकी वडामा पाइने बोटबिरुवा र जीवजन्तुहरू<br>• आफ्नो वडा र छिमेकी वडाका डाँडा, भिरपाखा, पखेरा, गुफा, चरन क्षेत्र, खर्कहरू | • खोला, नदी, पोखरी र ताल, झरना जनाउने चित्र<br>• बोटबिरुवा र जीवजन्तुका चित्र वा भिडियो<br>• डाँडा, भिर पाखा, पखेरा, गुफा, चरन क्षेत्र, खर्कहरू जनाउने चित्र फोटो र भिडियोहरू | • आफ्नो वडा र छिमेकी वडामा रहेका खोला, नदी, पोखरी, झरना र तालको नाम भन्ने र सूची तयार पार्ने क्रियाकलाप गराउने,<br>• आफ्नो वडा र छिमेकी वडामा पाइने बोटबिरुवा र जीवजन्तुको चित्र र भिडियो देखाउँदै नाम भन्ने र सूची तयार पार्ने क्रियाकलाप गर्ने,<br>• उपलब्ध चित्र तथा भिडियोका आधारमा आफ्नो वडा र छिमेकी वडाका डाँडा, भिर र पखेरा, गुफा, चरन क्षेत्र, खर्कको नाम भन्ने र सूची तयार पार्ने छलफल विधिबाट सञ्चालन गर्ने । | • आफ्नो वडा र छिमेकी वडामा रहेका खोला, नदी, पोखरी, झरना र तालको नाम भन्नुहोस् ।<br>• आफ्नो वडा र छिमेकी वडामा पाइने बोटबिरुवा र जीवजन्तुको नाम भन्नुहोस् ।<br>• आफ्नो वडा र छिमेकी वडाका डाँडा, भिर र पखेरा, गुफा, चरन क्षेत्र, खर्कको नाम भन्नुहोस् । | • तपाइँको आफ्नो वडा र छिमकी वडाका खोलानाला, ताल, झरना, जीवजन्तु र बोटविरुवाहरूको छुट्टाछुट्टै सूची तयार पार्नुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. सिप र प्रविधि | ३.३.१. आफ्नो वडा र छिमेकी वडाहरूमा रहेका स्थानीय परम्परागत सिप र प्रविधिहरूको प्रयोग बताउन<br><br>३.३.२. गाउँटोलमा प्रयोग भएका आधुनिक प्रविधियुक्त वस्तुहरूको महत्व र प्रयोग बताउन | • स्थानीय परम्परागत सिप र प्रविधिहरू( कोल, घट्ट, चर्खा, ओखल, आरन, तान, लोरोसिलौटो, जाँतो)<br>• गाउँटोलमा प्रयोग भएका आधुनिक प्रविधियुक्त वस्तुहरू (मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, स्मार्ट घडी, ट्याक्टर, फोटोकपी मेसिन, विद्युतीय मिल आदि) को प्रयोग | • कोल, घट्ट, चर्खा, ओखल, आरन, तान लोरो, सिलौटो, जाँतोका तस्विर तथा भिडियोहरू<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, स्मार्ट घडी, ट्याक्टर, फोटोकपी मेसिन, विद्युतीय मिल आदिका तस्विर तथा यी प्रयोग भएका भिडियोहरू | • विद्यार्थीलाई आफूले देखेका प्रविधि बताउन लगाउने र कोल, घट्ट, चर्खा, ओखल, आरन, तान, भऱ्याङ, लोरो, सिलौटो जाँतोका तस्विर तथा यी प्रयोग भएका भिडियोहरू देखाई यी केके काममा प्रयोग भएका छन् भनी छलफल चलाउने तथा भन्न लगाउने,<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, स्मार्ट घडी, ट्याक्टर, फोटोकपी मेसिन, विद्युतीय मिल आदिका तस्विर तथा यी प्रयोग भएका भिडियोहरू देखाइ यी हामीलाई किन चाहिन्छ भन्ने प्रश्नमा छलफल चलाउने, जानेका कुरा भन्न लगाउने । | • कोल, घट्ट, चर्खा, ओखल, आरन, तान लोरोसिलौटोको काम लेख्नुहोस् ।<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर, स्मार्ट घडी, ट्याक्टर, फोटोकपि मेसिन, विद्युतीय मिल हामीले केके कामका लागि प्रयोग गर्छौं ? | • छिमेकीसँग अनाज कुटनी पिसनी गर्न पहिले के र अहिले के प्रयोग गर्नुहुन्छ ? कुन चाहिँ तपाईलाई राम्रो लाग्यो ? भन्ने प्रश्नमा पाँच परिवारको उत्तर सङ्कलन गरेर ल्याउनुहोस् । | १५ |
| ४. हाम्रो पेसा र व्यवसाय | ३.४.१.आफ्नो वडा र छिमेकी वडामा मानिसले अपनाएका पेसाहरूको सूची तयार पार्न<br><br>३.४.२.आफ्नो वडा र छिमेकी वडामा उत्पादित वस्तु, व्यापारिक केन्द्र र विक्री हुने सामग्रीको पहिचान गर्न<br><br>३.४.३. आफ्नो वडा र छिमेकी वडा भित्र रहेका पर्यटन स्थल, व्यापारिक केन्द्र र विक्री हुने सामाग्रीहरूको सामान्य परिचय दिन | • आफ्नो वडा र छिमेकी वडामा मानिसले अपनाएका पेसाहरू<br>• आफ्नो वडा र छिमेकी वडामा उत्पादित वस्तु, व्यापारिक केन्द्र र विक्री हुने सामग्री<br>• आफ्नो वडाभित्र रहेका पर्यटन स्थल, व्यापारिक केन्द्र र विक्री हुने सामाग्रीहरू | • पेसा झल्कने श्रव्यदृश्य सामग्रीहरू (विभिन्न पेसा उल्लेख भएको चार्ट, पोष्टर तथा मेटा कार्ड)<br>• विभिन्न पेसाहरूको सूची<br>• स्थानीय उत्पादनका वस्तु तथा चित्र<br>• पर्यटकीय स्थलहरूको फोटो, पोष्टर र भिडियो | • श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गर्दै आफ्नो र छिमेकी वडाभित्रका व्यक्तिहरूले गर्ने पेसाको सूची तयार पार्न लगाउने र थप प्रष्टताका लागि शिक्षकद्वारा तयार पारिएको सूची प्रदर्शन गर्ने,<br>• छिमेकी वडासम्मका स्थानीय उत्पादनको वस्तु तथा चित्र देखाउँदै धेरै विक्रीवितरण हुने सामग्रीको नाम पहिचान गर्न लगाउने, सामान्य जानकारी बताउने र बताउन लगाउने,<br>• आफ्नो वडाभित्रका पर्यटकीय स्थलको फोटो, पोष्टर र भिडियोद्वारा जानकारी गराई विद्यार्थीहरूलाई सो बारे बताउन लगाउने,<br>• वडाभित्रका पर्यटकीय स्थल र व्यापारिक केन्द्रको स्थलगत भ्रमण गराउने । | • आफ्नो र छिमेकी वडाका मानिसहरूले अपनाएका पेसाहरूको सूची तयार पार्नुहोस् ।<br>• तपाईंको वडा र छिमेकी वडामा के कस्ता वस्तुहरू उत्पादन भई विक्रीवितरण हुन्छन् ?<br>• तपाईंको वडाभित्र रहेका कुनै दुईओटा पर्यटकीय स्थलको छोटो परिचय दिनुहोस् । | • तपाईंको वडाभित्र कुनकुन पर्यटकीय स्थलहरू रहेका छन् नाम र सामान्य परिचय दिई परियचयभित्र निम्न विषयहरू समेट्नुहोस् :<br>(क) पर्यटकीय स्थलको नाम<br>(ख) रहेको स्थान<br>(ग) अवलोकन गर्न सकिने वस्तु तथा दृश्य | १८ |
| ५. स्वास्थ्य पोषण र सरसफाइ | ३.५.१.आफ्नो कोठा र घर वरिपरिको सरसफाइ र आफ्ना सामग्रीहरू सुरक्षा गर्न<br><br>३.५.२ स्थानीय मौलिक परिकार र तिनको खाने तरिका बताउन | • आफ्नो कोठा र घर वरिपरिको सरसफाइ र आफ्ना सामग्रीहरू सुरक्षा<br>• स्थानीय मौलिक परिकार (ढिंडो, आटो, पिठो/पुवा, सातु, मकै, गुन्द्रुक, रोटी, चाम्रे/लट्टे, खीर, खिर्चो, | • सरसफाइका लागि प्रयोग गर्न सकिने सामग्रीहरू<br>• समुदायमा दैनिक खाइने खानाका परिकारहरूको तस्विर<br>• स्थानीय खेलहरू कबड्डी, घैंटो फुटाउने, | • आफ्नो कोठा र घर वरिपरिको सरसफाइ र आफ्ना सामग्रीहरू सुरक्षाका लागि गर्नुपर्ने कार्यहरू पालैपालो बताउन लगाउने र थप प्रष्ट पारिदिने,<br>• तस्विर तथा भिडियोमार्फत् आफ्ना, टोल छिमेक तथा समुदायमा खाइने गरेका परिकार (ढिंडो, आटो, पिठो/पुवा, सातु, मकै, गुन्द्रुक, रोटी, चाम्रे/लट्टे, खिर, खिर्चो, हलुवा) र | • तपाईंले आफ्ना सामग्रीहरूको सुरक्षा कसरी गर्नुहुन्छ ? बताउनुहोस् ।<br>• समुदायमा खाइने विभिन्न परिकारमध्ये कुनै दुई परिकारको खाने तरिका बताउनुहोस् । | • आफू सुत्ने कोठाका सामग्रीहरू ठिक ठिक ठाउँमा छन् वा छैनन् अवलोकन गर्नुहोस् । उपयुक्त स्थानमा सामग्रीहरू नभएको भए उचित स्थानमा व्यवस्थापन गर्नुहोस् । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३.५.३. विभिन्न स्थानीय खेलहरूमा सहभागी हुन र अभ्यास गर्न,<br><br>३.५.४. योग, ध्यान, प्रार्थना र अभ्यास गर्न | हलुवा) र तिनको खाने तरिका<br>• स्थानीय खेलहरू ( कबड्डी, घैंटो फुटाउने, भोटे कुकुर, चुङ्गी, रुमाल टिपाई, चारकुने खेल, माखे खेल, लुकामारी,, गोटा, बोकी खेल आदि ।)<br>• ज्ञान मुद्राको अभ्यास<br>• सरस्वती वन्दना | भोटे कुकुर, चुङ्गी, रुमाल टिपाई, चारकुने खेल, माखे खेल, लुकामारी, गोटा, बोकी खेल आदि खेलका लागि आवश्यक सामग्रीहरू<br>• ज्ञान मुद्राको चार्ट<br>• सरस्वती वन्दनाको चार्ट, अडियो, भिडियो | तिनको खाने तरिका अवलोकन गरी साथीहरूका बिचमा छलफल गराउने,<br>• स्थानीय खेलहरू कबड्डी, घैंटो फुटाउने, भोटे कुकुर, चुङ्गी, रुमाल टिपाई, चारकुने खेल, माखे खेल, लुकामारी, गोटा, बोकी खेल आदि खेलहरू स्थानीय प्रचलित नियमहरूको प्रयोग गरी खेल्ने अभ्यास गराउने,<br>• शिक्षकले चार्टको सहयोगमा ज्ञानमुद्रा प्रदर्शन गरी आफूले जस्तै गरी गर्न लगाउने, (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तीनऔंला सोझो गरेर घुडा माथि राखी शान्त बस्ने)<br>• सरस्वती वन्दनाको अडियो तथा भिडियोको प्रयोग गरी सस्वर वाचन गराउने । | • तपाईंलाई मन पर्ने कुनै एक खेलको खेल्ने तरिका बताउनुहोस् ।<br>• ज्ञान मुद्रा प्रदर्शन गरी देखाउनुहोस् । | • ढिंडो, खिर, हलुवामध्ये कुनै एक परिकारका बारेमा निम्नानुसारका कार्यहरू गर्नुहोस् :<br>(क) परिकारको नाम<br>(ख) आवश्वक सामग्री<br>(ग) बनाउने तरिका<br>(घ) खाने तरिका | |
| ६. विपत् व्यवस्थापन | ३.६.१. घर, परिवार र समुदायमा हुन सक्ने प्राकृतिक प्रकोप र तिनको सामान्य असर बताउन<br><br>३.६.२.घरायसी परिवेशमा हुन सक्ने मानवजन्य विपत्तिहरूको प्रतिकार्य नमुना अभ्यासमा सक्रियतापूर्वक भाग लिन<br><br>३.६.३. विपत्तीहरूबाट जोगिने सचेतना अपनाउन | • प्राकृतिक प्रकोप र तिनको सामान्य असर<br>• मानवजन्य विपत्तिहरूको प्रतिकार्य नमुना अभ्यास<br>• आगो, पानी, विजुली स्विच, अग्लो स्थान, इलेक्ट्रोक सामग्री, ग्याँस र घरायसी धारिला औजार चलाउँदा अपनाउनु पर्ने सचेतना | • घर र समुदायमा हुने प्राकृतिक प्रकोपका चित्रहरू र घरमा प्रयोग हुने औजारहरूका चित्र तथा भिडियो क्लिपहरू | • चित्रहरू वा भिडियो प्रदर्शन गर्दै प्राकृतिक प्रकोप र तिनको सामान्य असरहरू र त्यसले निम्त्याउने मानवजन्य विपत्तिहरू र असरहरूका बारेमा छलफल गराउने,<br>• घरायासी परिवेशमा हुने आगो, पानी, बिजुली स्विच, अग्लो स्थान, इलेक्ट्रोक सामग्री, ग्याँस र घरायसी औजार चलाउँदा हुने सम्भावित दुर्घटना र त्यसबाट बँच्न अपनाउनु पर्ने सचेतनाका कुराहरू चार्टबाट छलफल गराउने ,<br>• रंगको प्रयोग गरी हातको औंला काटेको अभिनय गरी त्यसमा अर्को साथीले मलम पट्टी गरेको नमूना अभ्यास गराउने । | • बाढीपहिरोबाट पर्ने सक्ने असरहरू के के हुन ?<br><br>• खाना पकाइसकेपछि ग्याँस चुलो किन रेगुलेटरबाटै अफ गर्नुपर्छ ? | • प्राकृतिक विपत्तिको कुनै एक चित्र खोजेर त्यसमा भएका घटनाहरू वर्णन गर्न लगाउनुहोस् । | १५ |
| ७. कला साहित्य र धर्म संस्कृति | ३.७.१.घर परिवार समुदायका चाडपर्व, धर्म र संस्कृतिसँग परिचित हुन<br>३.७.२.घर, परिवार र समुदायका रीतिरिवाज, भेषभूषा, भाषा, संस्कृति र पोसाकहरूको सामान्य परिचय दिन<br>३.७.३.स्थानीय बाजाहरूको सामान्य परिचय दिन | • घर परिवार समुदायका चाडपर्व, धर्म र संस्कृति<br>• घर, परिवार र समुदायका रीतिरिवाज, भेषभूषा, भाषा, संस्कृति र पोसाकहरू<br>• स्थानीय बाजाहरू | • विभिन्न धर्मको नामको सूची<br>• समुदायमा मनाइने चाडपर्वको सूची,<br>• स्थानीय रीतिरिवाज झल्कने पोसाक र पोसाकको चित्र<br>• विभिन्न बाजाहरू, बाजाहरूको चित्र | • स्थानीय चाडपर्व, धर्म र संस्कृति झल्कने फोटा सङ्कलन गर्न लगाई सोको बारेमा छलफल गर्ने,<br>• समुदायभित्रका रीतिरिवाज, भेषभूषा, भाषा, संस्कृति र पोसाकहरूको पहिचानसँग सम्बन्धित छलफल गराई प्रष्ट पार्ने,<br>• स्थानीय बाजा र बाजाको चित्र देखाउँदै ती बाजाको प्रयोगबारे स्पष्ट पार्ने, | • तपाईंको परिवारबाहेक समुदायमा अन्य कुनकुन भाषाहरू बोलिन्छन् ?<br>• तपाईंले कुनकुन बाजाहरू देख्नु भएको छ ?<br>• एउटा गीत गाएर सुनाउनुहोस् । | • कक्षाका सबै साथीहरू मिलेर स्थानीय चाडपर्व, धर्म, संस्कृति र पोसाकहरूका चित्र, फोटा आदि सङ्कलन गरी एल्बम तयार पार्नुहोस् । | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३.७.४.सामान्य मौलिक गीतहरू आफै गाउन र नृत्यको अभ्यास गर्न | ● सामान्य मौलिक रेकर्डेड गीतहरू र नृत्यको अभ्यास | ● स्थानीय मौलिक रेकर्डेड गीतहरू | ● मौलिक रेकर्डेड गीतहरू गाउने र नाच्ने कार्यको अभ्यास गराउने । | | | |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | ३.८.१.आफ्ना वडा समितिका सदस्यहरूको नाम बताउन र लेख्न<br><br>३.८.२. वडामा भएका विभिन्न संस्थाले गर्ने सामान्य कार्यहरू बताउन | ● आफ्नो वडाको वडा समिति सदस्यको नाम<br>● विद्यालयको परिचय ( नाम, स्थापना मिति, तह कक्षा, प्र.अ.को नाम, विद्यार्थी/शिक्षक संख्या)<br>● वडाभित्रका सरकारी र गैरसरकारी संस्था (जस्तै स्कुल, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह आदि) को नाम, ठेगाना र मुख्य काम | ● वडा समितिका सदस्यहरूको नाम सहितको चार्ट, वडाको तस्बिरहरू, वडा सम्बद्ध भिडियो सामग्रीहरू, वृत्तचित्रहरू,<br>● विद्यालयको तस्विर संघसंस्थाहरूको ठेगाना सहितको सूची | ● आफ्नो वडाको वडा समितिका सदस्यहरूको चार्ट प्रस्तुत गरी नाम भन्न र लेख्न लगाउने,<br><br>● वडाभित्र भएका सरकारी (स्कुल, स्वास्थ्य चौकी आदि) तथा गैर सरकारी संस्थाहरू ( आमा समूह, बालक्लब, युवा क्लव, धार्मिक संख्या आदिको) को सूची तयार गरी छोटो परिचय लेख्न लगाउने । | ● तल उल्लेखित प्रश्न र क्रियाकलापका आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>(क) तपाईं रहेको वडाका समितिका सदस्यहरूको नाम लेख्नुहोस् ।<br>(ख) तपाईंको वडामा भएका विभिन्न संस्थाहरूको नाम र कार्यहरूको सूची तयार गर्नुहोस् । | ● विद्यार्थीहरूलाई विद्यालय नजिकैको कुनै एउटा सरकारी संस्थाको अवलोकन भ्रमण गराई तलका बुँदाहरूका आधारमा छोटो परिचय लेख्न लगाउनुहोस् :<br>क) भ्रमण गरेको संस्थाको नाम<br>ख) रहेको स्थान<br>ग) स्थापना साल<br>घ) संस्था प्रमुखको नाम<br>ङ) संस्थाले गर्ने प्रमुख कार्य | १५ |
| ९.मानव मूल्य र मान्यता | ३.९.१. आफू र आफ्नो साथीको परिचय दिन<br><br>३.९.२.टोल छिमेकी, कुटुम्ब र बन्धुहरूसँगको नाता सम्बन्ध चिन्न, र शिष्टाचार सहित सम्बोधन गरेर बोलाउन<br><br>३.९.३.परिवारका सदस्यहरूसँग पारिवारिक कार्यमा सरिक हुन | ● आफू र आफ्नो साथीको परिचय<br>● टोल छिमेकी, कुटुम्ब र बन्धुहरूसँगको नाता सम्बन्ध सम्बोधनका तरिका<br>● टोल छिमेकी, कुटुम्ब र बन्धुहरूसँगको नाता र शिष्टाचार शैली<br>● पारिवारिक कार्यमा सरिक | ● मेटाकार्ड<br>● पारिवारिक चित्र,<br>● परिवारका सदस्यहरूको फोटो<br>● नमस्कार, ढोग, आर्शीवाद आदि भएका चित्रपत्तीहरू<br>● पारिवारिक कार्य सबैले मिलेर गरेको भिडियो | ● विद्यार्थीलाई आफ्नो नामथर, ठेगाना, कक्षा, रोल नं मेटा कार्डमा लेख्न लगाई पालैपालो पहिला आफ्नो परिचय त्यस पछि एकजना साथीको परिचय दिन लगाउने,<br>● आफ्ना कक्षाका दुई जना साथीको परिवारका सदस्यहरूको नाम र नाता सम्बन्ध भन्न लगाउने, यसमा विभिन्न नाता सम्बन्धलाई शिष्टाचार सहित सम्बोधन गरेर बोलाउनका लागि अभिनय विधिबाट कक्षा क्रियाकलाप गराउने,<br>● शिष्टाचारको अभिनय गर्न लगाउने,<br>● घर परिवारमा फुर्सदको समयमा घरायसी काममा सहयोग गर्न उत्प्रेरित गर्ने । | ● तपाईंको मिल्ने साथीको परिचय दिनुहोस् ।<br>● कक्षाकार्य गराइरहेको समयमा शिष्टाचार सम्बोधनका शैलीहरू व्यक्त गरेका बेला प्रभावी र मनोक्रियात्मक क्षेत्रका पक्ष अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>● परिवारका सदस्यहरूको फोटो देखाउन लगाई नाता र सम्बोधन गर्ने तरिका भन्न लगाउने । | ● तपाईंको घरपरिवारका सदस्यको नाम र सम्बन्ध खुलाई निम्न आधारमा सूची तयार पार्नुहोस् ।<br>(क) नाम :<br>(ख) ठेगाना :<br>(ग) उमेर :<br>(घ) सम्बन्ध : | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ३.१०.१. घर तथा विद्यालयमा करेसाबारी निर्माण कार्यमा सहभागी हुन र रेखदेख गर्न<br><br>३.१०.२. घर तथा विद्यालयमा करेसाबारीमा मौसम र स्थान अनुसारका तरकारी उत्पादन गर्न | ● घर तथा विद्यालयमा करेसाबारी निर्माण कार्यमा सहभागीता र रेखदेख (मौसम र स्थान अनुसारका तरकारीका विरुवा सार्ने, मल हाल्ने, पानी हाल्ने, झार फाल्ने, तरकारी टिप्ने)<br>● विद्यालय वा घरमा रैथाने प्रजातिको खुर्सानी वा धनिया उत्पादन | गमला, मल, कुटो, बाउसो, हजारी, खुर्सानी र धनियाको बिउ तथा मौसम र स्थान अनुसारका बिरुवा | ● करेसाबारी बनाउने कार्यमा सहयोग गर्ने,<br>● करेसाबारी खन्न, झार फाल्न, मल हाल्न, बिउ छर्न तथा विरुवा सार्न र रेखदेख गर्न सिकाउने,<br>● हजारी र अन्य प्रविधिको प्रयोग गरी बियाड र विरुवामा पानी हाल्न र गोडमेल गर्न सिकाउने,<br>● विद्यालयमा करेसाबारीमा मौसम र स्थान अनुसारका तरकारी उत्पादन गर्न लगाउने । | ● करेसाबारीमा काम गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्ने । | ● घरका सदस्यहरूको सहयोगमा घरमा करेसाबारी निर्माण गरी खुर्सानीका बिरुवा सार्नुहोस् ।<br><br>● परिवारको सहयोग लिई घरमा धनियाको बिउ जमाउनुहोस् । | २० |

मोदी गाउँपालिका २०७८

(ख) तह-२ (कक्षा ४-५) को क्षेत्र, क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

## कक्षा ४ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ. |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | ४.१.१.मोदी गाउँपालिकाका वडा संख्या, नाम र भौगोलिक विशेषता बताउन<br>४.१.२.मोदी गाउँपालिकामा बसोबास गर्ने जातजातिको सूचीकरण गर्न<br>४.१.३.मोदी गाउँपालिकाका विकासका पूर्वाधारहरू पहिचान गर्न<br>४.१.४.मोदी गाउँपालिकाको भौगोलिक अवस्थितिको पहिचान गर्न | • मोदी गापाका वडा संख्या, नाम र भौगोलिक विशेषता<br>• मोदीमा बसोबास गर्ने जातजातिको सूचीकरण<br>• मोदीका विकासका पूर्वाधारहरू (सडक, यातायात, विद्युत, खानेपानी शिक्षा, स्वास्थ्य, संचार)<br>• मोदी भित्रका विभिन्न स्थानको दिशा पहिचान ( उच्च स्थानहरू : हम्पालको लेक, कोखे डाँडा, माटेको लेक, भँमरकोट, मैदानचुली, पञ्चासे लगायत र होचा स्थानहरू : डिमुवा, पातिचौर, अम्बोट, दोबिल्ला) जस्ता स्थानहरूको दिशा र उचाइसम्बन्धी जानकारी | • मेटाकार्ड, मोदी गापाको नक्सा<br>• मोदी गापाका जातजाति सूची चार्ट<br>• विकासका पूर्वाधारको सूची तालिका, स्लाइड, कम्प्युटर, प्रोजेक्टर | • मोदी गापाको वडा विभाजित नक्सा देखाई वडा संख्या र भौगोलिक विशेषताबारे छलफल र प्रश्नोत्तर गराउने,<br>• मोदी गापाका भौगोलिक विशेषता पालो पालो विद्यार्थीलाई प्रश्नोत्तर गर्दै सेतोपाटीमा टिपोट गरी देखाई छलफल, प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• मोदी गापाका जातजातिगत सूची, चार्ट वा स्लाइड प्रस्तुत गरी छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• मोदी गापाका विकासका पूर्वाधार सूची, चार्ट वा स्लाइड प्रस्तुत गरी छलफल प्रश्नोत्तर गरी गराई सहजीकरण गर्ने,<br>• मोदी गापाको स्वतन्त्र नक्साङ्कन अभ्यास गराउने,<br>• मोदी गापाका अग्ला, होचा, ठाउँहरू नक्सामा वा भिडियो क्लिप, जीपीएसबाट देखाई ठाउँहरू भन्न लगाउने । | • मोदी गापाको वडासंख्या कति छ ?<br>• मोदी गापाका कुनै दुई भौगोलिक विशेषता भन्नुहोस् ।<br>• मोदी गापाका मुख्य जातजातिको नाम भन्नुहोस् ।<br>• मोदी गापाका विकासका पूर्वाधार के के हुन् ?<br>• मोदी गापाको सबैभन्दा अग्लो ठाउँ कुन हो ?<br>• मोदी गापाको सबैभन्दा होचो ठाउँ कुन हो ? | • मोदी गापाको नक्सा कोरी वडाको विभाजन देखाई प्रशासनिक केन्द्र, उच्च स्थान हम्पालको लेक, कोखे डाँडा, माटेको लेँक, भँमरकोट, मैदानचुली, पञ्चासे लगायत र होचा स्थान डिमुवा, पातिचौर, दोबिल्ला जस्ता स्थान देखाउनुहोस् । | १५ |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ४.२.१.मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूकाको परिचय दिन<br>४.२.२. गाउँपालिकाका प्राकृतिक सम्पदा ( जलसम्पदा र वनसम्पदा) को महत्व बताउन | • मोदी गाउँपालिकाका जमिन, जलसम्पदा, जंगल, जडीबुटी, खनिजहरू<br>• प्राकृतिक सम्पदा (जल सम्पदा र वनसम्पदा) को आवश्यकता र महत्व<br>• प्राकृतिक सम्पदाहरूका संरक्षणका उपायहरू ( भूसंरक्षण, पानीका स्रोतहरू, वृक्षारोपण, | • मोदी गाउँपालिकाका प्राकृतिक सम्पदा ( जलसम्पदा र वनसम्पदा) को आवश्यकता दर्शाउने चार्ट, तालिका, भिडियोहरू आदि<br>• प्राकृतिक सम्पदा संरक्षणका विशेष कार्यहरूको भिडियो | • चित्र भिडियो आदि प्रदर्शन गरी छलफल विधिबाट मोदीगाउँ पालिकाका प्राकृतिक सम्पदाहरूको परिचय गराउने,<br>• गाउँपालिकाका प्राकृतिक सम्पदाहरू ( जलसम्पदा र वनसम्पदा) को महत्वमाथि छलफल गराउने र शिक्षकले निष्कर्ष दिने,<br>• प्राकृतिक सम्पदाहरूको संरक्षणका विशेष भिडियोहरू देखाई संरक्षणका उपायहरूका बारेमा छलफल गरी निष्कर्ष निकाल्ने । | • तपाईंको क्षेत्रमा भएका कुनै ४ प्राकृतिक सम्पदाहरूकाको नाम भन्नुहोस् ।<br>• वनसम्पदाको महत्व भन्नुहोस् ।<br>• जलसम्पदाको आवश्यकता लेख्नुहोस् ।<br>• हाम्रा प्राकृतिक सम्पदाहरूको कसरी संरक्षण गर्न सकिन्छ? | • मोदी गाउँपालिकाका विभिन्न प्राकृतिक सम्पदाका चित्रहरू संकलन गरी कक्षामा टाँस्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४.२.३. प्राकृतिक सम्पदाहरूको संरक्षणका उपायहरू बताउन | खनिज, जडीबुटी, सीमसार क्षेत्र) | | | | | |
| ३. सिप र प्रविधि | ४.३.१.स्थानीय स्तरमा पाइने परम्परागत सिपहरूको प्रयोग गरी सामग्रीहरू निर्माण र प्रयोग गर्न<br><br>४.३.२. आधुनिक सिप र प्रविधिको प्रयोग गर्न | • स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरूको निर्माण (दुना, टपरी, कुचो, कागज वा प्लास्टिकका फूलहरूको निर्माण)<br>• घरायसी विद्युतीय उपकरणहरू (मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर आदि) को प्रयोग | • दुना, टपरी, कुचो, कागज वा प्लास्टिकका फूलहरू वास्तविक वस्तुहरू<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर आदि प्रयोग गरिएका तस्विर तथा भिडियोहरू | • दुना, टपरी, कुचो, कागज वा प्लास्टिकका फूलहरू र वास्तविक वस्तु देखाई शिक्षकले ती सामग्री निर्माणका लागि डेमो देखाई सँगसँगै विद्यार्थीलाई कक्षा मै तयार गर्न लगाउने,<br>• मोबाइल, ल्याप्टप/कम्प्युटर, टेलिभिजन, मिक्चर, राइसकुकर आदि वास्तविक वस्तु र तस्विर तथा भिडियोहरू प्रदर्शन गरी सम्भव हुने सामग्री कक्षा मै प्रयोगको अभ्यास गराउने । | • निश्चित समय र सामग्री उपलब्ध गराई दुना वा कागजको फूल तयार गर्न लगाउने ।<br>• मोबाइल दिई प्याटन खोल्न, फोन गर्न, क्यालकुलेटर, टर्च आदि अन गर्न लगाउने । | • तपाईंले घरमा टेलिभिजन वा मिक्चर वा राइसकुकर अभिभावकको सहयोगमा प्रयोग गरेको ३ मिनेटको भिडियो बनाई बाबा आमाको सहयोगले विषय शिक्षकलाई डिजिटल माध्यमबाट पठाउनुहोस् । | ९ |
| ४. हाम्रो पेसा र व्यवसाय | ४.४.१. स्थानीय पेसा व्यवसायको परिचय दिन र पेसाका प्रकार छुट्याउन<br><br>४.४.२. स्थानीय उत्पादनको आवश्यकता र महत्व बताउन<br><br>४.४.३. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू पहिचान गर्न | • स्थानीय पेसाको परिचय र प्रकार (कृषि, घरेलु तथा साना उद्योग, व्यापार, सेवा क्षेत्र)<br>• स्थानीय उत्पादनको आवश्यकता र महत्व<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलहरू ( पञ्चासे, भमरकोट, भुक नमुना गाउँ, माटेलेक, सानदह, होमस्टे आदि) | • पेसाको वर्गीकरण सूची<br>• स्थानीय पेसासँग सम्बन्धित फोटा र भिडियो<br>• स्थानीय उत्पादनका चित्र<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलका वृत्तचित्र, भिडियो क्लिप र तस्विरहरू | • स्थानीय पेसाहरूको परिचय दिई पेसाका प्रकारहरूको सूची प्रस्तुत गर्ने,<br>• पेसासँग सम्बन्धित फोटा र भिडियोको प्रदर्शन गरी छलफलका माध्यमबाट स्थानीय उत्पादनको आवश्यकता र महत्वलाई टिपोट गर्न लगाउने,<br>• गाउँपालिकाभित्रका पर्यटकीय स्थलका वृत्तचित्र, भिडियो, तस्विर प्रदर्शन गरी पहिचान गर्न लगाउने,<br>• नजिकैको पर्यटकीय स्थलको अवलोकन भ्रमण गराई विशेषतासँग परिचित गराउने । | • विभिन्न पेसाहरूको वर्गीकरण गर्नुहोस् ।<br>• स्थानीय उत्पादको आवश्यकता र महत्व बताउनुहोस् । | • गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको वडागत अवस्थिति सहितको सूची तयार पार्नुहोस् । | १२ |
| ५. स्वास्थ्य, पोषण र सरसफाइ | ४.५.१ व्यक्तिगत तथा सामुदायिक सरसफाइ गर्ने उपाय बताउन तथा सहभागी हुन<br><br>४.५.२ स्थानीय भोजन निर्माणका लागि आवश्यक सामग्रीहरूको पहिचान गर्न | • व्यक्तिगत तथा सामुदायिक सरसफाइ<br>• स्थानीय भोजन निर्माणका लागि आवश्यक सामग्रीहरू<br>• स्थानीय खेलहरू (साङ्लो लखेटाई, आठकाट कुन काठ, चारकुने खेल, नौ ढुङ्गे (लक्कु ढाल), हात्ती | • सरसफाइसम्बन्धी विभिन्न चार्टहरू तथा सामग्रीहरू<br>• स्थानीय परिकारका लागि उपलब्ध हुन सक्ने खाद्य वस्तुहरू<br>• स्थानीय खेल अनुसारका आवश्यक सामग्रीहरू | • विद्यार्थीहरूलाई पालैपालो आ-आफ्ना साथीहरूको व्यक्तिगत सरसफाइ निरीक्षण गर्न लगाउने,<br>• आफ्नो कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइ गर्न लगाउने,<br>• स्थानीय खेलहरू साङ्लो लखेटाई, आठकाट कुन काठ, चारकुने खेल, नौ ढुंगे (लक्कु ढाल), हात्तीलखेटाई, खोपी, गुच्चा, बोकी खेल, गोटा | • व्यक्तिगत सरसफाइ भनेको के हो र कसरी गर्न सकिन्छ ?<br>• सामुदायिक सरसफाइमा तपाईंले के गर्न गर्नुहुन्छ ?<br>• स्थानीय भोजनका परिकारका लागि आवश्यक खाद्य वस्तुहरू केके हुन् ? साथै ती खाद्य वस्तुहरू कसरी तयार गर्न सकिन्छ ? | • तपाईंको समुदायमा हुने सामुदायिक सरसफाइ कार्यक्रममा सहभागी भई निम्नानुसारका कार्यहरू गर्नहोस् :<br>(क) कार्यक्रमको मिति<br>(ख) कार्यक्रम स्थल<br>(ग) सहभागी व्यक्तिको संख्या<br>(घ) गरेका कार्यहरू | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४.५.३ विभिन्न स्थानीय खेलहरूमा सहभागी हुन र अभ्यास गर्न<br>४.५.४ घरेलु र प्राथमिक उपचारका बारेमा बताउन | लखेटाई, खोपी, गुच्चा, बोकी खेल, गोटा आदि)<br>• घरेलु र प्राथमिक उपचार | • घरेलु उपचारमा प्रयोग हुने जडिबुटी र प्राथमिक उपचारका सामग्रीहरू | आदि खेलको खेल्ने तरिका प्रदर्शन गर्दै अभ्यास गर्न लगाउने,<br>• घरेलु उपचार र प्राथमिक उपचारको अर्थ र परिभाषा बताइदिने । | • साङ्लो लखेटाई, आठकाट कुन काठ, चारकुने खेल, नौ ढुङ्गे (लक्कु ढाल) खेल, हात्ती लखेटाई, खोपी, गुच्चा, गोटा, बोकी खेल आदि खेलका नियम, खेल सामग्री तथा खेल्ने सिपहरू बताऊ ।<br>• घरेलु उपचार भनेको के हो ?<br>• प्राथमिक उपचार भनेको के हो ? | (ङ) कार्यक्रमबाट प्राप्त सिकाइ | |
| ६. विपद् व्यवस्थापन | ४.६.१ प्राकृतिक र मानवजन्य विपद्को परिचय दिन<br>४.६.२ दुर्घटनाको परिचय र प्रकार बताउन<br>४.६.३ घर तथा विद्यालयमा सुरक्षित रहने उपायहरू अवलम्बन गर्न | • प्राकृतिक विपद् (चट्याङ, पहिरो, बाढी, भूकम्प आदि)<br>• मानवजन्य विपद् (विद्युत सर्ट, आगलागी, ग्याँस लिक आदि)<br>• दुर्घटनाको परिचय र प्रकार<br>• घर तथा विद्यालयमा सुरक्षित रहने उपायहरू | • चट्याङ, पहिरो, बाढी, भूकम्प आदिका चित्र तथा भिडियोहरू<br>• विद्युत सर्ट, आगलागी, ग्याँस लिग भएका चित्र तथा भिडियोहरू<br>• दुर्घटनाका प्रकार उल्लेख भएको चार्ट<br>• घर तथा विद्यालयमा सुरक्षित रहने उपाय जनाउने चार्टहरू | • चित्र तथा भिडियोको सहायताले विद्यार्थीलाई समूहगत छलफल गराउँदै प्राकृतिक विपद् चट्याङ्ग, पहिरो, बाढी, भूकम्प भनेको के हो भनी परिभाषित गर्न र निष्कर्ष निकाल्न सहजीकरण गर्ने,<br>• चित्र तथा भिडियोको सहायताले विद्यार्थीलाई समूहगत छलफल गराउँदै मानवजन्य विपद् विद्युत सर्ट, आगलागी, ग्याँस लिक जस्ता कुराहरूबाट आइपर्ने समस्याहरूका बारेमा छलफल गराउने,<br>• दुर्घटनाको प्रकार उल्लिखित चित्र, चार्ट वा भिडियो देखाउँदै शिक्षण सहजीकरण गर्ने,<br>• घर तथा विद्यालयमा सुरक्षित रहने उपायहरूको चार्ट विद्यार्थीलाई बनाउन लगाउने र विश्वव्यापी प्रचलन शिक्षकले खोजेर निष्कर्ष दिने । | • चट्याङ भनेको के हो ? यसबाट बँच्ने उपायहरू केके हुन् ?<br>• तपाईंको घरमा अकस्मात् विद्युत् सर्ट भएर आगलागी भएमा पहिला के गर्नु हुन्छ ?<br>• विद्यालय समयमा अकस्मात भूकम्प आउँदा कसरी सुरक्षित रहन सकिन्छ ? | • घर तथा विद्यालयमा विद्युत्बाट सुरक्षित रहने उपायहरूको चार्ट तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | ९ |
| ७. कला, साहित्य र धर्म, संस्कृति | ४.७.१. स्थानीय चाडपर्वको परिचय र महत्व बताउन<br>४.७.२ स्थानीय चालचलन, रीतिरिवाज र भेषभूषासँग परिचित भई सो अनुसारको व्यवहार प्रदर्शन गर्न | • स्थानीय चाडपर्वको परिचय र महत्व (हरेलो, कुलपूजा, भूमेपूजा, झाँकीपूजा आदि)<br>• स्थानीय चालचलन, रीतिरिवाज र भेषभूषा (झारा/श्रमदान), ऐँचोपैँचो, सङ्गुते/परेली आदि)<br>• स्थानीय गीत संगीतको सिर्जनात्मक अभ्यास | • स्थानीय चाडपर्व झल्कने चित्र र भिडियो<br>• विभिन्न जातीय पोसाकहरू<br>• स्थानीय मौलिक गीतहरूको अडियो र भिडियो | • स्थानीय चाडपर्वहरू सम्बन्धी पूर्व ज्ञान लिँदै थप चित्र तथा भिडियोको सहजीकरण मार्फत् तिनीहरूको परिचय र महत्व स्पष्ट पारिदिने,<br>• स्थानीय र जातीय भेषभूषा र पोषाकको प्रदर्शन गराई (चित्र) विभिन्न साँस्कृतिक कार्यक्रमहरूमा प्रयोग गर्न सिकाउने/सहभागी गराउने,<br>• स्थानीय गीत सङ्गीतको सङ्कलन गर्न लगाई व्यक्तिगत र सामूहिक रूपमा गाउने अभ्यास गराउने । | • स्थानीय चाडपर्वको परिचय तथा महत्व बताउनुहोस् ।<br>• कुनै एउटा स्थानीय गीत समूहमा गाएर सुनाउनुहोस् । | • तपाईंको समाजमा कुलपूजा, भूमेपूजा, झाँक्रीपूजा र साँस्कृतिक कार्यक्रमहरूमा कस्ता कस्ता भेषभूषा र पहिरन लगाइन्छ ? आफूभन्दा ठूला अग्रज व्यक्तिसँग सोधेर सूची तयार पार्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४.७.३ स्थानीय गीत सङ्गीतको सिर्जनात्मक अभ्यास गर्न | | | | | | |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | ४.८.१ वडा कार्यालयमा हुने घटना दर्ताबारे बताउन<br><br>४.८.२. वडाभित्र भएका सरकारी तथा गैरसरकारी संस्थाहरूको नाम र परिचय बताउन<br><br>४.८.३. आफ्नो वडाभित्रका विशिष्ट स्थानीय व्यक्तित्वहरूको पहिचान र योगदान बताउन | • वडा कार्यालयका कामहरू (घटना दर्ताका ५ वटा कार्य)<br>• वडाभित्र भएका सरकारी ( स्कुल, स्वास्थ्य चौकी आदि) तथा गैर सरकारी संस्थाहरू (आमा समूह, बालक्लब, युवा क्लव, धार्मिक संस्था आदि) को नाम र परिचय<br>• वडाभित्रका विशिष्ट व्यक्तिहरू (शैक्षिक, सामाजिक, सांस्कृतिक लगायत विविध क्षेत्रमा योगदान पुऱ्याउने) को पहिचान र योगदान | • वडा कार्यालयका कार्यहरू झल्किने चार्ट<br>• विद्यालय तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको परिचय विवरण चार्ट/तस्विर तथा भिडियोहरू<br>• स्थानीय विशिष्ट व्यक्तिहरूको फोटो | • घटना दर्ताका ५ वटा कार्यहरू उल्लेख भएको चार्ट प्रस्तुत गरी विद्यार्थीहरूलाई छलफल गराउने,<br>• वडाभित्र भएका सरकारी (स्कुल, स्वास्थ्य चौकी आदि) तथा गैरसरकारी संस्थाहरू (आमा समूह, बालक्लब, युवा क्लव, धार्मिक संस्था आदि) को नाम र परिचय विवरण चार्ट/भिडियो देखाई प्रश्नोत्तर र छलफल गराउने,<br>• गाउँपालिकाका शैक्षिक, सामाजिक सांस्कृतिक लगायत विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूको योगदानको खोजी गर्न लगाउने । | • तपाईंको वडा कार्यालयबाट प्रदान गरिने घटना दर्ताका ५ ओटा कार्यहरूको सूची बनाउनुहोस् ।<br>• तपाईंको वडाभित्र भएका सरकारी तथा गैरसरकारी संस्थाको परिचय दिनुहोस् ।<br>• आफ्नो वडाभित्रका कुनै एक जना विशिष्ट स्थानीय व्यक्तित्वहरूको नाम उल्लेख गरी योगदान बताउनुहोस् । | • विद्यार्थीहरूलाई आफ्नो वडा भित्रका एक जना विशिष्ट स्थानीय व्यक्तित्वसँग भेट गराई निम्न तथ्यहरू सोधेर टिपोट गर्न लगाउनुहोस् ।<br>(क) विशिष्ट व्यक्तिको नाम<br>(ख) उमेर<br>(ग) संलग्नता<br>(घ) प्रमुख कार्यहरू | १२ |
| ९. मानव मूल्य र मान्यता | ४.९.१. मानव मूल्य र मान्यताको परिचय दिन<br><br>४.९.२. समानुभूतिको व्यवहार प्रदर्शन गर्न<br><br>४.९.३. अतिथिको आदर, सत्कार, स्वागत र सम्मान गर्न | • मानव मूल्य र मान्यता<br>• सहानुभूति र समानुभूतिको व्यवहार<br>• आदर, सत्कार, स्वागत र सम्मान | • गर्न हुने र नहुने कार्यको चार्ट<br>• समानुभूतिको भाव सहितको चित्रकथाको चार्ट<br>• अभिवादनका शैली जनाउने चित्र तथा भिडियो सामग्रीहरू | • गर्न हुने र नहुने कार्यको चार्टमार्फत् असल र खराब बानीहरूको बारेमा छलफल गर्ने,<br>• मानव मूल्य मान्यताका चित्र कथा तयार गरी प्रस्तुत गर्ने,<br>• ठुलोलाई आदर सानोलाई माया गर्ने कथाहरू प्रस्तुत गर्ने,<br>• सामाजिक कार्यमा योगदान पुऱ्याएका व्यक्तिहरूको परिचयका बारेमा छलफल गर्ने,<br>• घरपरिवारमा अतिथि आउँदा अभिभावकले गरेको आदर सत्कारका विषयमा छलफल गराउने र आफूले पनि कसरी आदर सत्कार गर्ने भन्ने कुरा आत्मसात् गराउने । | • मानिसले गर्न हुने र नहुने कार्यहरू के के हुन् ? तालिका निर्माण गर्नुहोस् ।<br>• तपाईंको कक्षामा सबैभन्दा अनुशासित साथी को हो ? किन ?<br>• तपाईंको मिल्ने साथीको घरमा साथीको हजुरबुबा बित्नुभएको रहेछ । रोइरहेको साथीलाई तपाईं कसरी सम्झाउनुहुन्छ ? अभिनय प्रस्तुत गर्नुहोस् ।<br>• घरमा आएका अतिथिलाई तपाईं कसरी सम्मान गर्नुहुन्छ ? | • विद्यालयमा गर्न हुने र नहुने कार्यको प्ले कार्ड बनाई शिक्षकको सहयोगमा विद्यालयका हरेक कक्षामा गएर प्रदर्शन गर्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ४.१०.१. खानामा प्रयोग गरिने मसलाजन्य स्थानीय वस्तुको बिउ पहिचान गर्न<br><br>४.१०.२ भान्छामा प्रयोग गरिने मसला जन्य वस्तुको उत्पादन गर्न | • मौसमअनुसारका कुनै दुई मसला जन्य वस्तुको उत्पादन (खुर्सानी, लसुन, प्याज, धनिया, अदुवा, मरटी, पुदिना आदि) | • खुर्सानी, लसुन, प्याज, धनिया, अदुवा, मरटी, पुदिना आदिको बिउ तथा बिरुवा<br>• उत्पादनका सामग्रीहरू | • खानामा प्रयोग गरिने मसलाजन्य स्थानीय वस्तुको बिउ सङ्कलन गरी पहिचान गराउने,<br>• करेसाबारी खन्न, झार फाल्न, मल हाल्न, विरुवा सार्न र गोडमेल तथा रेखदेख गर्न सिकाउने,<br>• खुर्सानी, लसुन, प्याज, धनिया, अदुवा, मरटी, पुदिना आदिको बिउ तथा बिरुवाहरू मौसमअनुसार छर्न तथा रोप्न र आवश्यकतानुसार अभिभावकको सहयोग लिन लगाउने,<br>• हजारीको प्रयोग गरी बियाड र बिरुवामा पानीहाल्न सिकाउने । | • करेसाबारी, गमला वा कौसीमा खुर्सानी, लसुनप्याज, धनिया, अदुवा, मरटी, पुदिना आदि सारे नसारेको, बिरुवाको अवस्था र उत्पादनको अवलोकन गनुहोस् । | • घरमा सार्न सकिने कम्तिमा दुई प्रजातिका मसला जन्य विरुवाहरू (खुर्सानी, लसुन, प्याज, धनिया, अदुवा, मरटी, पुदिना आदि) को उत्पादन प्रक्रियालाई समेटेर तलको तालिका पूरा गर्नुहोस् :<br>(क) बिरुवाको नाम<br>(ख) सारेको मिति<br>(ग) सिँचाइको तरिका<br>(घ) गरेका क्रियाकलाप<br>(ङ) उत्पादको अवस्था | २० |

**कक्षा ५: विषयवस्तुको क्षेत्र र क्रम , सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण**

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ. |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | ५.१.१ मोदी गापाको भौगोलिक अवस्थिति र विशेषताहरू बताउन<br><br>५.१.२. मोदीको जनसाङ्ख्यिक बनोट बताउन<br><br>५.१.३. मोदी गाउँपालिकाका विकासका पूर्वाधारहरू पहिचान गर्न<br><br>५.१.४.मोदी गाउँपालिकाको हावापानी पहिचान गरी वर्णन गर्न | • मोदी गाउँपालिकाको भौगोलिक अवस्थिति र विशेषता (क्षेत्रफल, दिशा, उचाइ, वडा केन्द्र र उक्त वडाहरूको भौगोलिक अवस्थिति, दिशा पहिचान आदि)<br>• मोदी गाउँपालिकाको वडागत जनसाङ्ख्यिक बनोट (घरधुरी, लिङ्ग, जात र उमेर समूहका आधारमा मोदीको जनसङ्ख्या)<br>• मोदी गाउँपालिकाका विकासका पूर्वाधारहरू (सडक यातायात, विद्युत्, खानेपानी शिक्षा, स्वास्थ्य, सञ्चार, स्रोतसाधन जलविद्युत केन्द्र)<br>• मोदीको हावापानी : परिचय र प्रकार (गर्मी, समशितोष्ण, चिसो आदि) | • मेटाकार्ड, मोदी गापाको नक्सा र चार्ट<br>• मोदी गाउँपालिकाको जनसंख्या बनोट चार्ट<br>• विकासका पूर्वाधार सूची तालिका,<br>• हावापानी विवरण सूची,<br>• स्लाइड, कम्प्युटर, प्रोजेक्टर | • मोदी गापाको नक्सा देखाई भौगोलिक अवस्थिति र विशेषता विवरण चार्ट देखाउने र प्रश्नोत्तर गर्ने,<br>• मोदी गापाका वडागत जातजातिको सूचीतालिका प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गर्ने, आ-आफ्नो क्षेत्रमा जातजाति के के छन भनी प्रश्न गर्दै छलफल गराउने,<br>• मोदी गापाको नक्सा देखाई दिशा पहिचान गर्न लगाउने, छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• मोदी गापाका विकासका पूर्वाधार सूचीकृत चार्ट वा स्लाइड प्रस्तुत गरी छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• विद्यार्थीलाई आ-आफ्नो क्षेत्रमा पाइने हावापानी भन्न लगाई मोदी गापाको हावापानी विवरण (गर्मी , समशितोष्ण, चिसो हावापानी) तालिका वा स्लाइड | • मोदी गापाको कुनै दुई मुख्य विशेषता बताउनुहोस् ।<br>• मोदी गापामा कुन कुन जातजाति बसोबास गर्छन् सूची बनाउनुहोस् ।<br>• मोदी गापामा कस्तो हावापानी पाईन्छ ?<br>• मोदी गापाका विकासका पूर्वाधार के के हुन ? लेख्नुहोस् ।<br>• मोदी गापाको नक्सामा दिशा (उत्तर, दक्षिण, पूर्व, पश्चिम) पहिचान गर्न लगाउनुहोस् । | • मोदी गापाको वडा विभाजनको नक्सा कोरी दिशा सङ्केत गर्नुहोस् र निम्न तथ्य भर्नुहोस् :<br>मुख्य बस्ती क्षेत्र, व्यापारिक केन्द्र पातीचौर, पञ्चासे, माटेको लेक, भमरकोट, मोदी उ,र्जा नदी, मध्य पहाडी लोकमार्ग, प्रशासनिक केन्द्र, जलविद्युत केन्द्र | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | देखाई छलफल, प्रश्नोत्तर गरी सहजीकरण गर्ने । | | | |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ५.२.१. मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको विशेषता बताउन<br><br>५.२.२. गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको उपयोगका क्षेत्रहरू पहिचान गर्न<br><br>५.२.३. गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धनमा सहभागी हुन | • प्राकृतिक सम्पदाहरू जमिन, जलसम्पदा, जंगल, जडीबुटी, खनिजहरूको विशेषता<br>• स्थानीय स्तरमा पाइने प्राकृतिक वस्तुहरू (ढुङ्गा, माटो, बालुवा, गिट्टी, काठ, खनिज, जडीबुटी, जल) को उपयोगका क्षेत्र ( उपभोग, निर्माण, उद्योग, व्यापार, व्यवसाय, पर्यटन, कृषि, पशुपालन, औषधोपचार, विद्युत् आदि)<br>• प्राकृतिक सम्पदाहरूको संरक्षण (भूसंरक्षण, उर्वराशक्ति, पानीका स्रोतहरू, वृक्षारोपण, खनिज, जडीबुटी संकलन, सिमसार संरक्षण आदि) मा सहभागिता | • मोदी गाउँपालिकाका जमिन, जलसम्पदा, जङ्गल, जडीबुटी, खनिजहरू जस्ता प्राकृतिक सम्पदाहरूको आवश्यकता दर्शाउने चार्ट तालिका भिडियोहरू आदि ।<br>• पानीको स्रोत संरक्षण, वृक्षारोपण लगायता वातावरण संरक्षण अभियानका भिडियोहरू | • मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको विशेषताहरू के कस्ता छन भनी चार्ट देखाउँदै छलफल गराउँदै निष्कर्षमा लैजाने,<br>• गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको उपयोग के कसरी भइरहेको छ र अन्य सम्भावित उपयोगका क्षेत्रहरू के हुन सक्छन् भनी पहिचान गराई र निष्कर्ष निकाल्न लगाउने,<br>• वातावरण संरक्षणका अभियानसँग सम्बन्धित भिडियो प्रदर्शन गराउँदै गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन भइरहेका कार्यहरूमा सहभागी गराउने,<br>• सहभागी भएका कार्यक्रममा गरेका कामको विवरण उल्लेख गरी रिपोर्ट लेख्न लगाउने । | • मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको विशेषताहरू के कस्ता छन ? लेख्नुहोस् ।<br>• हाम्रा प्राकृतिक सम्पदाहरूको उपयोग के कसरी भइरहेको छ ?<br>• हाम्रा प्राकृतिक सम्पदाहरूको संरक्षण र संबर्द्धन गर्न तपाईंले के के गर्नु भएको छ ? | • मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन भइरहेका कार्यहरूमा सहभागी भएर गरेका कामको विवरण रिपोर्ट तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । | १२ |
| ३. सिप र प्रविधि | ५.३.१.स्थानीय तथा खेर जाने वस्तुहरूको प्रयोग गरी उपयोगी तथा सजावटका सामग्रीहरूको निर्माण र प्रयोग गर्न<br><br>५.३.२. दैनिक जीवनमा आधुनिक सिप र प्रविधिको प्रयोग गर्न | • माटो, ढुंगा, निगालो, बाँस, काठ, खर, पात, प्लाष्टिक, कागज वा स्थानीय स्तरमा उपलब्ध विभिन्न स्रोत सामग्रीबाट विभिन्न उपयोगी तथा सजावटका सामग्रीहरू ( दुना, टपरी, कुचो, कागज वा प्लाष्टिकका फूलहरू, डोरी, माला, पुतली) को निर्माण र प्रयोग<br>• सियो धागोको प्रयोग गरी सिलाउने, टाँक लगाउने अभ्यास, जुत्ता चप्पल सामान्य मर्मत गर्ने अभ्यास | • माटो, ढुंगा, निगालो बाँस, काठ, खर, पात, प्लाष्टिक, सियो, धागो, आदि<br>• वास्तविक वस्तु<br>• एन्ड्रोइड मोवाइल | • माटो, ढुंगा, निगालो बाँस, काठ, खर, पात, प्लाष्टिक, सियो, धागो, आदि वास्तविक वस्तुको सहायताले प्रयोगात्मक रूपमा शिक्षक विद्यार्थी मिली प्रयोगमा नआउने स्कुलका प्लास्टिकका गमलामा फूल रोप्ने खेर गएका कागज तथा प्लास्टिकबाट फूल बनाउने, संयुक्त रूपमा माला बुन्ने र बुन्न लगाउने,<br>• आवश्यकताअनुसार स्थानीय विज्ञ व्यक्तिबाट सिप सिक्ने वातावरण मिलाउने,<br>• एन्ड्रोइड मोबाइलबाट शिक्षकले सम्बन्धित मोबाइल एपको प्रयोग गरी मौसम पूर्वानुमान, उचाइ, तापक्रम पत्ता लगाउने कार्यको डेमो देखाउने र विद्यार्थीलाई हेर्न सिकाउने । | • सियो, धागो र फूलको प्रयोग गरी माला बुनेर देखाउनुहोस् ।<br><br>• मोबाइलको प्रयोग गरी तपाईं भएको ठाउँको उचाइ पत्ता लगाउनुहोस् । | • खेर जाने वस्तुहरूको प्रयोग गरी समूहगत रूपमा कक्षाकोठा सजावटका सामग्री निर्माण गरी कक्षामा प्रदर्शन गर्नुहोस् । | ९ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • मोबाइल एप्लिकेशनहरूको प्रयोग गरी मौसम पूर्वानुमान, उचाइ, तापक्रम पत्ता लगाउन,<br>• घरायसी विद्युतीय उपकरणको सुरक्षित प्रयोग | | | | | |
| ४. हाम्रो पेसा र व्यवसाय | ५.४.१.स्थानीय उत्पादनको अवस्था र उपयोगिता बताउन<br><br>५.४.२. स्थानीय उत्पादनका लागि आवश्यक पूर्वाधारसँग परिचित हुन<br><br>५.४.३.गाउँपालिकाभित्रका मुख्यमुख्य पर्यटकीय स्थलहरूको परिचय दिन | • स्थानीय उत्पादनको अवस्था र उपयोगिता<br>• स्थानीय उत्पादनका लागि आवश्यक पूर्वाधारहरू<br>• गाउँपालिकाभित्रका मुख्यमुख्य पर्यटकीय स्थलहरू (पञ्चासे, भमरकोट, हम्पाल, सहश्रधारा, नमुना गाउँ भुक, होमस्टेहरू आदि) | • स्थानीय उत्पादनका लागि पूर्वाधारको चार्ट तथा तस्विर<br>• मुख्य पर्यटकीय स्थलसँग सम्बन्धित वृत्तचित्र, भिडियो क्लिप र सन्दर्भ सामग्रीहरू | • स्थानीय उत्पादनको अवस्था र उपयोगिता शीर्षकमा कक्षागत वक्तृत्व सञ्चालन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने,<br>• छलफलका माध्यमबाट चार्ट तथा तस्विरहरूको प्रयोग गरी स्थानीय उत्पादनका लागि आवश्यक पूर्वाधारसँग परिचित गराउने,<br>• गाउँपालिका भित्रका मुख्य मुख्य पर्यटकीय स्थलहरूका वृत्तचित्र, भिडियो, तस्विर, परिचय पुस्तिकाहरू प्रयोग गरी परिचय दिन लगाउने । | • वक्तृत्वकलाको प्रस्तुतिलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) सम्बोधन<br>(ख) विषयवस्तु<br>(ग) हाउभाउ<br>(घ) क्रमबद्धता<br>(ङ) निष्कर्ष<br>• स्थानीय उत्पादनका लागि आवश्यक पूर्वाधारहरू के-के हुन् ? | • गाउँपालिकाभित्रका मुख्य मुख्य पर्यटकीय स्थलहरूका तस्विर सङ्कलन गरी एल्बम तयार गर्नुहोस् ।<br>• विद्यार्थीले तयार पारेको परिचय सहितको एल्बमलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) व्यापकता<br>(ख) आकर्षक<br>(ग) सान्दर्भिकता<br>(घ) आकार र बनोट | १२ |
| ५. स्वास्थ्य, पोषण र सरसफाइ | ५.५.१ व्यक्तिगत र सामुदायिक सरसफाइको महत्व बताउन र सहभागी हुन<br><br>५.१.२ स्थानीय भोजन र परिकार निर्माणमा सहयोग गर्न<br><br>५.१.३ मानसिक रूपले स्वस्थ रहने क्रियाकलापमा सहभागी हुन<br><br>५.१.४. सुरक्षित किसिमले स्थानीय खेलहरू खेल्न | • व्यक्तिगत र सामुदायिक सरसफाइको महत्व<br>• स्थानीय परिकार तयार गर्ने विधिको जानकारी र अभ्यास<br>• मानसिक स्वास्थ्यसँग सम्बन्धित क्रियाकलाप (योग, ध्यान, सङ्गीत, नाचगान, व्यायाम आदि)<br>• स्थानीय खेलहरू डण्डिबियो, कबड्डी, भलिबल, हाँडी फुटाउने, चुङ्गी, ढ्याक, साङ्ले लखेटाइ, नौ ढुंगे खेल, रिले दौड आदि) खेल्ने तरिका | • व्यक्तिगत र सामुदायिक सरसफाइको महत्व झल्काउने चार्टहरू<br>• स्थानीय भोजन निर्माणका लागि आवश्यक सामग्रीहरू<br>• योग, ध्यान र व्यायाम सम्बन्धी विभिन्न चार्टहरू<br>• ध्यानसम्बन्धी विभिन्न अडियो र भिडियो<br>• स्थानीय खेलअनुसारका आवश्यक सामग्रीहरू | • व्यक्तिगत र सामुदायिक सरसफाइबाट हुने फाइदाहरूबारे जानकारी गराउँने र चार्टमा प्रस्तुत भएका विषयलाई अध्ययन गरी महत्वलाई टिपोट गर्न लगाउने,<br>• घर तथा विद्यालयमा उत्पादन हुने फोहोर मैला सुरक्षित तरिकाले विसर्जन गर्न प्रोत्साहन गर्ने,<br>• रमाइला कथा, कविताहरूको वाचन र गीत नृत्य जस्ता क्रियाकलापमा सहभागी गराउने,<br>• योग, ध्यान, व्यायामका क्रियाकलापहरूमा सहभागी गराउने,<br>• स्थानीय खेलहरू डण्डिबियो, कबड्डी, भलिवल, हाँडी फुटाउने, चुङ्गी, ढ्याक, साङ्ले लखेटाइ, नौ ढुङ्गे खेल, रिले दौड आदि खेल्ने तरिका प्रदर्शन गर्दै अभ्यास गर्न लगाउने । | • व्यक्तिगत र सामुदायिक सरसफाइका फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>• तपाईंको घरमा खाना बनाउँदा के के काममा सहयोग गर्ने गर्नु भएको छ ?<br>• साङ्ले लखेटाई खेल कसरी खेलिन्छ ?<br>• रिले दौड खेलका लागि आवश्यक सामग्रीहरू के के हुन् ? | • मानसिक रूपले स्वस्थ रहन तपाईंले अवलम्बन गर्ने गरेका कुनै दुई ओटा क्रियाकलापहरूका सम्बन्धमा निम्न कार्यहरू गर्नुहोस् :<br>(क) अवलम्बन गरेका क्रियाकलाप<br>(ख) अवलम्बन गर्नुको कारण<br>(ग) पारेको प्रभाव<br>(घ) सिकाइ | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. विपद् व्यवस्थापन | ५.६.१ प्राकृतिक प्रकोप र मानवजन्य विपद्बाट बँच्ने उपायहरू बताउन<br><br>५.६.२.दुर्घटनाका कारण र बच्ने उपायहरू अवलम्बन गर्न<br><br>५.६.३ घर तथा विद्यालयमा उपयोग हुने सामग्रीहरूको सुरक्षित प्रयोग गर्न | • प्राकृतिक र मानवजन्य विपद्बाट बच्ने उपायहरू<br>• दुर्घटनाका कारण र बँच्ने उपायहरू<br>• घर तथा विद्यालयमा प्रयोग हुने सामग्रीहरूको सुरक्षित प्रयोग | • प्राकृतिक विपद् चट्याङ, पहिरो, बाढी, भूकम्पका चित्र तथा मानवजन्य विपद् विद्युत सर्ट, आगलागी, हावाहुरी आदि भएका भिडियोहरू<br>• असावधानी, लापर्वाही आदिबाट भएका दुर्घटना झल्कने तथा दुर्घटनाबाट बाँच्ने उपायहरू अवलम्बन गरिएका भिडियो तथा चित्रपत्ती<br>• घर तथा विद्यालयमा उपयोग हुने सामग्रीहरू जस्तै हँसिया, बाउसो, कोदालो, बञ्चरो, कैँची, सियो, चक्कु, ब्लेड, विद्युतका सामानहरू, खुकुरी आदि । | • प्राकृतिक विपद् चट्याङ, पहिरो, बाढी, भूकम्पका चित्र तथा मानवजन्य विपद् विद्युत सर्ट, आगलागी, हावाहुरी आदि भएका भिडियोहरू प्रदर्शन गरी त्यसबाट कसरी बँच्न सकिन्छ भनी छलफल गराउने,<br>• असावधानी, लापर्वाही आदिबाट भएका दुर्धटना झल्कने तथा दुर्घटनाबाट बाँच्ने उपायहरू अवलम्बन गरिएका भिडियो तथा चित्रपत्ती देखाउँदै प्रश्नोत्तर र अभिनय विधिबाट क्रियाकलाप गराउने,<br>• स्थानीय रूपमा उपलब्ध भएसम्म कुनै विपत्तिमा परेर जोगिएको व्यक्तिको अनुभव आदान प्रदान गर्ने गराउने,<br>• घर तथा विद्यालयमा उपयोग हुने सामग्रीहरू जस्तै हँसिया, बाउसो, कोदालो, बञ्चरो, कैँची, विद्युतका सामानहरू: चक्कु, ब्लेड, खुकुरी प्रदर्शन गरी समात्ने र प्रयोग गर्ने तरिका सिकाउने । | • प्राकृतिक र मानवजन्य विपद्बाट बँच्ने उपायहरूको सूची तयार गरी देखाउनुहोस् ।<br>• दुर्घटना हुने कुनै पाँच कारण बताउनुहोस् ।<br>• सवारी दुर्घनाबाट बँच्न तपाईँले कस्तो उपाय अवलम्बन गर्नुहुन्छ ?<br>• घर तथा विद्यालयमा उपयोग हुने सामग्रीहरूको सुरक्षित प्रयोग गर्ने तरिकाको नमूना प्रदर्शन गर्नुहोस् । | • भान्छाकोठा, फूलबारी, करेसाबारीमा काम गर्दा कसरी औजारको प्रयोग गर्छन भनी प्रयोगात्मक कार्यको अवलोकन गर्नुहोस् । | ९ |
| ७. कला, साहित्य र धर्म, संस्कृति | ५.७.१. स्थानीय चाडपर्वमा सहभागिता जनाउन<br>५.७.२. स्थानीय भेषभूषा र रीतिरिवाजको महत्व बताउन<br>५.७.३. समुदायमा प्रचलित गीत तथा नृत्यको अभ्यास गर्न तथा सार्वजनिक कार्यक्रममा प्रदर्शन गर्न | • स्थानीय चाडपर्वहरू र तिनमा सहभागिता<br>• स्थानीय भेषभूषा र रीतिरिवाजको महत्व<br>• समुदायमा प्रचलित गीत तथा नृत्यको अभ्यास तथा सार्वजनिक कार्यक्रममा प्रदर्शन | • स्थानीय चाडपर्व झल्कने चित्र र भिडियो<br>• स्थानीय मौलिक गीतहरूको अडियो र भिडियो<br>• सार्वजनिक कार्यक्रममा भएका नृत्यको झलक | • वर्षभरि मनाइने स्थानीय चाडपर्वको सूची तयार पार्न लगाई विशेष स्थानीय महत्व राख्ने चाडपर्व र मेलाहरूमा सहभागी गराउने,<br>• स्थानीय वेशभूषा र रीतिरिवाजको महत्वका विषयमा वक्तृत्व सञ्चालन गरी महत्वलाई बुँदामा प्रस्तुत गर्न लगाउने,<br>• समुदायमा प्रचलित गीत तथा नृत्यको अभ्यास र सार्वजनिक कार्यक्रममा प्रदर्शन गराउने । | • स्थानीय वेशभूषा र रीतिरिवाजको महत्व एक अनुच्छेदमा उल्लेख गर्नुहोस् ।<br>• स्थानीय स्तरमा प्रचलित कुनै एक गीतमा नाच्नुहोस् । | • स्थानीय तहमा एक वर्षभरिमा आयोजना गरिने मुख्य मेलापर्व र जात्रामा सहभागी हुँदाको अनुभवलाई समेटी कक्षामा सबैलाई सुनाउनुहोस् । | १२ |
| ८. स्थानीय सरकार र सामाजिक संघ | ५.८.१ वडा समितिको गठन प्रक्रिया बताउन<br><br>५.८.२ वडा कार्यालयबाट प्रदान हुने सेवा सुविधाबारे बताउन | • वडा समितिको विवरण ( अध्यक्ष, खुला सदस्य, महिला सदस्य, दलित सदस्य)<br>• वडा कार्यालयका कामहरू (घटना दर्ता, सिफारिस र योजना निर्माण) | • वडा समितिको गठन प्रक्रिया उल्लेखित चार्ट<br>• वडा कार्यालयका कार्यहरू उल्लेखित ( स्थानीय सरकार सञ्चालन ऐन २०७४) चार्ट, ब्रउसर, पम्पलेट, | • आफ्नो वडा समितिको विवरण (अध्यक्ष, खुला सदस्य, महिला सदस्य, दलित सदस्य) उल्लेख भएको चार्ट प्रयोग गरी गठन प्रक्रियाको बारेमा जानकारी दिने,<br>• आफ्नो वडा कार्यालयको अवलोकन भ्रमण गरी वडाबाट प्रवाह हुने कामहरू (घटना | • वडा समितिको गठन प्रक्रिया बताउनुहोस् ।<br>• वडा कार्यालयबाट प्रदान हुने कुनै पाँच ओटा सेवा सुविधाहरू उल्लेख गर्नुहोस् । | • विद्यार्थीहरूलाई आफ्नो वडा कार्यालयको भ्रमण गराई सो कार्यालयबाट प्रवाह हुने सेवा सुविधाहरूको जानकारी लिन लगाउनुहोस् । प्राप्त सूचनालाई निम्नानुसारको | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५.८.३. वडाभित्र भएका सरकारी तथा गैर सरकारी संस्थाहरूको कार्य बताउन<br><br>५.८.४. आफ्नो वडाभित्रका विशिष्ट स्थानीय व्यक्तित्वहरूको पहिचान र योगदान बताउन | ● वडा भित्र भएका सरकारी ( स्कुल, स्वास्थ्य चौकी आदि) तथा गैर सरकारी संस्थाहरू ( टोलविकास संस्था, रेडक्रस, स्काउट बालअधिकार समिति, विभिन्न सामाजिक संस्था आदिको) को कार्यहरू<br>● आफ्नो वडा भित्रका विशिष्ट स्थानीय व्यक्तित्वहरू (शैक्षिक, सामाजिक सांस्कृतिक लगायत विविध क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति) को पहिचान र योगदान | ● स्थानीय सरकारी संस्थाहरूका ब्रउसर , परिचय पुस्तिका,<br>● स्थानीय व्यक्तित्वका तस्विरहरू | दर्ता, सिफारिस र योजना निर्माण) को जानकारी लिन लगाउने,<br>● वडाभित्र भएका सरकारी (स्कुल, स्वास्थ्य चौकी आदि) तथा गैर सरकारी संस्थाहरू (टोलविकास संस्था, रेडक्रस, स्काउट बालअधिकार समिति, विभिन्न सामाजिक संस्था आदि) का पदाधिकारीहरूलाई स्रोत व्यक्तिको रूपमा विद्यालयमा आमन्त्रण गरी ती संस्थाहरूले गर्ने कार्यहरूको बारेमा अन्तरक्रिया गराउने,<br>● आफ्नो विद्यालयका संस्थापक अध्यक्षको सङ्क्षिप्त जीवनीको चार्ट प्रदर्शन गर्दै विद्यालय स्थापना गर्दा गरेका योगदानहरू भन्न प्रेरित गर्ने<br>● वडा कार्यालयका जनप्रतिनिधी वा कर्मचारीलाई बोलाई कार्यालयले प्रदान गर्ने सेवाको बारेमा स्रोत कक्षा लिन आग्रह गर्ने र सो जानकारीको आधारमा विद्यार्थीहरूलाई सूची निर्माण र प्रस्तुत गर्न लगाउर्ने,<br>● वडा कार्यालयले बालबालिकालाई प्रदान गर्ने सेवा र सुविधा टिपोट गरी चार्ट तयार गर्न लगाउने । | ● वडाभित्र भएका सरकारी तथा गैर सरकारी संस्थाहरूको कार्यको सूची बनाउनुहोस् ।<br>● आफ्नो वडाभित्रका कुनै एक जना विशिष्ट स्थानीय व्यक्तित्वको योगदान उल्लेख गर्नुहोस् ।<br>● आफ्नो वडा भित्रका विशिष्ट स्थानीय व्यक्तित्वहरू (जस्तै विद्यालयका संस्थापक) को योगदानलाई समेटी सङ्क्षिप्त जीवनी तयार पार्नुहोस् । | तालिकामा प्रस्तुत गर्नुपर्नेछ :<br><br>क)घटना दर्तासँग सम्बन्धित कार्यहरू<br>ख) सिफारिससँग सम्बन्धित कार्यहरू<br>ग) योजनासँग सम्बन्धित कार्यहरू | |
| ९.मानव मूल्य र मान्यता | ५.९.१. मानव मूल्य र मान्यताको आवयश्यकता र महत्व बताउन<br><br>५.९.२. घरपरिवार, विद्यालय र समुदायका विभिन्न कार्यहरूमा सहकार्य गरी सरिक हुन<br><br>५.९.३. बालअधिकार र कर्तव्य खोजी गरी प्रयोग गर्न | ● मानव मूल्य र मान्यताको आवयश्यकता र महत्व<br>● घरपरिवार, विद्यालय र समुदायका विभिन्न कार्यहरूमा सहकार्य<br>● बालअधिकार र कर्तव्य खोजी र प्रयोग | ● स्वागत, आदर सत्कारका भिडियो क्लिपहरू, असल कार्यहरूका सूची अङ्कित मेटाकार्डहरू<br>● बालअधिकार र कर्तव्य सम्बन्धी पोष्टर चार्टहरू<br>● भिडियो क्लिपहरू | ● मानव मूल्य मान्यताको कथाको माध्यमबाट आवश्यकता र महत्व बताइदिने,<br>● विद्यालय, टोल र समुदायमा भएका राम्रा कार्यको सूची तयार गरी प्रदर्शन गर्ने गराउने,<br>● विद्यालय सरसफाइ, वृक्षारोपण, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण लगायतका विद्यालय तथा समुदायमा हुने कार्यहरूमा विद्यार्थीलाई सहभागी गराउने र हुन प्रेरित गर्ने,<br>● बाल अधिकार र कर्तव्य उल्लेख गरिएको पोष्टर, चार्ट तथा भिडियो अध्ययन गरी | ● मानव मूल्य र मान्यताको आवश्यकता र महत्वबारे चार बुँदाहरू उल्लेख गर्नुहोस् ।<br>● तपाईं विद्यालय तथा समाजमा हुने गरेका के-कार्यक्रममा सहभागी हुनुभएको छ ?<br>● बालअधिकार भनेको के हो ? | ● बालअधिकार र कर्तव्यका बारेमा समूहमा छलफल गरी सचेतना चार्टहरू तयार पार्नुहोस् । विद्यालयको विशेष दिन वा बाल दिवस पारेर विद्यालय वरपर प्रभातफेरी गर्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अधिकार र कर्तव्यलाई छुट्टाछुट्टै तालिकीकरण गर्न लगाउने । | • बालबालिकाका कर्तव्यहरू के के हुन् ? | | |
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ५.१०.१. मौसम अनुसारका कुनै दुई प्रजातिको तरकारी उत्पादन गर्न<br><br>५.१०.२. प्रकृतिमा आफैँ उत्पादन हुने तरकारीको पहिचान, सङ्कलन, प्रयोग र संरक्षण गर्न | • मौसमअनुसारका कुनै दुई प्रजातिको तरकारी उत्पादन ( काँक्रो, घिरिम्लो, भन्टा, करेला, आलु, गोलभेंडा, सिमी, बोडी, साग, मूला, काउली, बन्दा, गाजर, केराउ, इस्वरा, कर्कलो, तरुल आदि)<br>• प्रकृतिमा आफैँ उत्पादन हुने तरकारीहरू (निउरो, लाखुटो, जलुको, खोलेसाग, तामा, टुसा, लुडे, कुकुरडाइनो, सिस्नु, तरुल, गिँठा, बडमले, हलहले आदि) को पहिचान, प्रयोग र संरक्षण | • तरकारीका बिउ र बिरुवा<br>• उत्पादनका सामग्रीहरू<br>• निउरो, लाखुटो, जलुको, खोलेसाग, तामा, टुसा, लुडे, कुकुरडाइनो, सिस्नु, तरुल, गिँठा, बडमले, हलहल आदि | • मौसमअनुसारका विभिन्न तरकारीहरूको परिचय गराई करेसाबारी खन्न, भार फाल्न, मलहाल्न, विरुवा सार्न र गोडमेल गर्न सिकाउने,<br>• दिइएका काँक्रो, घिरिम्लो, भन्टा, करेला, आलु, गोलभेंडा, सिमी, बोडी, साग, मूला, काउली, बन्दा, गाजर, केराउ, इस्वरा, कर्कलो, तरुलमध्ये कुनै दुईको उत्पादन कार्यलाई अनिवार्य बनाउने, आवश्यकतानुसार अभिभावक र शिक्षक र स्रोतव्यक्तिको सहयोग लिने,<br>• हजारीको तथा अन्य सिँचाइ प्रविधिको प्रयोग गरी बियाड र विरुवामा पानी हाल्न सिकाउने,<br>• समय समयमा विरुवाको हेरचाह गर्न र तरकारी टिप्न सिकाउने,<br>• निउरो, लाखुटो, जलुको, खोलेसाग, तामा, टुसा, लुडे, कुकुरडाइनो, सिस्नु, तरुल, गिठा, बडमले आदि प्रकृतिमा आफैँ उत्पादन हुने तरकारीको पहिचान, सङ्कलन र प्रयोग गर्ने गराउने,<br>• प्रकृतिमा आफैँ उत्पादन हुने तरकारीको संरक्षण कार्यमा सहभागी हुने । | • करेसाबारीमा काँक्रो, घिरिम्लो, भन्टा, करेला, आलु, गोलभेंडा, सिमी, बोडी, साग, मूला, काउली, बन्दा, गाजर, केराउ इस्वरा आदि सारे नसारेको, विरुवाको अवस्था र उत्पादनको अवलोकन गनुहोस् ।<br>• तपाईंको समुदायमा पाइने प्रकृतिमा आफैँ उत्पादन हुने र तपाईंले सङ्कलन गरेका तरकारीहरूको सूची प्रस्तुत गर्नुहोस् । | • करेसाबारीमा सार्न सकिने कम्तिमा दुई प्रजातिका तरकारीका विरुवाहरू काँक्रो, घिरिम्लो, भन्टा, करेला, आलु, गोलभेंडा, सिमी, बोडी, साग, मूला, काउली, बन्दा, गाजर, केराउ इस्वरा आदिको उत्पादन प्रक्रियालाई समेटेर तलको काम पूरा गर्नुहोस् :<br>(क) बिरुवाको नाम<br>(ख) सारेको मिति<br>(ग) सिँचाइको तरिका<br>(घ) गरेका क्रियाकलाप<br>(ङ) उत्पादको अवस्था | २० |

मोदी गाँउपालिका २०८०

## (ग) तह-३ (कक्षा ६-८) को क्षेत्र, क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

### कक्षा ६ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ. |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | ६.१.१. मोदी गाउँपालिकाको भौगोलिक अवस्थिति तथा हावापानी पहिचान गर्न<br><br>६.१.२. गाउँपालिकाका प्राकृतिक तथा राजनैतिक विभाजनको नक्सा कोर्न र त्यस भित्र वडाहरू, प्रशासनिक केन्द्रहरू र मुख्य मुख्य स्थानहरू देखाउन र परिचय दिन<br><br>६.१.३. गाउँपालिकाभित्रका विकासका पूर्वाधारहरूको अवस्था र महत्व बताउन<br><br>६.१.४. गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र जनसांख्यिक बनोटको सामान्य जानकारी दिन<br><br>६.१.५. आफ्नो गाउँपालिकाका भूउपयोगका क्षेत्रहरू पहिचान गर्न | • मोदी गाउँपालिकाको भौगोलिक अवस्थिति (क्षेत्रफल, सिमाना, वडाहरूको अवस्थिति, प्रशासनिक केन्द्रहरू र मुख्य मुख्य स्थानहरूको परिचय, सडक सञ्जाल)<br>• मोदीको हावापानीको प्रकार (गर्मी, समशीतोष्ण, चिसो) मोदी गापाको हावापानीको विवरण<br>(गर्मी हावापानी क्षेत्र : पातीचौर, डिमुवा, गिज्यान, दोविल्ला, वेतिनी, शेरावैँसी, मोदी वैँसी)<br>(समशीतोष्ण हावापानीको क्षेत्र : बाजुङ, राम्जा, देउपुर, तिलाहार, चित्रेको तल्लो भाग)<br>(चिसो हावापानी क्षेत्र : पञ्चासे, चित्रेको माथिल्लो भाग, क्याङ, भुक, लेस्पार देउराली खुइजरी आदि ।)<br>• गाउँपालिकाभित्रका विकासका पूर्वाधारहरूको अवस्था र महत्व<br>• गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र जनसांख्यिक बनोट<br>• गाउँपालिकाका भूउपयोगका क्षेत्रहरू | • मेटाकार्ड, मोदी गापाको नक्सा (राजनीतिक र प्रशासनिक),<br>• मोदी गापाको जनसंख्या बनोट चार्ट,<br>• विकासका पूर्वाधारको सूची तालिका,<br>• हावापानी विवरण सूची<br>• स्लाइड, कम्प्युटर, प्रोजेक्टर | • मोदी गापाको नक्सा देखाई भौगोलिक अवस्थिति , सिमाना, क्षेत्रफल, वडाहरू, प्रशासनिक केन्द्र, बसोबासका मुख्य क्षेत्रहरूको बारेमा बताउने र प्रश्नोत्तर गर्ने,<br>• मोदी गापाको हावापानी विवरण सूची प्रदर्शन गरी गर्मी हावापानी क्षेत्र ( पातीचौर, डिमुवा, गिज्यान, दोविल्ला, वेतिनी, शेरावैँसी, मोदी वैँसी), समशीतोष्ण हावापानीको क्षेत्र (बाजुङ, राम्जा, देउपुर, तिलाहार), चिसो हावापानी क्षेत्र (पञ्चासे, चित्रेको माथिल्लो भाग, क्याङ, भुक, खुइजरी) आदि देखाई छलफल र प्रश्नोत्तर गर्ने,<br>• मोदी गापाको नक्सा कोरी कोर्न लगाई सिमाना, क्षेत्रफल, वडा विभाजन, प्रशासनिक क्षेत्र कोर्ने अभ्यास गराउने,<br>• मोदी गापाको पूर्वाधारहरूको अवस्था र महत्वको बारे पूर्वाधार सूची चार्ट प्रस्तुत गरी छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• गाउँपालिकामा रहेका जलविद्युत केन्द्रहरू ( मोदी खोला, पातीखोला, मध्यमोदी, तल्लो मोदी) को अवलोकन गराई सो को आधारमा सूची बनाई सामान्य परिचय दिन लगाउने,<br>• मोदी गाउँपाािलकाको ऐतिहासिक पृष्ठभूमिको बारेमा समुदायमा गई विवरण तयार गर्न लगाउने,<br>• ऐतिहासिक स्थलहरू, राम्जाकोट, ठाना कोट, बाजुङ कोट, देउपुरकोट, भमरकोट, ताङ्ले कोट आदिको परिचय दिन लगाउने, | • मोदी गापाको क्षेत्रफल कति छ ?<br>• मोदी गापामा कुन कुन मुख्य जातजाति बसोबास गर्छन् ?<br>• मोदी गापाका विकासका पूर्वाधारको कुनै दुई महत्व भन्नुहोस् ।<br>• मोदी गापाका कुनै दुई भूउपयोगका क्षेत्रको नाम भन्नुहोस् ?<br>• मोदी गापाको प्रशासनिक केन्द्रको नाम भन्नुहोस् ?<br>• मोदी गाउँपालिका भित्रका गर्मी हावापानीका क्षेत्रहरूको सूची तयार पार्नुहोस् ।<br>• मोदी खोला जलविद्युत केन्द्रको् परिचय दिनुहोस् । | • मोदी गाउँपालिकाको जनसंख्या बनोट तालिका बनाउनुहोस् ।<br><br>अथवा<br><br>• मोदी गाउँपालिकाको वडा विभाजनको नक्सा कोरी दिशा सङ्केत गर्नुहोस् र निम्न तथ्य भर्नुहोस् :<br>मुख्य बस्ती क्षेत्र, व्यापारिक केन्द्र, पातीचौर, डिमुवा, तिलाहार, क्याङ, लेस्पार, मध्य पहाडी लोकमार्ग, पातिचौर राम्जा सडक, पातीचौर भुक सडक, पातीचौर बाजुङ सडक, प्रशासनिक केन्द्र, जलविद्युत् केन्द्र | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ● मोदी गापाको जनसंख्या बनोट तालिका प्रस्तुत गरी छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>● मोदी गापामा भूउपयोगका क्षेत्रहरू (बसोबासको क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, खेतियोग्य क्षेत्र, जलाधार क्षेत्र, खनिज क्षेत्र, निर्माण क्षेत्र, जलविद्युत केन्द्र, ,औद्योगिक क्षेत्र, आदि) को विवरण, तालिका, भिडियो क्लिप देखाई छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने । | | | |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ६.२.१. मोदी गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको वर्गीकरण गर्न<br><br>६.२.२. स्थानीय प्राकृतिक सम्पदाहरूको दिगो उपयोग, संरक्षण र प्रवर्धनमा व्यक्ति र समुदायको भूमिका बताउन<br><br>६.२.३. गाउँपालिकामा रहेका विशिष्ट लोपोन्मुख जीव तथा वनस्पतिको खोजी गरी सूचीकृत गर्न | ● मोदी गाउँपालिकाका प्राकृतिक सम्पदा, जल सम्पदा, जङ्गल, जमिन, खनिज, जडीबुटीका प्रकारहरू<br>● गाउँपालिकामा रहेका विशिष्ट लोपोन्मुख जीव (स्याल, तित्रो, गिद्ध, हुकी चील, लाटोकोसेरो, ठेउवा, लामपुच्छ्रे, फ्याउरो, पहाडी गाई, खरी बाखा) र वनस्पतिहरू (सँजिवल, केतुकी, सिउँडी, सिपलीकान, कोइरालो)<br>● | ● मोदी गाउँपालिकाका जमिन, जलसम्पदा, जङ्गल, जडीबुटी, खनिजहरू<br>● प्राकृतिक सम्पदाहरूको वर्गीकरण दर्शाउने चार्ट तालिका भिडियोहरू<br>● प्राकृतिक सम्पदाहरूको दिगो उपयोग, संरक्षण र प्रवर्धनमा व्यक्ति र समुदायले गरेका क्रियाकलापहरूका चित्र<br>● लोपोन्मुख जीवका चित्र ( स्याल, तित्रो, गिद्ध, हुकी चील, लाटोकोसेरो, ठेउवा, लामपुच्छ्रे, फ्याउरो, पहाडी गाई, खरी बाखा) र वनस्पतिहरू (सँजिवल, केतुकी, सिउँडी, सिपलीकान, कोइराला आदिको चित्र तथा वस्तु | ● जल, जङ्गल, जमिन आदि देखाउँदै प्राकृतिक सम्पदाहरूको वर्गीकरण गराउने,<br>● प्राकृतिक सम्पदाहरूको दिगो उपयोग, संरक्षण र प्रवर्धनमा व्यक्ति र समुदायले गरेका भूमिका खोजेर कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● विशिष्ट लोपोन्मुख जीव (स्याल, फ्याउरो, पहाडी गाई, खरी बाखा) तथा वनस्पति ( सँजिवल, केतुकी, सिउँडी, सिपलीकान, कोइरालो) आदिको वास्तविक वस्तु वा चित्र प्रदर्शन गर्दै तिनको परिचय र चिनारी गराउने । | ● मोदी गाउँपालिकामा पाइने प्राकृतिक सम्पदाको वर्गीकरण गर्नुहोस् ।<br>● प्राकृतिक सम्पदाहरूको संरक्षण के कसरी गर्न सकिन्छ ?<br>● मोदी गाउँपालिका भित्रका लोपोन्मुख जीव तथा वनस्पतिको सूची तयार पार्नुहोस् । | ● मोदी गाउँपालिका भित्रका लोपोन्मुख वनस्पति र जीवनहरूको संरक्षणका उपाय सम्बन्धमा एउटा समाचार बनाई विद्यालयको सूचना पाटीमा टाँस्नुहोस् । | १० |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. सिप र प्रविधि | ६.३.१. स्थानीय परम्परागत सिप र प्रविधिहरूसँग परिचित भई तिनीहरूको महत्व बताउन<br><br>६.३.२. दैनिक जीवनमा उपयोगी परम्परागत सिप र प्रविधिको निर्माण र उपयोग गर्न<br><br>६.३.३. दैनिक जीवनमा प्रयोग हुने आधुनिक सिप र प्रविधिहरूको पहिचान र प्रयोगका क्षेत्रहरूको खोजी गर्न<br><br>६.३.४. घरायसी प्रयोगमा आउने आधुनिक उपकरणहरूको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू हासिल गर्न | • स्थानीय परम्परागत सिप र प्रविधिहरू परिचय र महत्व<br>• दैनिक जीवनमा उपयोगी परम्परागत सिप र प्रविधिको (औजार, पूजा सामग्रीको निर्माण, रङ लगाउने, दही मथ्ने, टोपी, गलबन्दी, रुमालमा बुट्टा भर्ने) बुन्ने) उपयोग<br>• दैनिक जीवनमा प्रयोग हुने आधुनिक सिप र प्रविधिहरूको पहिचान र प्रयोगका क्षेत्रहरू (शिक्षा, स्वास्थ्य, कृषि, व्यापार सञ्चार आदि)<br>• कम्प्युटर, स्मार्टफोन, वासिङ् मेसिन, मिक्चर, विद्युतीय आइरन, ग्याँस, गिजर, विद्युतीय चुलो लगायत घरायसी प्रयोगमा आउने डिजिटल उपकरणहरूको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू | • स्थानीय परम्परागत सिप र प्रविधिको परिचय र महत्व लेखिएका कार्डहरू<br><br>• विभिन्न औजार, पूजा सामग्रीको निर्माण, रङ लगाउने, दही मथ्ने, टोपी, गलबन्दी, रुमालमा बुट्टा भर्ने बुन्ने) आदिसँग सम्बन्धित भिडियो सामग्रीहरू<br><br>• घरायासी प्रयोगका आधुनिक सामग्री प्रयोग गर्ने तरिका भएका भिडियोहरू | • स्थानीय परम्परागत सिप र प्रविधिको परिचय र महत्व लेखिएका कार्डहरू देखाई प्रश्नोत्तर विधिमार्फत् छलफल गर्ने,<br>• विभिन्न औजार, पूजा सामग्रीको निर्माण, रङ लगाउने, दही मथ्ने, टोपी, गलबन्दी, रुमालमा बुट्टा भर्ने बुन्ने) आदिसँग सम्बन्धित भिडियो सामग्रीहरू देखाइ समूहगत रूपमा सामग्री निर्माणको अभ्यास गराउने, सो कार्यमा आवश्यकतानुसार शिक्षक, अभिभावक र स्रोतव्यक्तिको समेत व्यवस्थापन गर्न सकिने,<br>• घरायसी प्रयोगमा आउने आधुनिक उपकरणहरू कम्प्युटर, स्मार्टफोन, वासिङ् मेसिन, मिक्चर, विद्युतीय आइरन, ग्यास, गिजर, विद्युतीय चुलो, लगायतका उपकरणहरूको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू समावेश भएका भिडियो क्लिपहरू देखाई सुरक्षित प्रयोगका सिपहरू सिकाउने ।<br>• नमुना प्रदर्शन कार्य गराई सोअनुसार विद्यार्थीहरूलाई पनि प्रदर्शन गर्न लगाउने । | • स्थानीय परम्परागत सिप भनेको के हो ? केही स्थानीय परम्परागत सिपहरूको उदाहण देऊ ।<br>• परम्परागत सिपको महत्व लेख ।<br>• कपास तथा धागोको प्रयोग गरी ज्योति काड्ने कार्य प्रदर्शन गर्नुहोस् ।<br>• कृषिमा प्रयोग हुने आधुनिक प्रविधिहरूको नाम लेख्नुहोस ।<br>• ग्याँस र गिजरको सुरक्षित प्रयोगको तरिका बताउनुहोस् । | • तपाईंले मोही पारेको भिडियो बनाई विषय शिक्षकको आइडिमा पठाउनुहोस् ।<br><br>अथवा<br><br>• टोपी वा रुमालमा बुट्टा भरेर स्कुलमा ल्याइ प्रदर्शन गर्नुहोस् | १२ |
| ४. हाम्रो पेसा र व्यवसाय | ६.४.१.आफ्नो समुदायका स्थानीय उत्पादनको अवस्था र अवसर पहिचान गर्न<br><br>६.४.२. स्थानीय कृषि तथा घरेलु उत्पादनमा व्यवसायीकरणको महत्व बताउन,<br><br>६.४.३. स्थानीय उत्पादन र घरेलु उद्योगहरूको संरक्षण र प्रवर्धनका लागि सहयोग गर्न | • स्थानीय उत्पादनको अवस्था र अवसरहरू<br>• कृषि तथा घरेलु उत्पादनमा व्यवसायीकरणको महत्व<br>• (आर्थिक विकास, बजार विविधीकरण, उत्पादकत्वमा सुधार, बजार अवसरमा पहुँच, खाद्य सुरक्षा, ग्रामीण विकास, ज्ञान अभिवृद्धि, दिगोपन)<br>• अचार बनाउने विधि | • सफलताका कथाहरू, उत्पादन प्रक्रिया समेटेका भिडियो, समाचार,<br>• अचार, अचार बनाउने विधि समेटिएको युट्युब भिडियो, लब्सी, अमला, मुला, अकबरे खुर्सानी, अचारका लागि आवश्यक सामग्रीहरू ( मसला, तेल, बट्टा, भाँडाकुडाहरू आदि) | • स्थानीय उत्पादनको अवस्था र अवसरको पहिचान गर्न विद्यार्थीलाई दुईवटा समूहमा विभाजन गर्ने,<br>• एक समूहलाई स्थानीय उत्पादनको अवस्था र अर्को समूहलाई सम्भावित अवसरहरू खोजी गरी प्रस्तुतीकरण गर्न लगाउने,<br>• स्थानीय कृषि तथा घरेलु उत्पादनमा सक्रिय व्यावसायीका सफलताका कथा, समाचार, भिडियो अध्ययन गरी व्यावसायीकरणका फाइदाहरू पहिचान गर्न लगाउने,<br>• विज्ञ व्यक्ति तथा युट्युब भिडियोको सहयोगमा स्थानीय कच्चा पदार्थ (लब्सी, अमला, मुला, अकबरे खुर्सानी, कोइरालो, | • स्थानीय उत्पादनको क्षेत्रमा के कस्ता सम्भावनाहरू रहेका छन् ?<br>• घरेलु उत्पादनमा व्यावसायीकरणको फाइदाहरू लेख्नुहोस् ।<br>• तपाईंले अचार बनाउन के के प्रक्रिया अपनाउनुभयो, क्रमबद्ध रूपमा उल्लेख गर्नुहोस् । | • लब्सी, अमला, मुला, अकबरे खुर्सानी, कोइरालो, काउरो, आँप आदिमध्ये कुनै एक कच्चा पदार्थको प्रयोग गरी अचार तयार पार्नुहोस् । तयार पारिएको अचारलाई विद्यालयमा प्रदर्शन गर्नुहोस् । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • (लब्सी, अमला, मुला, अकबरे खुर्सानी, कोइरालो, काउरो, आँप) | | काउरो, आँप) को प्रयोग गरी अचार बनाउन लगाउने । | | | |
| ५. स्वास्थ्य, पोषण र सरसफाइ | ६.५.१. स्थानीय परिकारहरूको निर्माण र उपभोगमा आवश्यक ज्ञान र सिपहरू हाँसिल गर्न<br><br>६.५.२. वातावरणीय सरसफाइको महत्व र प्रभावसँग परिचित भई सहभागिता जनाउन<br><br>६.५.३. वस्तुहरू खरिद र उपभोग गर्दा ध्यान दिनु पर्ने कुराहरू बताउन<br><br>६.५.४ योग र ध्यानका आधारभूत क्रियासँग परिचित हुन र सामान्य अभ्याससहरू गर्न | • स्थानीय सामग्रीहरूको निर्माण र उपभोगमा आवश्यक ज्ञान र सिप (लट्टे/चाम्रे, लप्सी र अदुवाको क्यान्डी बनाउने अभ्यास)<br>• वातावरणीय सरसफाइको महत्व र प्रभाव<br>• वस्तुहरू खरिद र उपभोग गर्दा ध्यानदिनु पर्ने कुराहरू<br>• योग र ध्यानका आधारभूत क्रियाहरू | • लट्टे/चाम्रे, लम्सी र अदुवाको क्यान्डी बनाउन चाहिने वस्तु तथा सामग्रीहरू<br>• बजारमा पाइने विभिन्न तयारी उपभोग्य वस्तुहरूको नमुना,<br>• योगध्यानसँग सम्बधित चार्ट तथा श्रव्यदृष्य सामग्रीहरू | • विद्यार्थीहरूलाई स्थानीय परिकार लट्टे/चाम्रे, लप्सी र अदुवाको क्यान्डी निर्माणका लागि आवश्यक खाद्य वस्तुहरू सङ्कलन गर्न लगाउने,<br>• अनुभवी व्यक्तिहरूको सहयोग वा भिडियोहरू हेरेर वा विद्यालयको चमेनागृहमा लगेर उक्त परिकारहरू निर्माणका साथै उपभोग गर्ने अभ्यास गराउने,<br>• कक्षाकोठा, विद्यालय परिसरको सरसफाइ र फोहोरको उचित विर्सजन कार्यमा नियमित अभ्यस्त बनाउने तथा समुदायका सरसफाइसँग सम्बन्धित कार्यक्रममा विद्यार्थीहरूलाई सहभागि गराउने,<br>• वस्तुहरू खरिद गर्दा उपभोक्ताले ध्यान दिनु पर्ने कुराहरू लेखिएको चार्ट तथा उपयोग्य सामग्रीहरू प्रस्तुत गरी सचेतना जगाउने,<br>• योगध्यानसँग सम्बधित चार्ट तथा विद्युतीय सामग्रीहरूको प्रदर्शन गरी नमुना प्रस्तुत गर्दै विद्यार्थीहरूलाई सोही अनुसार अभ्यास गर्न लगाउने । | • लब्सी तथा अदुवाको क्यान्डीमध्ये कुनै एक परिकार बनाई कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।<br>• लट्टे/चाम्रे बनाउने तरिका क्रमैसँग उल्लेख गर्नुहोस् ।<br>• वातावरण दूषित हुनुका कारणहरू के के हुन् ?<br>• उपभोग्य वस्तुहरूको खरिद गर्दा के के कुरामा ध्यान दिनुपर्छ ?<br>• सामान्य योग अभ्यास प्रदर्शन गरेर देखाउनुहोस् । | • विद्यालयको दिवा खाजा कार्यक्रमसँग सहकार्य गरी विद्यार्थीको सहभागितामा एक दिनको खाजा व्यवस्थापन गर्नुहोस् । (विषय शिक्षकको विशेष जिम्मेवारी)<br>• शिक्षकको निर्देशनअनुसार कक्षामा उत्कृष्ट योग अभ्यास प्रदर्शन गर्ने विद्यार्थीको एक समूह छनौट गरी उक्त समूहबाट प्रार्थना समयमा सम्पूर्ण शिक्षक तथा विद्यार्थीको माझमा योगाभ्यास प्रदर्शन गर्नुहोस् ।<br>• | १२ |
| ६. विपद् व्यवस्थापन | ६.६.१. स्थानीय स्तरमा हुने प्राकृतिक प्रकोपका कारण र प्रभावसँग परिचित हुन<br><br>६.६.२. विपद् जोखिम न्यूनीकरण र पूर्व-तयारीका कार्यहरू बताउन<br><br>६.६.३. मानवजन्य प्रकोपहरूसँग परिचित भई सुरक्षाका उपायहरू अवलम्बन गर्न | • स्थानीय स्तरमा हुने प्राकृतिक प्रकोपका कारण र प्रभावहरू (भूकम्प, बाढी, आगलागी, चट्याङ र हुरीबतास)<br>• विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीका कार्यहरू<br>• घरेलु वातावरणमा हुनसक्ने मानवजन्य प्रकोपहरूबाट सुरक्षित रहने उपायहरू ( आगो, ग्याँस चुहावट, र विद्युतीय जोखिम) | • भूकम्प, बाढी, आगलागी, चट्याङ र हुरीबतास आदि प्राकृतिक प्रकोपहरू जनाउने चित्र भिडियो<br>• विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीका कार्यहरूको चार्ट/भिडियो<br><br>• आगो, ग्याँस, घरायसी औजार र विद्युतीय | • भूकम्प, बाढी, आगलागी, चट्याङ र हुरीबतास आदि प्राकृतिक प्रकोपहरू जनाउने चित्र भिडियोहरू देखाउने र ती प्राकृतिक प्रकोपका कारण र प्रभावको बारेमा समूहगत छलफल गराई टिपोट गर्न गराउने,<br>• विपत्तिका कारणहरूलाई जोडदिँदै त्यसबाट बँच्न अपनाउन सकिने विधि तथा पूर्वतयारीका तरिकाहरू व्यक्तिगत तथा सामूहिक रूपमा खोजी गर्न लगाई टिपोट गर्ने | • भूकम्प पछाडि देखिने असरहरू के के हुन् ?<br>• प्राकृतिक प्रकोप के कारणले आउँछ लेख्नुहोस् ।<br>• घरायासी औजारहरूको प्रयोग गर्दा के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ? | • तपाईंको घरपरिवारको नजिकै कुनै पहिरो गएको स्थान होला । त्यहाँ पुगी अवलोकन गर्नुहोस् र स्थानीयसँग सोधपुछ गरी पहिरो जानुका कारण र त्यसका असर खोजी रिपोर्ट तयार पार्नुहोस् । | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामग्रीहरू प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू समेटेका चित्र तथा भिडियो सन्देशहरू | • आवश्यकतानुसार शिक्षकले तयार पारेका तथा सङ्कलन गरेका चार्ट र भिडियो प्रदर्शन गरी सहजीकरण गर्ने,<br>• सम्भावित दुर्घटनाबाट बँच्न आगो, पानी, बिजुली स्विच, अग्लो स्थान, इलेक्ट्रोक सामग्री, ग्याँस र घरायसी औजार चलाउँदा अपनाउनुपर्ने सचेतनाका कुराहरू चार्ट तथा भिडियो सन्देश प्रदर्शन गरी छलफल गराउने र विद्यालयमा प्रयोग गर्न सकिने सामग्रीहरूको प्रयोग नमुना प्रदर्शन गर्ने । | | | |
| ७. कला, साहित्य र धर्म, संस्कृति | ६.७.१.समुदायका स्थानीय कला, साहित्य, धार्मिक संस्कार र संस्कृतिको पहिचान गर्न<br><br>६.७.२. स्थानीय रीतिरिवाज, भेषभूषा र सांस्कृतिक मूल्यहरूको महत्व बताउन<br><br>६.७.३.स्थानीय चाडपर्वहरू र तिनीहरूको ऐतिहासिक र धार्मिक महत्व बताउन<br><br>६.७.४. स्थानीय वाद्ययन्त्रहरूको प्रयोग गरी मौलिक गीत, सङ्गीत र नृत्यहरूको सिर्जना गर्न | • स्थानीय कला, साहित्य, धार्मिक संस्कार र संस्कृतिको पहिचान<br>• स्थानीय रीतिरिवाज, भेषभूषा र सांस्कृतिक मूल्यहरूको महत्व<br>• स्थानीय क्षेत्रका विभिन्न चाडपर्वहरू, तिनीहरूको ऐतिहासिक र धार्मिक सन्दर्भ, मनाउने समय र तरिका<br>• स्थानीय वाद्ययन्त्रहरूको प्रयोग गरी मौलिक गीत, सङ्गीत र नृत्यहरूको सिर्जना | • स्थानीय वाद्ययन्त्रहरू जस्तै मादल, बाँसुरी खैजडी आदि<br>• जतिगत धार्मिक संस्कारको सूची<br>• स्थानीय पुस्तक पत्रपत्रिका<br>• चाडपर्वका तस्विरहरू, भिडियोहरू<br>• जाति तथा समुदाय झल्किने पोसाकहरू<br>• चाडपर्व र मनाउने समयको सूची<br>• गीत तथा नृत्यका भिडियोहरू | • विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरेर एक समूहलाई स्थानीय कला र साहित्य अर्को समूहलाई धार्मिक संस्कार र संस्कृति खोजी गरी सूची तयार पार्न लगाउने,<br>• स्थानीय रीतिरिवाज, भेषभूषा र सांस्कृतिक मूल्यसँग सम्बन्धित चार्ट, तस्विर, भिडियो क्लिप, पोसाक प्रदर्शन गरी तिनीहरूको महत्वका विषयमा छलफल र प्रश्नोत्तर गराउने,<br>• स्थानीय क्षेत्रका विभिन्न चाडपर्वहरू, तिनीहरूको ऐतिहासिक र धार्मिक सन्दर्भ सहित मनाउने समय र तरिकाको चार्ट प्रस्तुत गर्दै विद्यार्थीका अनुभवहरू प्रस्तुत गर्न लगाउने,<br>• आवश्यकतानुसार स्रोतव्यक्तिको सहयोगमा मादल, बाँसुरी, खैजडी, मुजुरा, नौमती बाजा जस्ता स्थानीय वाद्ययन्त्रहरू बजाउने अभ्यास गराई मौलिक गीत तथा नृत्य प्रस्तुत गर्न अभिप्रेरित गर्ने । | • स्थानीय कला, साहित्य र धार्मिक संस्कारको छुट्टाछुट्टै सूची तयार पार्नुहोस् ।<br>• स्थानीय रीतिरिवाज, भेषभूषा र सांस्कृतिक मूल्यहरूको महत्व किन रहेको छ ?<br>• स्थानीय चाडपर्वको कुनै दुईवटा महत्व बताउनुहोस् । | • तपाईंको आफ्नो क्षेत्रको भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व झल्कने गीतको रचना गरी कक्षामा सुनाउनुहोस् । | १२ |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | ६.८.१. स्थानीय तहको सरकारको अवधारणा, यसको गठन प्रक्रिया र कार्यहरूसँग परिचित हुन<br><br>६.८.२. स्थानीय स्तरमा सञ्चालित सरकारी र गैरसरकारी | • स्थानीय तहको सरकार, गठन प्रक्रिया र कार्यहरू<br>• स्थानीय स्तरमा संचालित सरकारी र गैरसरकारी संघ संस्थाहरूका कार्यहरू<br>• स्थानीय तहमा हुने योजना तर्जुमा प्रक्रिया | • स्थानीय तहको सरकार गठन प्रक्रिया र कार्यहरू विवरण चार्ट, स्लाइड वा भिडियो क्लिप,<br>• स्थानीय सरकार सञ्चालन ऐन | • स्थानीय तहको सरकार गठन प्रक्रिया र कार्यहरू विवरण चार्ट, स्लाइड वा भिडियो क्लिप देखाई गाउँ कार्यपालिका, र व्यवस्थापिकाको गठन प्रक्रियाका बारेमा स्पष्ट पार्ने,<br>• गाउँपालिका शिक्षा शाखा प्रमुखलाई आमन्त्रण गरी गाउँपालिकाका शिक्षा | • स्थानीय सरकारको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>• स्थानीय सरकारका कुनै पाँच वटा कार्यहरू बताउनुहोस् । | • तपाईंको स्थानीय स्तरमा रहेका कुनै दुई स्थानीय संघ संस्थाहरूको खोजी गरी तिनीहरूले गर्ने कामको विवरण तयार पारी प्रस्तुत गर्नुहोस् । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संघ संस्थाहरूका कार्यहरू बताउन<br><br>६.८.३. स्थानीय तहमा हुने योजना तर्जुमा प्रक्रिया बताउन | | • स्थानीय सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यको चार्ट पेपर, तस्विर तथा ब्रउसरहरू<br>• संघ संस्थाहरूसँग सम्बन्धित वृत्तचित्र र भिडियोहरू | सम्बन्धी विषयवस्तु (विद्यालयहरू, साक्षरता दर (महिला, पुरुष), अध्ययनरत बालबालिका सङ्ख्या, शैक्षिक सुधारका लागि गाउँपालिकाले गरेका प्रयासहरू) मा जानकारी दिन लगाउने, विद्यार्थीलाइ टिपोट गर्न लगाउने र छलफल गराउने; यस्तै अन्य शाखा प्रमुखलाई पनि आमन्त्रण गरी कार्यहरूबारे प्रष्ट पार्न सकिने,<br>• श्रव्य, दृश्य सामग्रीको माध्यमबाट योजना तर्जुमा प्रक्रियाको बारेमा जानकारी दिने । | • स्थानीय स्तरमा सञ्चालित सरकारी र गैरसरकारी संघ संस्थाहरूका कार्यहरू उल्लेख गर्नुहोस् ।<br>• स्थानीय तहमा हुने योजना तर्जुमा प्रक्रिया समेटेर एउटा पोष्टरको नमुना तयार पार्नुहोस् । | | |
| ९. मानव मूल्य र मान्यता | ६.९.१. मान्यजनहरूप्रति आदर तथा आतिथ्यताको भावनाको विकास र अभ्यास गर्न<br><br>६.९.२. समानुभूति सिप हाँसिल गरी अरूको भावना बुझ्न र सो अनुसारको व्यवहार प्रदर्शन गर्न<br><br>६.९.३. सामुदायिक सहयोगका क्रियाकलापहरूमा सहभागी भई योगदान पुऱ्याउन<br><br>६.९.४. प्रभावकारी सञ्चार र डिजिटल साक्षरता सिपहरूको विकास गर्न | • मान्यजनहरूप्रति गरिने आदर तथा आतिथ्यताको अभ्यास<br>• समानुभूतिको सिप र सोअनुकूलको व्यवहार<br>• सामुदायिक सहयोगका क्रियाकलापहरूमा सहभागी भई योगदान<br>• प्रभावकारी सञ्चार र डिजिटल साक्षरताका सिपहरू | • दसैं, तिहार, तीज, ल्होसार, होलीपूर्णिमा लगायत विभिन्न जात विशेषका पर्वमा आतिथ्यता प्रदर्शन गरेका चित्र, तथा भिडियो क्लिपहरू<br>• सन्दर्भ पुस्तकहरू<br>• मोबाइल, कम्प्युटर,<br>• गीत (स्थानीय सर्जकले सिर्जना गरेका जस्तै चरी लैजा समाचार..जस्ता गीत सुनाउने) | • मान्यजनहरूप्रतिको आदरसत्कार र अतिथिको बारेमा बताउने, छलफल गर्ने र अन्तरक्रिया गर्ने गराउने,<br>• चरी लैजा समाचार..जस्ता गीत भिजुअल सहित सुनाउने र छलफल गरेर विपत्तिमा परेका मानिसप्रति समानुभूति भावको विकासमा प्रोत्साहन गर्ने,<br>• कारुणिक भिडियो, डकुमेन्ट्री आदि प्रदर्शन गर्ने वा करुणरस प्रधान भएका कथा सुनाएर त्यसमा भएका घटना र पात्रहरूको अवस्थाका बारेमा चर्चा गर्दै के कस्तो सहयोग गर्न सकिन्छ भनी छलफल गराउने,<br>• विभिन्न समाजसेवीको उदाहरण र सन्दर्भ सामग्री प्रस्तुत गर्दै सामुदायिक सहयोगका कार्यमा सरिक गराउने/हुन प्रेरित गर्ने,<br>• सञ्चार र सञ्चार सामग्रीका बारेमा बताउँदै डिजिटल सामग्रीको प्रयोगमा ध्यान दिनुपर्ने पक्षहरूबारे खोजी गर्न लगाउने र सुरक्षित तरिकाले डिजिटल सामग्रीको प्रयोगमा प्रभावकारी अभ्यास गराउने । | • हामीले मान्यजनहरूप्रति कस्तो व्यवहार प्रदर्शन गर्नुपर्दछ ?<br>• समानुभूतिको प्रदर्शन भएका कुनै एक विषयमा चित्र कोरेर देखाउनु होस् ।<br>• सामुदायिक सहयोगका कार्यमा सरिक हुँदाको अनुभव कक्षामा सुनाउनुहोस् ।<br>• धेरैजसो डिजिटल सामग्रीको प्रयोग गर्दा किन पासवर्डको प्रयोग गरिन्छ ? | • तिम्रो घर वा छिमेकमा विवाह वा अन्य कार्य मा तपाईंले के कसरी सहयोग पुऱ्याउनु भयो विवरण लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ६.१०.१. कम्पोस्ट मल निर्माण तथा रासायनिक मल तथा बिषादीहरूको सुरक्षित प्रयोग गर्न<br><br>६.१०.२.फलफूलका विरुवा सारेर संरक्षण गर्न<br>६.१०.३. प्रकृतिमा आफैँ उत्पादन हुने फलफूलहरूको पहिचान, सङ्कलन, प्रयोग र संरक्षण गर्न | • कम्पोस्ट मल निर्माण तथा रासायनिक मल तथा विषादीहरूको सुरक्षित प्रयोग<br>• कम्तीमा एक प्रजातिको फलफूलका विरुवा (सुन्तला, कागती, अम्बा, किवी, हलुवाबेद, मौसम, निबुवा, खुपानी, केरा, आँप, लिची, नास्पती, अङ्गुर) घरमा सारेर संरक्षण<br>• प्रकृतिमा आफैँ उत्पादन हुने फलफूल (ऐसेलु, चुत्रो, कटुस, काफल, चिउरी, तिजु, अंगेरी, लप्सी, दमौरा, आदि) | • कम्पोस्ट मल निर्माणका लागि आवश्यक सामग्रीहरू, रासायनिक मल तथा बिषादीको सुरक्षित प्रयोगका चार्टहरू<br>• फलफूलका बिउ तथा विरुवा<br>• (सुन्तला, कागती अम्बा, निबुवा खुर्पानी, केरा, किवी, नास्पती, मौसम, हलुवावेत, अङ्गुर, आँप, लिची, मेवा)<br>• प्रकृतिमा उत्पादित वस्तुहरू :ऐँसेलु, चुत्रो, काफल, चिउरी तिजु लप्सी, कटुस, दमौरा,अंगेरी आदि | • घर तथा विद्यालयमा उत्पन्न हुने कुहिने खालका वस्तुहरू सङ्कलन गरी खाडलमा राख्ने, शिक्षक तथा अभिभावकको सहयोगमा कम्पोस्ट मल निर्माण गर्न लगाउने,<br>• रासायनिक मल तथा विषादीहरूको विकल्पमा घरेलु उपायहरूको खोजी गर्न लगाउने,<br>• विषादीहरूको प्रयोग गर्नै पर्ने अवस्थामा सुरक्षित प्रयोग गर्ने तरिकाहरू सिकाउने,<br>• गाउँपालिकाको कृषि शाखा, स्थानीय कृषकहरू तथा अन्य सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी स्थानीय परिवेश सुहाउँदा फलफूलका विरुवाहरू प्रबन्ध गर्ने,<br>• उपयुक्त मौसममा विरुवाहरू सार्न लगाई संरक्षणका कार्यहरू गर्न लगाउने,<br>• स्थानीय स्तरमा पाइने तर प्रकृतिमा आफैँ उत्पादन हुने फलफूलहरू जस्तै ऐँसेलु, चुत्रो, काफल, चिउरी, तिजु, लप्सी आदिको पहिचान गराई सङ्कलन, उपयोग गर्ने,<br>• वनजङ्गलमा रहेका फलफूलका बोटहरूको संरक्षण गर्न प्रेरित गर्ने । | • तपाईंको घर तथा विद्यालयमा कुहिने खालका सामग्रीहरू सङ्कलन गरी कम्पोस्ट मल तयार गर्नुहोस् ।<br>• स्थानीय परिवेशमा लगाउन सकिने फलफूलहरूको सूची बनाई लगाउने समय र तरिका तालिकामा देखाउनुहोस् ।<br>• आफ्नो गाउँपालिकाभित्र प्रकृतिमा आफैँ उत्पादन हुने के कस्ता फलफूलहरू छन्, खोजेर सूची तयार पार्नुहोस् । | • घर तथा विद्यालयमा सार्न सकिने कम्तीमा एक प्रजातिको फलफूलका विरुवा (सुन्तला, कागती, अम्बा, किवी, हलुवाबेद, मौसम, निबुवा, खुपार्नी, केरा, आँप, लिची, नास्पती, अङ्गुर) सारेर तलको तालिकका अनुसारका कार्यहरू गर्नुहोस् :<br>(क) विरुवाको नाम<br>(ख) सारेको मिति<br>(ग) सिँचाइ गरेको मिति<br>(घ) गोडमेल गरेको मिति<br>(ङ) संरक्षणका लागि गरेका कार्यहरू<br>(च) आइपरेका समस्या<br>(ङ) समाधानका लागि गरेका प्रयासहरू<br>(च) प्रगति अवस्था<br>(छ) कार्य सम्पादनबाट प्राप्त सिकाइ | २५ |

मोदी गाउँपालिका २०८०

## कक्षा ७ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ. |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | ७.१.१. मोदी गाउँपालिकाको भौगोलिक, ऐतिहासिक र जलवायुको सामान्य जानकारी दिन<br><br>७.१.२. पर्वत जिल्लाको नक्सा बनाई आफ्नो गा.पा. तथा नदी, खोला, झरना, कोत, बाटो, बजार र धार्मिक तथा पर्यटकीय स्थल, जलविद्युत् केन्द्र, मुख्य बस्ती, मुख्य सडक आदि भरेर देखाउन<br><br>७.१.३. मोदी गाउँ पालिकाको जनसांख्यिक बनोटको अबस्था र बिशेषता बताउन<br><br>७.१.४. गुगल अर्थ वा अन्य सूचना प्रविधिको माध्यमबाट गाउँपालिकाका भौगोलिक तथ्यहरूको खोजी गर्न | • गाउँपालिकाको भौगोलिक, आकार क्षेत्रफल, ऐतिहासिकता, जलवायुको अवस्था<br>• हावापानीका प्रकार र प्रभाव पार्ने तत्व (अक्षांश, उचाइ, पहाडी स्वरूप,माटो, वन)<br>• पर्वत जिल्लाको नक्सा बनाई आफ्नो गा.पा.का विभिन्न तथ्यहरू भर्ने अभ्यास (नदी, खोला, पञ्चासे ताल, चित्रे सानदह/हिमछायाँ ताल, राम्जा महभिर झरना, देउपुर सुतलहरी, जुकेपानी, कल्छ्यौरी झरना, चित्रे छहरे झरना, भुते छहरा (भुक र रातमाटा), क्याङ मजुवा झरना, सहस्रधारा, बजार र धार्मिक तथा पर्यटकीय स्थल, जलविद्युत् केन्द्र)<br>• छिमेकी पालिकाको परिचय र तुलनात्मक अध्ययन<br>• मोदी गाउँपालिकाको जनसांख्यिक बनोटको अवस्था र बिशेषता<br>• जनसंख्याको पेसागत जानकारी, जनशक्तिको प्रकार<br>• गुगल अर्थ वा अन्य सूचना प्रविधिको माध्यमबाट गाउँपालिकाका भौगोलिक तथ्यहरूको खोजी | • मेटाकार्ड<br>• पर्वत जिल्लाको नक्सा<br>• मोदी गापाको राजनीतिक र प्रशासनिक नक्सा<br>• मोदी गापाको जनसंख्या बनोट र विशेषता चार्ट, स्लाइड, कम्प्युटर, प्रोजेक्टर<br>• मोबाइल, गुगल अर्थ एप | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको नक्सा देखाई भौगोलिक अवस्थिति (सिमाना, क्षेत्रफल, वडाहरू, प्रशासनिक केन्द्र, सडक, नदी, धार्मिक र पर्यटन क्षेत्र, राम्जा महभिर झरना, देउपुर सुतलहरी, जुकेपानी, कल्छ्यौरी झरना, चित्रे छहरे झरना, भुते छहरा (भुक र रातमाटा), क्याङ मजुवा झरना, सहस्रधारा, बसोबासका मुख्य क्षेत्रहरूको बारेमा बताउने,<br>• नक्सा, स्लाइड, भिडीयो क्लिप प्रयोग गरी प्रश्नोत्तर गर्ने,<br>• हावापानीमा प्रभाव पार्ने तत्वहरू (अक्षांश, उचाइ, पहाडी स्वरूप, माटो, वन) को स्लाइड वा भिडियो क्लिप देखाउँदै छलफल प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• पर्वत जिल्लामा मोदी गापाको नक्सा कोर्न लगाई सिमाना, क्षेत्रफल, वडा विभाजन, मुख्य सडक, नदी, ताल, पर्यटन स्थल, प्रशासनिक क्षेत्र भर्ने अभ्यास गराउने,<br>• मोदी गापाको जनसांख्यिक बनोट तथा विशेषता तालिका वा कम्प्युटर स्लाइड प्रस्तुत गरी छलफल प्रश्नोत्तरमार्फत् सहजीकरण गर्ने,<br>• जीपीएस तथा डिजिटल नक्सा, गुगल अर्थ आदिको प्रयोग गरी मोदी गापाका भौगोलिक तथ्यहरू खोजी गर्ने अभ्यास गराउने । | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको नक्सा कोरी विभिन्न तथ्यहरू भर्नुहोस् : सडक, नदी, ताल, पर्यटनक्षेत्र, धार्मिक स्थल<br>• मोदी गापामा कुन कुन मुख्य जातजाति बसोबास गर्छन् ?<br>• मोदी गापाको प्रशासनिक केन्द्रको नाम भन्नुहोस् ?<br>• मोदी गा.पा.को मुख्य नदीको नाम भन्नुहोस् । | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको वडा विभाजनको नक्सा कोरी निम्न तथ्य भर्नुहोस् :<br>मुख्य बस्ती क्षेत्र, व्यापारिक केन्द्र, पातीचौर क्याङ सडक, पातीचौर लेस्पार सडक, पातीचौर चित्रे सडक प्रशासनिक केन्द्र, जलविद्युत केन्द्र, मध्य पहाडी लोकमार्ग, मोदी नदी, महभिर झरना, मजुवा झरना, पञ्चासे ताल, विद्यालय, स्वास्थ्य संस्था, वन क्षेत्र, सुन्तला उत्पादन क्षेत्र आदि । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ७.२.१. गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको उपयोग, संरक्षण र सम्बर्द्धनमा स्थानीय स्तरमा भएका प्रयासहरूमा सहभागिता जनाउन<br><br>७.२.२. स्थानीय जैविक विविधताको सूचीकरण गरी संरक्षणका उपायहरू बताउन<br><br>७.२.३. विभिन्न प्रजातिहरू बिचको पारिस्थितिक प्रणाली, अन्तरनिर्भरता, महत्व र सन्तुलन बारेमा बताउन<br><br>७.२.४. स्थानीय क्षेत्रमा पाइने दुर्लभ जीव तथा वनस्पतिको परिचय, महत्व र संरक्षणका उपाय बताउन | • प्राकृतिक सम्पदाहरूको उपयोग, संरक्षण र सम्बर्द्धनमा स्थानीय स्तरमा भएका प्रयासहरूमा सहभागिता<br>• स्थानीय जैविक विविधताको सूचीकरण, संरक्षणका उपाय र प्रयासहरू<br>• विभिन्न प्रजातिहरू तिनीहरू बिचको पारिस्थितिक प्रणाली, अन्तरनिर्भरता, महत्व र सन्तुलनको अवस्था<br>• स्थानीय क्षेत्रमा पाइने दुर्लभ जीव (स्याल, फ्याउरो, पहाडी गाई, खरी बाखा) तथा वनस्पति (सँजिवन, केतुकी, सिउँडी, सिपलीकान, कोइरालो) को परिचय, महत्व र संरक्षण | • प्राकृतिक सम्पदा संरक्षण र सम्बर्द्धनमा भएका प्रयासको भिडियो तथा चित्र<br>• स्थानीय जैविक विविधता जनाउने चित्र तथा चार्टहरू<br>• पारिस्थितिक प्रणाली, अन्तरनिर्भरता जनाउने, चित्रात्मक प्रस्तुति गर्ने तालिका<br>• स्थानीय क्षेत्रमा पाइने दुर्लभ जीव तथा वनस्पतिका चित्र तथा वस्तु (स्याल, फ्याउरो, पहाडी गाई, खरी बाखा, सँजिवन, केतुकी, सिउँडी, सिपलीकान, कोइरालो आदि) | • गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको उपयोग, संरक्षण र सम्बर्द्धनमा स्थानीय स्तरमा भएका प्रयासहरूको बारेमा आफ्नो नजिक पायक पर्ने स्थानको भ्रमण अवलोकन गरी गराई रिपोर्ट अनुभव गरेका कुराहरू व्यक्त गर्न लगाउने,<br>• स्थानीय जैविक विविधताका कुराहरू पत्ता लगाउन स्वाध्ययन गर्नका लागि स्थानीय जैविक विविधताको क्षेत्रगत भ्रमण गरी वा भिडियोबाट प्रदर्शन गरी गराई कक्षाकोठा फर्केपछि छलफलबाट जैविक विविधता संरक्षणका उपायहरूको सूची तयार पार्न लगाउने,<br>• विभिन्न प्रजातिहरूबिचको पारिस्थितिक प्रणालीको नमुना भिडियो प्रदर्शन गरी अन्तरनिर्भरता कस्तो छ भनी छलफल गराउने,<br>• पारिस्थितिक प्रणालीको महत्व र सन्तुलनबारे समूहमा छलफल गर्न लगाई अन्त्यमा शिक्षकले निचोड प्रस्तुत गर्ने,<br>• स्थानीय क्षेत्रमा पाइने दुर्लभ जीव तथा वनस्पतिको बारेमा स्थानीय व्यक्ति वा वन कार्यालयसँग सोधपुछ गरी सूची तयार गर्ने गराउने,<br>• दुर्लव जीव तथा वनस्पतिको महत्व बोध गराई संरक्षणका उपायहरू समूहमा छलफल गर्ने गराउने र संरक्षण कार्यका लागि प्रेरित गर्ने । | • प्राकृतिक सम्पदाहरूको उपयोग, संरक्षण र सम्बर्द्धनमा स्थानीय स्तरमा भएका प्रयासहरू के के छन् ? लेख्नुहोस् ।<br>• स्थानीय जैविक विविधताको सूचीकरण गरी संरक्षणका उपाय र प्रयासहरू बताउनुहोस् ।<br>• पारिस्थितिक प्रणाली, जनाउने चित्र कोर्नुहोस् ।<br>• पारिस्थितिक प्रणालीको अन्तरनिर्भरताको महत्व दर्शाउनुहोस् ।<br>• स्थानीय क्षेत्रमा पाइने दुर्लभ जीव तथा वनस्पतिको परिचय, महत्व र संरक्षणका उपाय प्रस्तुत गर्नुहोस् । | • गाउँपालिकाका प्राकृतिक सम्पदाहरूको उपयोग, संरक्षण र सम्बर्द्धनमा स्थानीय स्तरमा सहभागी भएर तलको विवरणका आधारमा प्रतिवेदन तयार पार्नुहोस् :<br>१.विद्यार्थीको नाम :<br>२.कामको विवरण :<br>३.सहभागी भएको मिति :<br>४.सहभागी संख्या :<br>५.प्रयोग भएका सामग्री :<br>६.अनुमानित लागत :<br>७.लाभान्वित संख्या :<br>८.उपयोगिता :<br>९.सुझाव :<br>१०.सिकाइ : | १० |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. सिप र प्रविधि | ७.३.१. स्थानीय सन्दर्भमा परम्परागत सिप र प्रविधिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व बताउन र दैनिक जीवनमा उपयोग गर्न<br><br>७.३.२. आधुनिक प्रविधिले स्थानीय परम्परागत सिप तथा प्रविधिमा पारेको प्रभावको मूल्याङ्कन गर्न<br><br>७.३.३. घरायसी प्रयोगमा आउने उपकरणहरूको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू हाँसिल गर्न | • परम्परागत सिप र प्रविधिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व<br>• दैनिक जीवनमा परम्परागत सिप र प्रविधिको उपयोग (कोल, घट्ट, चर्खा, ओखल, आरन, तान, लोरोसिलौटो, जाँतो)<br>• आधुनिक प्रविधिले स्थानीय परम्परागत सिप तथा प्रविधिमा पारेको प्रभावको मूल्याङ्कन (फाइदा र बेफाइदा)<br>• घरायसी प्रयोगमा आउने उपकरणको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू (काँइयो, ब्लेड, कैँची, धारा तथा पाइप जडान, विद्युतीय चुलोको प्रयोग विधि, घरेलु जडीबुटी प्रयोग गरी फेसियल, कपाल काट्ने र बाट्ने, थ्रेडिङ, प्रेसर कुकर मर्मत, राइस कुकर मर्मत तथा होल्डर, बल्व, फ्युजसम्बन्धी सामान्य सिप) | • परम्परागत सिप र प्रविधिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व सम्बन्धी चार्ट<br>• कोल, घट्ट, चर्खा, ओखल, आरन, तान लोरोसिलौटो, जाँतो तथा यी वस्तुहरू प्रयोग गर्ने तरिका प्रस्तुत भएका भिडियोहरू<br>• पानीको धारो, प्रेसर कुकर, राइस कुकर मर्मत भिडियो,<br>• आधुनिक प्रविधिले परम्परागत सिप तथा प्रविधिमा पारेको फाइदा र बेफाइदा उल्लेख भएको चार्ट<br>• धारा, पाइप जडान र विद्युतीय चुलो, सम्बन्धित सामग्री<br>• घरेलु जडीबुटी प्रयोग गरी फेसियल गर्ने युट्युव भिडियो सामग्रीहरू<br>• काँइयो, क्लेड, कैँची तथा थ्रेडिङ सामग्रीहरू<br>• होल्डर, बल्व, फ्युज र यी सामग्री फेर्दा आवश्यक सामग्रीहरू | • परम्परागत सिप र प्रविधिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व सम्बन्धी चार्ट प्रस्तुत गरी समूहमा छलफल चलाउने,<br>• दैनिक जीवनमा प्रयोग हुने परम्परागत सिप (कोल, घट्ट, चर्खा, ओखल, आरन, तान, लोरोसिलौटो, जाँता) को प्रयोगबारे भिडियो क्लिप देखाई यी प्रविधिको दैनिक व्यवहारमा प्रयोग गर्न प्रेरित गर्ने,<br>• आधुनिक प्रविधिले स्थानीय परम्परागत सिप तथा प्रविधिमा पुऱ्याएको फाइदा र बेफाइदाका विषयमा चार्ट प्रयोग गर्दै प्रश्नोत्तरका माध्यमबाट सहजीकरण गर्ने,<br>• सामग्री जुटाएर कक्षामा पानीको धारो जडान, प्रेसर कुकर तथा राइस कुकर मर्मत र साथीको कपाल काट्ने तथा बाट्ने अभ्यास गराउने,<br>• विद्युतीय चुलोको प्रयोग, घरेलु जडीबुटी प्रयोग गरी फेसियल, होल्डर, बल्व, प्युज परिवर्तन गर्ने सिपसँग सम्बन्धित भिडियो सामग्री प्रदर्शन गरी सोअनुसार अभ्यास गराउने,<br>• सुन्दरता सम्वन्धित भिडियो क्लिप प्रदर्शन गर्दै घरायसी फेसियल क्रिम बनाउने अभ्यास गराउने । | • परम्परागत सिप र प्रविधिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व लेख्नुहोस् ।<br>• तपाईंको समुदायमा के कस्ता परम्परागत सिप र प्रविधिहरू प्रयोगमा रहेका छन् ? यिनीहरूको संरक्षण कसरी गर्न सकिन्छ ?<br>• आधुनिक प्रविधिको प्रयागले स्थानीय सिप तथा प्रविधिमा के कस्तो असर पुऱ्याएको छ ?<br>• छात्रले साथीको कपाल काटेर र छात्राले साथीको कपाल बाटेर देखाउनुहोस् ।<br>• घरायसी कुन कुन जडीबुटीको प्रयोग गरी फेसियल पेस्ट बनाउन सकिन्छ ? | • स्थानीय कच्चा पदार्थ तथा जडीबुटीको प्रयोग गरेर फेसियल पेष्ट तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् : | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो पेसा र व्यवसाय | ७.४.१. स्थानीय उत्पादनमा आधारित उपभोक्ताका प्राथमिकताहरूको पहिचान गर्न<br><br>७.४.२.घरेलु सामग्रीहरूको निर्माण गरी उत्पादनलाई स्थानीय बजार/हाट बजारमा बिक्री गर्न<br><br>७.४.३. स्थानीय कृषि, उद्योग र पर्यटनसँग सम्बन्धित रैथाने व्यवसायको संरक्षण र प्रवर्धनमा सहयोग गर्न | ● स्थानीय उत्पादन र उपभोक्ताका प्राथमिकताहरू<br>● घरेलु सामग्रीहरूको निर्माणमा सहभागी भई उत्पादनलाई स्थानीय बजार/हाट बजारमा बिक्री<br>● कुचो, बाँसको त्याक, डोको, नाम्लो, चकटी, टोपी, गलबन्दी, झोला आदिमध्ये कुनै दुईवटा घरेलु सामग्रीहरू तयार गर्ने<br>● स्थानीय उत्पादन, पर्यटन र घरेलु उद्योगहरूको संरक्षण र प्रवर्धनका लागि फार्मदेखि स्कुल र स्कुलदेखि फार्मसम्म कार्यक्रममा सहभागिता | ● स्थानीय उत्पादित सामग्रीहरू खपतका रेकर्डहरू<br>● अम्रिसो, बाँस, निगालो, बेत, भुत्ला, पराल, अल्लोको धागो | ● बजारमा बढी खपत हुने स्थानीय वस्तुहरूको खोजी गर्न लगाई बिक्री परिमाणका आधारमा प्राथमिकता निर्धारण गर्न लगाउने,<br>● विज्ञ व्यक्तिहरूलाई विद्यालयमा आमन्त्रण गरी विभिन्न घरेलु सामग्री निर्माण कार्यको अभ्यास गराउने वा घर तथा समुदायमा रहेका सिपालु व्यक्तिहरूको सहायोगमा सामग्रीहरूको निर्माण गरी विद्यालयमा प्रदर्शन गर्ने,<br>● उत्पादित सामग्रीहरूको बिक्री वितरणको लागि विद्यालयले बजारीकरणको व्यवस्था मिलाउने<br>● स्थानीय व्यवसायहरू (कुखुरा, माछा, बङ्गुर, भैंसी, गाई, बाखा, माहुरी पालन, होमस्टे), घरेलु उद्योग र पर्यटन क्षेत्रको अवलोकन भ्रमण गराउने,<br>● व्यवसायीहरूका व्यवसायीक अनुभवहरू सुन्ने र उत्पादित सामग्रीहरूको प्रयोगसँग परिचित गराउने,<br>● व्यवसायबाट उत्पादित सामग्रीहरूलाई घर तथा विद्यालयमा प्रयोग गर्न प्रेरित गर्ने । | ● बिक्री परिमाणका आधारमा स्थानीय उत्पादनहरूको प्राथमिकताक्रम प्रस्तुत गर्नुहोस् ।<br>● विद्यार्थीहरूले निर्माण गरेका सामग्रीहरूलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>(क) निर्माण गरेको वस्तु<br>(ख) प्रयोग भएका सामग्री<br>(ग) निर्माणको तरिका<br>(घ) उपयोगिता<br>(ङ) बिक्री मूल्य | ● विद्यार्थीहरूलाई विभिन्न समूहमा बाँडेर स्थानीय बजारको अवलोकन गराई धेरै बिक्री वितरण हुने स्थानीय उत्पादनका सामग्रीहरूको प्राथमिकता निर्धारण गरी कारणहरूको खोजी गर्नुहोस् ।<br>● वरपरका कृषि फार्मको अवलोकन गराई फार्मबाट विद्यालयमा प्राप्त हुन सक्ने वस्तु तथा सेवा र विद्यालयबाट फार्मलाई प्रदान गर्न सकिने सेवाको खोजी गर्न लगाउनुहोस् । | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. स्वास्थ्य पोषण र सरसफाइ | ७.५.१ स्थानीय खाना तथा परिकारहरूको महत्वबोध गरी ती परिकारहरू निर्माण गर्ने सिपहरूको विकास गर्न<br><br>७.५.२. घरेलु तथा प्राथमिक उपचार पद्धतिसँग परिचित भई सामान्य अभ्यास गर्न<br><br>७.५.३. हठ योग र ध्यान योगको व्यावहारिक अभ्यास गर्न<br><br>७.५.४. वातावरण प्रदूषण र फोहोरमैला व्यवस्थापनका उपायहरू बताउन<br><br>७.५.५.तनाव व्यवस्थापनको परिचय दिन | • स्थानीय खाना तथा परिकारहरूको महत्व र परिकारहरू निर्माण गर्ने सिपहरू (खिर, पनिर र कुराउनी पकाउने अभ्यास)<br>• घरेलु र प्राथमिक उपचार पद्धतिको सामान्य अभ्यास<br>• हठ योग र ध्यान योगको व्यवहारिक अभ्यास (सूर्य नमस्कार)<br>• वातावरण प्रदूषण र फोहोरमैला व्यवस्थापनका उपायहरू<br>• तनाव व्यवस्थापन | • स्थानीय दुग्धजन्य भोजन (खीर पनिर, कुराउनी आदि) का परिकार तयार गर्न आवश्यक खाद्य वस्तुहरू र सामग्रीहरू<br>• विभिन्न चार्टहरू<br>• घरेलु उपचारमा प्रयोग गरिने विभिन्न जडीबुटीहरू<br>• प्राथमिक उपचार बाकस<br>• योग तथा ध्यानसँग सम्बन्धित चार्ट तथा विद्युतीय सामग्रीहरू<br>• तनाव व्यवस्थापनसँग सम्बन्धित श्रव्यदृष्य सामग्रीहरू | • स्थानीय परिकार निर्माणका लागि आवश्यक खाद्यवस्तु सङ्कलन र निर्माण साथै उपभोग गर्ने अभ्यास गराउने,<br>• स्थानीय दुग्धजन्य परिकारहरू जस्तै (खीर, पनिर, कुराउनी) पकाउने तरिकाको प्रदर्शन गर्ने, स्थानीय दुग्ध प्रशोधन तथा उत्पादन केन्द्रहरूको अवलोकन गराउने,<br>• दूधजन्य परिकार बनाउने व्यक्तिहरूलाई विद्यालयमा आमन्त्रित गरी परिकार बनाउने तरिका सिकाउन लगाउने र अभ्यास गराउने,<br>• सामान्य रोगहरू वा चोटपटक लागेको अवस्थामा गरिने घरेलु उपचार पद्धति सम्बन्धी जानकारी संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । यसका लागि आवश्यक जडीबुटीहरूको जानकारी गराउने,<br>• प्राथमिक उपचारका लागि किट बक्समा हुनु पर्ने सामग्रीहरू बताउँदै तिनको प्रयोग सहित सामान्य अभ्यास गराउने,<br>• कक्षाकोठा, विद्यालय तथा समुदायमा हुने वातावरणीय प्रदूषण र फोहोरमैलाका उदाहरणहरू अवलोकन गर्न लगाई व्यवस्थापनका उपायहरू बारे जानकारी गराएर अभ्यास गराउने,<br>• श्रव्यदृश्य सामग्रीहरूमार्फत् योगका विधिहरू प्रदर्शन गरी विद्यार्थीहरूलाई सोही अनुसार अभ्यास गर्न लगाउने,<br>• चार्ट, तस्विर तथा भिडियो प्रदर्शन गरी तनाव व्यवस्थापनको व्यवहारिक सिपहरू सिकाउने । | • स्थानीय खाना हाम्रो लागि किन महत्वपूर्ण छ ?<br>• तपाईको टोल, छिमेक र समुदायमा के के परिकारहरू खाने गरिन्छ ?<br>• पनिर पकाउने तरिका उल्लेख गर्नुहोस् ।<br>• सामान्य योग अभ्यास प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• तपाईंको वरिपरिको वातावरण प्रदूषित हुन नदिन के कस्ता कार्यहरू गर्नुपर्ला ? सुझाव दिनुहोस् ।<br>• स्थानीय तहमा फोहरमैला व्यवस्थापनका उपायहरू उल्लेख गर्नुहोस् ।<br>• हठ योग र ध्यान योगको सामान्य अभ्यास प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• तनाव व्यवस्थापनको परिचय दिनुहोस् । | • विद्यालयमा स्थानीय परिकारहरूमध्ये कुनै एक परिकार साथीहरूको समूह मिलि तयार पार्नुहोस् ।<br><br>• विद्यालयमा एउटा कार्यक्रमको आयोजना गरी घरेलु तथा प्राथमिक उपचारको नमूना प्रदर्शन गर्नुहोस् । | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. विपद् व्यवस्थापन | ७.६.१ स्थानीय स्तरमा विपद् व्यवस्थापन पूर्वतयारीको अवस्था पहिचान गर्न<br><br>७.६.२ विपद् व्यवस्थापनमा स्थानीय व्यक्ति र संघ संस्थाहरूको भूमिका पहिचान गर्न<br><br>७.६.३ ट्राफिक नियमहरूको जानकारी हासिल गरी सडक दुर्घटनाबाट बँच्ने उपायहरू अवलम्बन गर्न | • स्थानीय स्तरमा विपद् व्यवस्थापन पूर्व तयारीको अवस्था<br>• विपद् व्यवस्थापनमा स्थानीय व्यक्ति र संघ संस्थाहरूको भूमिका<br>• ट्राफिक नियमहरू<br>• सडक दुर्घटनाबाट बँच्ने उपायहरू | • भूकम्प, बाढी पहिरो, आगलागी, चट्याङ र हुरीबतास आदि प्राकृतिक प्रकोपहरू आउनु पूर्व गरिएका व्यक्तिगत तथा सामूहिक पूर्वतयारी तथा उद्वार गरेको भिडियो<br>• विभिन्न धरातलीय स्वरूप भएका चित्रहरू<br>• विपत्तिमा सहयोग गर्ने संघ संस्थाहरूको चित्र, भिडियो, लोगो<br>• ट्राफिक सङ्केत तथा चिन्हहरू लेखिएको चार्ट<br>• ट्राफिक बत्तीको ज्ञान दिने चित्र भिडियो<br>• सडक दुर्घटनाबाट बँच्ने उपायहरू भएको चार्ट | • भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ र हुरीबतास आदि प्राकृतिक प्रकोपहहरूबाट उद्धार गरेको तथा विपद् व्यवस्थापनको पूर्व तयारी गरिएका भिडियो र विभिन्न धरातलीय स्वरूप भएका चित्रहरू देखाउने वा विद्यालय वरपरको धरातलीय स्वरूपको अवलोकन गराउने र ती क्षेत्रमा हुन सक्ने मानवीय घटनाको आँकलन गरी त्यहाँ कसरी सुरक्षा उपायहरू गर्न सकिन्छ भनेर छलफल चलाउने,<br>• स्तानीय स्तरमा भएका सम्भावित विपद्को न्यूनीकरणका लागि भएका पूर्व तयारीका कार्यहरूको खोजी गर्न लगाउने,<br>• विपत्तिमा सहयोग गर्ने संघ संस्थाहरूको चित्र भिडियो लोगो देखाउँदै विपत्तिमा सहयोग गर्ने नेपाल प्रहरी, नेपाली सेना, स्थानीय समुदाय, रेडक्रस, स्काउट आदिको कामबारे छलफल गराउने,<br>• ट्राफिक सङ्केत तथा चिन्हहरू लेखिएको चार्टबाट ट्राफिक सङ्केतको परिचय दिने,<br>• ट्राफिक बत्तीको ज्ञान दिने चित्र भिडियो देखाउँदै सडक बत्तीको अवधारणा दिने,<br>• सडक दुर्घटनाबाट बँच्ने उपायहरू छलफल गराउने र चार्ट देखाएर निष्कर्ष दिने,<br>• अभिनय विधिबाट सडक सुरक्षाका गतिविधिमा विद्यार्थीलाई सहभागी गराउने। | • तपाईंको स्थानीय तहमा सम्भावित विपद्को न्यूनीकरणका लागि गरिएका पूर्वतयारीका प्रयासहरूलाई सूचीकरण गर्नुहोस्।<br>• गाडी चढ्दा अपनाउनुपर्ने होसियारी केके हुन ?<br>• भिरालो जग्गामा हिँड्दा कसरी हिड्नुपर्छ ?<br>• स्थानीय रेडक्रस वा स्काउट जस्ता संस्थाले विपत्तिमा कसरी सहयोग गर्छन् ? | • ट्राफिक बत्ती तथा नियमहरूको चित्र तयार गरी त्यस सङ्केतको अर्थ लेखी कक्षामा टाँस्नुहोस्। | १० |
| ७. कला, साहित्य र धर्म, संस्कृति | ७.७.१. स्थानीय कला, साहित्य, र धार्मिक अनुष्ठानहरूको ऐतिहासिक, सामाजिक, र सांस्कृतिक महत्व बताउन<br><br>७.७.२. चाडपर्वमा लगाइने परम्परागत भेषभूषा, तिनीहरूको प्रतीकात्मकता र | • स्थानीय कला, साहित्य र धार्मिक अनुष्ठानहरूको ऐतिहासिक, सामाजिक र सांस्कृतिक महत्व<br>• चाडपर्वमा लगाइने परम्परागत भेषभूषा, तिनीहरूको प्रतीकात्मकता र सांस्कृतिक सान्दर्भिकता<br>• सांस्कृतिक प्रदर्शनमा सङ्गीत, नृत्य, र स्थानीय वाद्ययन्त्रहरूको | • स्थानीय वाद्ययन्त्रहरू जस्तै मादल, बाँसुरी खैजडी<br>• स्थानीय पुस्तक, पत्रपत्रिका<br>• चाडपर्वका तस्विरहरू, लगाइने पोसाक र भिडियोहरू<br>• स्थानीय गीत तथा नृत्यका भिडियोहरू | • आफ्नो समुदायमा रहेका कलात्मक वस्तुहरू/सांस्कृतिक सङ्ग्रहायको अवलोकन अध्ययन गराउने,<br>• विद्यालयको पुस्तकालयमा रहेका साहित्यिक कृतिहरू अध्ययन गरी आफूलाई मन परेको कुनै एक स्थानीय विषयको रचनालाई कक्षामा प्रस्तुत गर्न लगाई सामाजिक सांस्कृतिक महत्वलाई प्रष्ट पार्ने, | • स्थानीय कला, साहित्य र संस्कृतिको महत्वलाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस्।<br>• स्थानीय चाडपर्वमा लगाइने पोसाकले कस्तो अर्थ राख्दछ ?<br>• सामूहिक रूपमा स्थानीय वाद्ययन्त्रको प्रयोग गरी गीत वा नृत्य प्रस्तुत गर्नुहोस्।<br>• स्थानीय कला, साहित्य, र सांस्कृतिक क्षेत्रहरूको संरक्षण | • तलको विवरणको आधारमा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् :<br>(१) चाडपर्वको नाम<br>(२) मनाउने समय<br>(३) मनाउने समुदाय<br>(४) मनाउने तरिका<br>(५ खानेकुरा<br>(६) लगाउने पोसाक<br>(७) सांस्कृतिक महत्व | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सांस्कृतिक सान्दर्भिकता बताउन<br><br>७.७.३. स्थानीय गीत, सङ्गीत र नृत्यको सिर्जनात्मक अभ्यास र प्रदर्शन गर्न<br><br>७.७.४. स्थानीय कला, साहित्य, र सांस्कृतिक क्षेत्रहरूको संरक्षण र प्रवर्धन गर्न | प्रयोग, आधारभूत प्रविधिहरू र समूह प्रस्तुतीकरणहरू<br>• स्थानीय सांस्कृतिक रूपहरू जस्तै मारुनी, सोरठी, रोधी, भजन चुड्का, रत्यौली, वा अन्य परम्परागत प्रस्तुतिहरूको अभ्यास र प्रदर्शन<br>• समुदायमा आयोजना हुने कार्यक्रमहरूमा सांस्कृतिक प्रदर्शन गर्ने सिपको विकास, संरक्षण र सम्बर्द्धन | | • स्थानीय भेषभूषसँग समुदायमा गई तिनीहरूको प्रतीकात्मक र सांस्कृतिक सान्दर्भिकताको खोजी गर्न लगाउने,<br>• स्थानीय गीतका भडियोहरू/मेला महोत्सवहरू/सांस्कृति कार्यक्रमहरू (रोधी, भजन, रत्यौली, चुड्का, मारुनी, आदि) को अवलोकन गरी गीत सङ्गीत नृत्यको सिर्जना अभ्यास र प्रदर्शन गर्न अभिप्रेरित गर्ने,<br>• स्थानीय कला, साहित्य, र सांस्कृतिक क्षेत्रहरूको संरक्षण र प्रवर्धनका कार्यक्रमहरू आयोजना/सहभागी गर्ने गराउने । | र प्रवर्धनका कार्यक्रमहरू आयोजना वा सहभागीताको मूल्याङ्कन गर्नुहोस् । | (९) सम्बर्द्धनका उपाय | |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | ७.८.१. न्यायिक समितिको गठन, काम, कर्तव्य, अधिकार र उजुरी प्रक्रियाबारे बताउन<br><br>७.८.२. स्थानीय तहमा वित्तीय सुशासनको अवधारणा र महत्वबारे बताउन<br><br>७.८.३ बालमैत्री स्थानीय शासनको परिचय, काम, कर्तव्य र अधिकार बताउन<br><br>७.८.४. स्थानीय स्तरका कानून र नियमहरूसँग परिचित हुन | • न्यायिक समितिको गठनकाम, कर्तव्य, अधिकार र उजुरी प्रक्रिया<br>• स्थानीय तहमा वित्तीय सुशासनको अवधारणा र महत्व<br>• बालमैत्री स्थानीय शासनको परिचय, काम, कर्तव्य र अधिकार<br>• मोदी गाउँपालिकाका एन, कानून र नियमहरू | • न्यायिक समितिको गठन, काम, कर्तव्य, अधिकार र उजुरी प्रक्रियाको विवरण समेटेका चार्ट, स्लाइड<br>• वित्तीय सुशासनको अवधारणा र महत्व उल्लेखित भिडियो वा चार्ट<br>• बालमैत्री स्थानीय शासन निर्देशिका साथै घोषणा कार्यविधि<br>• मोदी गाउँपालिकाका स्थानीय ऐन, नियम र कानुनहरू<br>• विभिन्न वेभसाइटहरू | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी न्यायिक समितिको गठन र काम, कर्तव्य, अधिकार र उजुरी प्रक्रिया खोजी गर्न लगाउने,<br>• सन्दर्भ सामग्रीहरूको प्रयोग गरी विद्यार्थीहरूलाई स्थानीय तहमा वित्तीय सुशासनको अवधारणा र महत्वबारे छलफल गराउने र प्राप्त निष्कर्षलाई प्रस्तुत गर्न लगाउने,<br>• विद्यालय तथा कक्षामा बाल क्लबका अध्यक्षको अध्यक्षतामा बालमैत्री स्थानीय शासनको परिचय, काम, कर्तव्य र अधिकार सन्दर्भमा वक्तृत्वकला आयोजना गर्ने,<br>• गाउँपालिकाको वेबसाइट हेर्न लगाई स्थानीय ऐन, नियम र कानूनहरू डाउनलोड गरी अध्ययन गर्न र सामान्य परिचित हुन सहजीकरण गर्ने । | • स्थानीय तहमा वित्तीय सुशासनको अवधारणा र महत्व उल्लेख गर्नुहोस् ।<br>• बालमैत्री स्थानीय शासनको परिचय दिई काम, कर्तव्य र अधिकारकारहरूको सूची तयार पार्नुहोस् ।<br>• स्थानीय स्तरका ऐन नियमहरूको सूची तयार गर्नुहोस् ।<br>• बालमैत्री स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको सहभागिता र प्रस्तुतीकरणको अवलोकन गर्नुहोस् । | • विद्यार्थीहरूलाई तीन ओटा समूहमा विभाजन गरी न्यायिक समितिको सम्बन्धमा निम्न कार्यहरू खोजी गर्न लगाउनुहोस् :<br>क) न्यायिक समितिको गठन प्रक्रिया<br>ख)न्यायिक समितिको काम, कर्तव्य र अधिकार<br>ग) उजुरी प्रक्रिया | १० |
| ९. मानव मूल्य र मान्यता | ७.९.१. समुदायमा जिम्मेवार व्यक्तिका रूपमा आफ्ना अधिकार र कर्तव्यहरूको प्रयोग गर्न | • एक जिम्मेवार व्यक्तिका सामुदायिक अधिकार र कर्तव्यहरू<br>• दैनिक जीवनमा लागु हुने नैतिक मूल्य र आदर्श अनुकूलका व्यवहार | • अधिकार र कर्तव्य झल्कने चित्र, पोष्टर<br>• सन्दर्भ पुस्तकहरू<br>• स्थानीय परिवेशका सकारात्मक कार्यका चित्र तथा कथा | • एक जिम्मेवार व्यक्तिका सामुदायिक अधिकार र कर्तव्यको बारेमा विद्यार्थीलाई एक एक गरी भन्न लगाउने र उक्त कुरा बोर्डमा लेख्ने, सबैको पालोपछि शिक्षकले आफूले तयार गरेको चित्र र पोष्टर टाँस गरेर विद्यार्थीलाई अध्ययन गर्न लगाई | • उद्देश्यका आधारमा निम्न किसिमका प्रश्न सोध्ने :<br>छोटो उत्तरात्मक प्रश्न, खाली ठाउँ भर्ने, ठिक बेठिक लेख्ने, छोटो अनुच्छेद लेख्ने, फरक छुट्टाउने, सूची तयार पार्ने, | • साइबर नैतिकताका विषयमा गुगल वा युट्युवमा सर्च गरी सिकेका कुराहरू लेखी कक्षामा सुनाउनुहोस् ।<br>• तपाईंको समुदायमा रहेको कुनै एक सहकारी वा बैंकको | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७.९.२. दैनिक जीवनमा लागू हुने नैतिक मूल्य र आदर्शअनुकूलका व्यवहार प्रदर्शन गर्न<br><br>७.९.३. साइबर नैतिकताका उपायहरू अवलम्बन गर्न<br><br>७.९.४. वित्तीय साक्षरताको आधारभूत कुराहरू बताउन<br><br>७.९.५. सामुदायिक समस्याहरू समाधानका लागि सहकार्य सिपहरूको विकास गर्न | • सकारात्मक सोचको विकास<br>• साइबर नैतिकताका उपायहरू<br>• वित्तीय साक्षरताका आधारभूत कुराहरू<br>• सामुदायिक समस्याहरू समाधानका लागि सहकार्य सिप | • सकारात्मक सोच सम्बन्धी चित्र, प्रेरणादायी भिडियो क्लिपहरू<br>• वित्तीय साक्षरताका सन्देशमूलक भिडियो<br>• कुलत, घरेलु हिंसाबाट हुने हानी नोक्सानीका प्ले कार्डहरू | उनीहरूले भनेको र चार्टमा भएको कुरा तुलना गर्न लगाउने,<br>• दैनिक जीवनमा लागु हुने नैतिक मूल्य र आदर्श अनुकूलका व्यवहार प्रदर्शन गर्न प्रेरित गर्ने विभिन्न कथा तथा भिडियोहरू देखाई सोअनुकूलको व्यवहार प्रदर्शनको अभ्यास गराउने,<br>• सकारात्मक सोंचसँग सम्बन्धित चित्र भिडियोहरू प्रदर्शन गर्ने,<br>• सामाजिक सञ्जाल प्रयोगका फाइदा र गलत प्रयोगका बेफाइदा सम्बन्धमा उपलब्ध भिडियोहरू प्रदर्शन गरी गलत प्रयोगका कानुनी सजायका विषयमा सुसूचित गराउने,<br>• विभिन्न किसिमका वित्तीय संस्था, तिनीहरूको कार्य र वित्तीय कारोबारमा अपनाउनुपर्ने विषयलाई विभिन्न सन्दर्भ पुस्तक र सन्देशमूलक भिडियो प्रदर्शन गरी सुसूचित गराउने साथै नजिकको सहकारी वा बैंकको अवलोकन गराउने,<br>• खर्च गर्ने बानीलाई निरुत्साहित गर्दै बचत गर्दाका फाइदाहरूबारे जानकारी दिने<br>• कुलत, घरेलु हिंसाबाट हुने हानी नोक्सानीका प्ले कार्डहरूका माध्यमबाट सामुदायिक समस्याहरूका विषयमा समूहगत छलफल चलाई कक्षामा समूहको नेताबाट प्रस्तुत गर्न लगाउने । | लामो उत्तर लेख्ने, वर्णन गर्ने, अवलोकन गर्ने ।<br><br>सकारात्मक सोचलाई परिभाषित गर्नुहोस् । | भ्रमण गरी त्यसले गर्ने कार्यहरूको सूची तयार पार्नुहोस् । | |
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ७.१०.१. स्थानीय परिवेश अनुकुलका नगदेबाली उत्पादन गर्न<br><br>७.१०.२. स्थानीय जडीबुटीहरूको पहिचान, संकलन, प्रयोग र संरक्षण गर्न | • नगदेबाली उत्पादन (टिमुर, अलैंची, अदुवा, बेसार, लसुन , प्याज, उखु, केरा, अङ्गुर, अम्रिसो मध्ये कुनै एक)<br>• औषधीजन्य वस्तुहरू (अमला, हर्रो, बर्रो, तुलसी, सतुवा, पुदिना, घोडटाप्रे, थकाइलो लगायत अन्य जडीबुटीको पहिचान, सङ्कलन, प्रयोग र संरक्षण | • टिमुर, अलैंची, अदुवा, बेसार, लसुन प्याज, उखु, केरा, अङ्गुर, अम्रिसो आदिको बिउ तथा बिरुवाहरू<br>• औषधीजन्य वस्तुहरू (अनदीको धान, गहत, मास, डल्ले कोदो, भ्यापे कोदो , भट्टे धान, आँगा, | • आफ्नो घर वा विद्यालय परिसरमा उत्पादन गर्न सकिने सम्भावित नगदेबालीको पहिचान गरी परिवारका सदस्य र शिक्षकहरूको सहयोगमा कुनै एउटा नगदेबाली उत्पादन गर्न लगाउने,<br>• क्षेत्र भ्रमणको आयोजना गरी आफ्नो गाउँ टोलमा पाइने औषधीजन्य वस्तुहरूको पहिचान गर्न लगाउने, | • स्थानीय परिवेश सुहाउँदा नगदे बालीको सूची बनाउनुहोस् र बाली लगाउने समय र तरिका तालिकामा देखाउनुहोस् ।<br>• तपाइँको गाउँटोलमा पाइने औषधिजन्य जडीबुटीहरूको सङ्कलन गरी सूची बनाई ती जडीबुटीहरू कुन कामको | • दिइएको रुजु सूचीका आधारमा उत्पादन गरिएको नगदे बालीको मूल्याङ्कन गर्नुहोस् ।<br>(क) छनौट गरिएको बाली<br>(ख) बिउ जमाएको/रोपेको समय<br>(ग) प्रयोग गरिएका सामग्री | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७.१०.३. गाउँघर टोल छरछिमेकमा उत्पादन हुने रैथाने बाली पहिचान गरी बिउ संरक्षण गर्न | • गाउँघर टोल छरछिमेकमा उत्पादन हुने रैथाने बाली (अनदीको धान, गहत, मास, डल्ले कोदो, भ्यापे कोदो , भट्टे धान, आँगा, काली भट्ट, घैया, बिमाली मकै, सिँधाली धान, खोले मकै, ठुलो बेथे, भिनुवाको धान, गुडुरा धान, मादले काको, टुसा सार्ने काउली, फुर्से कुभिण्डो, रामतोरीया, लट्टे, अडहर, इसमगोली, रायो, सर्स्यु आदि) | काली भट्ट, घैया, बिमाली मकै, सिँधाली धान, खोले मकै, ठुलो बेथे, भिनुवाको धान, गुडुरा धान, मादले काको, टुसा सार्ने काउली, फुर्से कुभिण्डो, रामतोरीया, लट्टे, अडहर, इसमगोली, रायो, सर्स्यु आदि)<br>• रैथाने बालीहरूको विवरण सूची, बिउ, चित्र तथा भिडियो क्लिप | • पहिचान गरिएका वस्तुहरूको सङ्कलन गराई ती वस्तुहरूको प्रयोग र बिक्री कार्यमा प्रोत्साहन गर्ने,<br>• गाउँघर, टोल, छरछिमेकमा उत्पादन हुने रैथाने बाली अनदीको धान, गहत, मास, डल्ले कोदो, भ्यापे कोदो , भट्टे धान, आँगा, काली भट्ट, घैया, बिमाली मकै, सिँधाली धान, खोले मकै, ठुलो बेथे, भिनुवाको धान, गुडुरा धान, मादले काको, टुसा सार्ने काउली, फुर्से कुभिण्डो, रामतोरीया, लट्टे, अडहर, इसमगोली, रायो, सर्स्यु आदिको पहिचान गरी विद्यार्थी शिक्षक र अभिभावकको सक्रियतामा संकलन गर्ने र प्रदर्शन गर्ने,<br>• तीमध्ये आफ्नो भौगोलिक क्षेत्रमा उपयुक्त हुने बिउ तथा विरुवा उत्पादन गरी संरक्षणका क्रियाकलाप गराउने । | लागि प्रयोग गरिन्छ ? पहिचान गर्नुहोस् ।<br>• आफ्नो भौगोलिक क्षेत्रमा उपयुक्त हुने कुनै एक रैथाने बालीको बिउ उत्पादन गर्नुहोस् । | (घ) उत्पादन प्रक्रियामा गरिएका कार्यहरू<br>(ङ) आइपरेका समस्या<br>(च) उत्पादित परिणाम | |

मोदी गाउँपालिका २०८०

## कक्षा ८ : विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियाको विस्तृतीकरण

| क्षेत्र | कक्षागत सिकाइ उपलब्धि | विषयको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | परियोजना/प्रयोगात्मक कार्य | अ.घ |
|---|---|---|---|---|---|---|---|
| १. मोदी गाउँपालिकाको परिचय | ८.१.१. मोदी गाउँपालिका र यसका छिमेकी स्थानीय तह समेतको नक्साङ्कन गरी अक्षांश र देशान्तर सहित भौगोलिक अवस्थितिसँग परिचित भई मोदीको प्राकृतिक तथा राजनैतिक विभाजनका विशेषताहरू बताउन<br>८.१.२. नेपालको नक्सामा आफ्नो जिल्ला, गाउँपालिका र त्यसभित्र रहेका मुख्य मुख्य तथ्यहरू भरेर देखाउन<br>८.१.३. गाउँपालिकाको जनसंख्याका प्रवृत्तिहरू र ढाँचा पहिचान गरी व्याख्या गर्न<br>८.१.४. गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र ऐतिहासिक स्थलहरूसँग परिचित भई गौरव गर्न<br>८.१.५. जिआइएस, जिपिएस प्रविधिको सामान्य प्रयोग गरी गाउँपालिकाको भूउपयोग प्रणालीको पहिचान र विश्लेषण गर्न | • मोदी गाउँपालिका र यसका छिमेकी स्थानीय तह समेतको नक्शाङ्कन गरी अक्षांश र देशान्तरसहित भौगोलिक अवस्थितिको परिचित भई मोदीका प्राकृतिक तथा राजनैतिक विभाजनका विशेषताहरू<br>• नेपालको नक्सामा आफ्नो जिल्ला, गाउँपालिका र त्यसभित्र रहेका मुख्य मुख्य तथ्यहरू<br>• गाउँपालिकाको जनसंख्याका प्रवृत्तिहरू र ढाँचाहरूको पहिचान<br>• गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि र ऐतिहासिक स्थलहरू<br>• जिआइएस, जिपिएस प्रविधिको सामान्य प्रयोग र गाउँपालिकाको भूउपयोग प्रणाली | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको नक्सा (राजनीतिक र प्रशासनिक)<br>• मोदी गापाको विशेषता चार्ट<br>• स्लाइड, कम्प्युटर, प्रोजेक्टर<br>• मोबाइल, गुगल अर्थ एप, जिआइएस र जिपीएस प्रविधि प्रणाली परिचय विवरण | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको नक्सा देखाई भौगोलिक अवस्थिति अक्षांश, देशान्तर, सिमाना, क्षेत्रफल, वडाहरू, प्रशासनिक केन्द्र, सडक, नदी, धार्मिक र पर्यटन क्षेत्र, प्राकृतिक र राजनैतिक विशेषता, बसोबासका मुख्य क्षेत्रहरूको बारेमा बताउने, खोजी गर्न लगाउने,<br>• नेपालको नक्सामा पर्वत जिल्ला र मोदी गापाको नक्सा कोर्न लगाई अक्षांश, देशान्तर, सिमाना, क्षेत्रफल, वडा विभाजन, सडक, नदी, ताल, पर्यटन स्थल, प्रशासनिक क्षेत्र भर्ने अभ्यास गराउने,<br>• मोदी गापाको जनसांख्यिक बनोट तालिका प्रस्तुत गरी प्रवृत्ति र ढाँचा पहिचान गर्न छलफल र प्रश्नोत्तर गरी सहजीकरण गर्ने,<br>• आफ्नो नजिकका ऐतिहासिक स्थल के के छन सोधखोज गरी मोदी गापामा ऐतिहासिक स्थलको परिचय दिने, प्रश्नोत्तर गर्ने,<br>• जिआइएस, जिपिएस प्रविधि प्रयोग गरी मोदी गापाका भौगोलिक तथ्यहरू र भू उपयोग प्रणाली पहिचान गर्ने अभ्यास गराउने । | • पर्वत जिल्लाको नक्सामा मोदी गापाको नक्सा कोरी विभिन्न तथ्यहरू देखाउन लगाउनुहोस् :<br>सडक, नदी, ताल, पर्यटनक्षेत्र, धार्मिक स्थल<br>• मोदी गापामा बसोबास गर्ने मुख्य जातजाति कुनकुन हुन् ?<br>• मुख्यतः गुरुङ र मगर बस्ती गाउँपालिकाको कहाँ रहेका छन् ?<br>• जिपिएस प्रविधिको प्रयोग गरेर गाउँपालिकाको प्रशासनिक केन्द्र देखाउनुहोस् । | • नेपालको नक्सामा पर्वत जिल्लाभित्र मोदी गापाको नक्सा कोरी विभिन्न तथ्यहरू भर्नुहोस् :<br>राजमार्ग, सहायक सडक, पातीचौर बजार, पार्वती मन्दिर, भमरकोट मन्दिर, पञ्चासे ताल, मोदीखोला, बाजुङ गाउँ, चित्रे होमस्टे, कोटकालिका<br>• मोदी गाउँपालिकाभित्रका प्राकृतिक, साँस्कृतिक, धार्मिक र ऐतिहासिक विषयवस्तु समेटी एउटा भिडियो क्लिप बनाउनुहोस् । | १५ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | ८.२.१. स्थानीय क्षेत्रलाई असर गर्ने विशिष्ट वातावरणीय मुद्दाहरूसँग परिचित हुन<br><br>८.२.२. स्थानीय प्राकृतिक स्रोतहरूको दिगो प्रयोगको अवस्था विश्लेषण गरी संरक्षणमा सहभागिता जनाउन<br><br>८.२.३. मोदी गाउँपालिकामा रहेका जैविक विविधतासँग सम्बन्धित तथ्य सङ्कलन, विश्लेषण, र प्रस्तुतीकरण सिपहरू विकास गर्न | ● स्थानीय क्षेत्रलाई असर गर्ने (वन फँडानी, भूक्षय, जल प्रदूषण वा जलवायु परिवर्तन जस्ता) विशिष्ट वातावरणीय मुद्दाहरू<br>● स्थानीय प्राकृतिक स्रोतहरूको दिगो प्रयोगको अवस्था विश्लेषण र संरक्षणमा सहभागिता<br>● मोदी गाउँपालिकमा रहेका जैविक विविधतासँग सम्बन्धित तथ्य सङ्कलन र पहिचान संरक्षणमा सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य<br>● तथ्यांक सङ्कलन, विश्लेषण, र प्रस्तुतीकरण सिपहरू | ● स्थानीय जैविक विविधताको जनाउने चित्र तथा चार्टहरू<br>● स्थानीय प्राकृतिक स्रोतहरूका चित्रात्मक प्रस्तुति गर्ने तालिका<br>● वन फँडानी, भूक्षय र जलवायु परिवर्तनले निम्त्याउने असर प्रस्तुत गरिएका चित्र तथा भिडियो | ● स्थानीय क्षेत्रलाई असर गर्ने (वन फँडानी, जल प्रदूषण, वा जलवायु परिवर्तन जस्ता) वातावरणीय मुद्दाहरूको बारेमा छलफल गरेर सन्दर्भ सामग्रीहरू पढ्न लगाउने, साथै वन फँडानीका असरहरू र जलवायु परिवर्तनका असरहरूबारे भिडियो क्लिप देखाई छलफल गराउने,<br>● नमुना कक्षाका लागि स्थानीय प्राकृतिक स्रोतहरूको दिगो प्रयोग भएको उदाहरणीय क्षेत्र भ्रमण गरी गराई त्यसको अवस्था कक्षाकोठामा आएर छलफल र विश्लेषण गर्न लगाउने,<br>● साथै कुनै एक स्थानमा संरक्षण कार्य गर्ने गराउने,<br>● विविध सरोकारवालाहरूको सहयोगमा मोदी गाउँपालिकामा रहेका जैविक विविधतासँग सम्बन्धित तथ्य सङ्कलन गर्ने,<br>● सङ्कलित तथ्याङ्लाई विश्लेषण गरी प्रस्तुतीकरणका सिप विकास गराउने कार्य गर्ने । | ● स्थानीय क्षेत्रलाई असर गर्ने विशिष्ट वातावरणीय मुद्दाहरू के के हुन् ? बताउनुहोस् ।<br>● जलवायु परिवर्तनका असरहरू बताउनुहोस् ।<br>● दिगो विकास क्रियाकलाप अवलोकन भ्रमणका आधारमा प्रतिवेदन लेख्नुहोस् । | ● मोदी गाउँपालिकामा रहेको कुनै एक वनस्पति (पालिकाको विशेष पहिचान बन्न सक्ने) को खोज अनुसन्धान गरी तलका तथ्यका आधारमा प्रतिवेदन तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् :<br>▪ वनस्पतिको नाम :<br>▪ पाइने स्थान :<br>▪ वर्तमान अवस्था :<br>▪ उपयोगिता :<br>▪ जैविकता विविधतामा पारेको प्रभाव :<br>▪ संरक्षणको तरिका :<br>▪ सुझाव वा सिकाइ : | ९ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. सिप र प्रविधि | ८.३.१. स्थानीय परम्परागत सिप र प्रविधिहरूको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध खोजी दैनिक जीवनमा उपयोग<br><br>८.३.२. समुदायमा प्रयोग हुने परम्परागत र आधुनिक सिप र प्रविधिहरूको दिगोपन र प्रयोग<br><br>८.३.३ घरायसी प्रयोगमा आउने उपकरणहरूको सुरक्षित प्रयोग गर्ने आधारभूत सिपहरू हाँसिल गर्न | • स्थानीय परम्परागत सिप र प्रविधिहरूको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध<br>• समुदायमा प्रयोग हुने परम्परागत र आधुनिक सिप र प्रविधिहरूको दिगोपन र प्रयोग (पावर टिलर र सिलाइ मेसिनको प्रयोग तथा सामान्य मर्मत)<br>• विद्युत बत्ती, पंखा, फ्यूज, वासिङ मेसिन जस्ता विद्युतीय सामग्री जडान तथा सामान्य मर्मत | • स्थानीय परम्परागत सिप र प्रविधिहरूको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध देखाउने चार्ट, भिडियो क्लिप<br>• पावर टिलर र सिलाइ मेसिनको प्रयोग र सामान्य मर्मतसम्बन्धी युट्युब भिडियो सामग्रीहरू<br>• घरयासी तथा विद्युतीय सामग्री र ती सामग्री मर्मतका औजाररू | • स्थानीय परम्परागत सिप र प्रविधिहरू प्रयोग भएका चार्ट, भिडियो सामग्रीहरू देखाई यिनीहरूको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध पहिचान गर्न लगाउने,<br>• समुदायमा प्रयोग हुने परम्परागत र आधुनिक सिप र प्रविधिहरूको दिगोपन र प्रयोगसम्बन्धी चार्ट र भिडियो सामग्री देखाई सहजीकरण गर्ने,<br>• पावर टिलर र सिलाइ मेसिनको प्रयोग र मर्मतका भिडियो क्लिपहरू देखाई आवश्यकतानुसार स्रोतव्यक्तिको सहयोगमा प्रयोग गर्ने, खोल्ने र जोड्ने अभ्यास गराउने,<br>• स्थानीय स्तरमा भएको साँस्कृतिक संग्रहालय अवलोकन भ्रमण गराई संरक्षण र प्रवर्द्धनका उपाय सिकाउने,<br>• विद्युत बत्ती, पंखा, फ्यूज, वासिङ मेसिन जस्ता विद्युतीय सामग्री जडान तथा सामान्य मर्मतसँग सम्बन्धित भिडियो प्रदर्शन तथा सम्बन्धित विज्ञ आमन्त्रित गरी प्रयोग तथा मर्मतको अभ्यास गराउने । | • स्थानीय परम्परागत सिप र प्रविधिहरूको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध पहिचान गर्नुहोस् ।<br>• समुदायमा प्रयोग हुने परम्परागत र आधुनिक सिप र प्रविधिहरूको दिगोपन र वातावरणीय प्रभावको मूल्याङ्नका विषयमा संवाद लेख्नुहोस् ।<br>• पावर टिलर खोल्ने, जोड्ने अभ्यास गर्नुहोस् साथै पावर टिलरको सामान्य मर्मत कार्य गर्नुहोस् ।<br>• विद्यालयमा भएका विद्युतीय सामग्री बत्ती, पंखा, फ्यूज, होल्डर जडान तथा सामान्य मर्मत गर्न लगाई सोको मूल्याङ्कन गर्नुहोस् । | • पावर टिलरको सामान्य मर्मत कार्यका प्रक्रियागत चरणहरू क्रमबद्ध लेख्नुहोस् वा काम सम्पन्न गरेको भिडियो क्लिप विषय शिक्षकलाई देखाउनुहोस् ।<br>• आफू र आफ्नो परिवारका उध्रेका कपडाहरू आफूले नै मेसिन तथा सियो र धागोको प्रयोग गरी सिलाएको भिडियो कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।<br>• अतिरिक्त कार्यक्रमको रूपमा विद्यालयमा सियो धागो उन्ने र बटन लगाउने प्रतियोगिता सञ्चालन गर्नुहोस् । | ९ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. हाम्रो पेसा र व्यवसाय | ८.४.१. स्थानीय उत्पादनको संरक्षणमा व्यावसायीकरणले पार्ने प्रभाव पहिचान गर्न<br><br>८.४.२. स्थानीय क्षेत्रहरूमा पर्यटन प्रवर्धनका सम्भाव्यताको खोजी गर्न,<br><br>८.४.३. स्थानीय उत्पादनको सम्बर्द्धनका लागि उत्पादन, ब्रान्डिङ र बजारीकरण प्रक्रियामा सहभागी हुन | ● स्थानीय उत्पादनको संरक्षणमा व्यावसायीकरणले पार्ने प्रभाव (रैथाने बाली र उत्पादनको संरक्षण, अर्गानिक वस्तुहरूको उत्पादन, बजारीकरण, रासायनिक वस्तुहरूको प्रयोगमा वृद्धि, आर्थिक गतिविधिमा वृद्धि आदि)<br>● स्थानीय क्षेत्रहरूमा पर्यटन प्रवर्धनका सम्भाव्यताहरू ( स्थलहरूको खोजी, पूर्वाधार विकास, संस्कृति आदि)<br>● घरेलु सामग्रीहरू, नगदेबाली, दुग्धजन्य, वन पैदावर, खाद्यान्न, फलफूल, तरकारी आदि वस्तुहरूको ब्रान्डिङ र बजारीकरण | ● चार्ट, भिडियो, डकुमेन्ट्री<br>● गाउँपालिकाद्वारा प्रकाशित पञ्चवर्षीय योजना<br>● स्थानीय पर्यटनसँग सम्बन्धित सन्दर्भ सामग्रीहरू<br>● मोदी गाउँपालिकाभित्र उत्पादित स्थानीय सामग्रीहरू | ● स्थानीय उत्पादनको संरक्षणमा व्यावसायीकरणले पर्ने प्रभाव सम्बन्धमा चार्ट र भिडियोहरू प्रदर्शन गरी छलफलमार्फत् उपयुक्त बुँदाहरू टिपोट गर्न लगाउने, आवश्यकतानुसार प्रश्नोत्तर गर्दै सहजीकरण गर्ने,<br>● स्थानीय पर्यटनसँग सम्बन्धित डकुमेन्ट्री, गाउँपालिकाद्वारा प्रकाशित पञ्चवर्षीय योजना, सन्दर्भ सामग्रीहरू अध्ययन तथा अवलोकन गर्न लगाई पर्यटनका दृष्टिले स्थानीय तहभित्रका महत्वपूर्ण ठाउँहरूको पहिचान र त्यहाँका सम्भाव्यताहरू खोजी गर्न लगाउने,<br>● आफूले उत्पादन गरेका वा समुदायमा उत्पादित वस्तुहरूको ब्रान्डिङ र बजारीकरणका लागि विभिन्न व्यापारिक संस्थाहरूसँग सहकार्य गर्ने,<br>● डिजिटल माध्यम तथा सामाजिक सञ्जालहरूको प्रयोग गरी स्थानीय उत्पादनको विज्ञापन गरी बिक्री वितरण गर्ने । | ● स्थानीय उत्पादनको व्यावसायीकरणले पुऱ्याएका फाइदा र बेफाइदाहरू उल्लेख गर्नुहोस् ।<br>● स्थानीय क्षेत्रहरूको पर्यटन प्रवर्धन गर्न के के गर्नुपर्ला ? सुझाव दिनुहोस् । | ● स्थानीय उत्पादनहरूको उत्पादन, ब्राण्डिङ र बिक्री कार्यमा विद्यार्थीको सहभागिताको निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :<br>(क) स्थानीय उत्पादनहरू<br>(ख) उत्पादित वस्तुको परिमाण<br>(ग) बिक्री गर्ने व्यक्ति वा संस्थासँग सहकार्य<br>(घ) बिक्री हुने स्थान<br>(ङ) मूल्य<br>(च) माग र पूर्तिको अवस्था | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. स्वास्थ्य, पोषण र सरसफाइ | ८.५.१. स्थानीय सामग्री र प्रविधिको प्रयोग गरी पाककलाको विकास गर्न<br><br>८.५.२ उपभोक्ता अधिकार, हित तथा सचेतनासम्बन्धी ज्ञान र सिपहरू हाँसिल गर्न<br><br>८.५.३. प्राणायाम, हठ योग र ध्यान योगको व्यावहारिक अभ्यासहरू गर्न<br><br>८.५.४. वातावरण प्रदूषण नियन्त्रण र फोहोरमैला व्यवस्थापनमा सहभागिता प्रदर्शन गर्न<br><br>८.५.५. तनाव व्यवस्थापनका उपायहरूको खोजी गरी दैनिक जीवनमा अवलम्बन गर्न | • स्थानीय सामग्री र प्रविधिको प्रयोग गरि पाककलाको विकास (गुन्द्रुक, ढिँडो र मोहीको कडी बनाउने सिप)<br>• उपभोक्ता अधिकार, हित तथा सचेतना (छुट, भ्याट, उपभोग मिति, तौल मापन, मिसावट )<br>• पाँच प्रकारका प्राणायामहरू (अनुलोम विलोम, कपालभाँती, भस्त्रिका, भ्रामरी, आन्तरिक प्राणायाम),<br>• योगासन (मण्डुकाशन, शसकासन, कटिबक्रासन, बृक्षासन, हलासन)<br>• वातावरण (जल, माटो, वायु, ध्वनि,) प्रदूषण नियन्त्रण र फोहोरमैला व्यवस्थापन<br>• तनाव व्यवस्थापनका उपायहरू<br>• महिनामारी स्वच्छता | • स्थानीय भोजनका परिकार तयार गर्न आवश्यक वस्तु तथा सामग्रीहरू (साग, कोदोको पिठो, मोही, गुन्द्रुक आदि)<br>• उपभोक्ता अधिकार, हित तथा सचेतना (छुट, भ्याट, उपभोग मिति, तौल मापन, मिसावट) का मानक भएका विभिन्न चार्टहरू<br>• योग तथा ध्यानसँग सम्बन्धित चार्ट, भिडियो सामग्रीहरू, बस्ने आसन तथा म्याट<br>• वातावरण (जल, माटो, वायु, ध्वनि,) प्रदूषण नियन्त्रण र फोहोरमैला व्यवस्थापनका उपायहरू भएको चार्ट<br>• तनाव व्यवस्थापनका श्रव्यदृष्य सामग्रीहरू<br>• महिनामारी स्वच्छतासम्बन्धी चार्टहरू | • आवश्यक सामग्रीको सङ्कलन गरी विद्यालयमै गुन्द्रुक तयार पारी सो अनुसार विद्यार्थीलाई घरमा समेत तयार पार्न लगाउने,<br>• विद्यालयको चमेनागृहलाई प्रयोग गरी कोदोको ढिँडो र मोहीको कडी बनाउने तरिका सिकाई प्रत्यक्ष अवलोकनको वातावरण सिर्जना गर्ने साथै घरमा यी परिकारको निर्माण र प्रयोगका लागि प्रोत्साहन गर्ने,<br>• उपभोक्ता अधिकार, हित तथा सचेतना (छुट, भ्याट, उपभोग मिति, तौल मापन, मिसावट) का मानक भएका विभिन्न चार्टहरू देखाउँदै तिनको प्रयोग सहित सामान्य अभ्यास गराउने,<br>• पाँच प्रकारका प्राणायामहरू (अनुलोम विलोम, कपालभाँती, भस्त्रिका, भ्रामरी, आन्तरिक प्राणायाम) का बारेमा भिडियो प्रदर्शन तथा प्रत्यक्ष प्रदर्शन गरी जानाकारी दिँदै प्राणायामको अभ्यास गराउने,<br>• हठयोग (शारीरिक योग) सिकाउन विभिन्न योगासन (मण्डुकाशन, शशकासन, कटिबक्रासन, बृक्षासन, हलासन) व्याख्या सहित शिक्षक र विद्यार्थीले सँगसगै अभ्यास गर्ने र नजाने सम्म दोहाऱ्याउने ।<br>• वातावरणीय प्रदूषण, यसको कारण र प्रकारवारे जानकारी गराउने । कक्षा कोठा, विद्यालय तथा समुदायको सरसफाइ, गर्न तथा फोहोरको उचित विर्सजन गर्न लगाउने<br>• फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित समुदायका कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउने ।<br>• तनाव व्यवस्थापनका उपायहरूको सामान्य परिचय दिने । योग प्रार्थना र अध्यात्मिक चिन्तन, सङ्गीतको प्रयोग, खेल जस्ता क्रियाकलापहरूमा सरिक भई तनाब कम गर्न सघाउने खालका क्रियाकलाप गराउने । | • गुन्द्रुक र मोहीको कडी बनाउनको लागि आवश्यक सामग्रीहरूको सूची तयार गर्नुहोस् ।<br>• ढिँडो बनाउने तरिका चरणबद्ध रूपमा उल्लेख गर्नुहोस् ।<br>• वातावरण प्रदूषण कम गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।<br>• कपालभाँति प्राणायामको अभ्यास प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• शशकासन योग अभ्यास प्रदर्शन गरेर देखाउनुहोस् ।<br>• पसलमा सामानहरू खरिद गर्दा केके कुराहरूमा ध्यान दिनुपर्दछ ?<br>• रजस्वला भएको अवस्थामा स्वच्छता कायम गर्न के के गर्नु पर्छ ? लेख्नुहोस् । | • आफ्नो घर नजिकको बजारमा बिक्री हुने तयारी खाद्य वस्तुहरूको सूची तयार गरी तिनीहरूको उत्पादन मिति र उपभोग्य मिति, छुट, भ्याट, तौल उल्लेख गरी प्रतिवेदन तयार पार्नुहोस् । | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • महिनामारी स्वच्छतासम्बन्धी चार्टहरू प्रस्तुत गरी रजस्वला भएको समयमा स्वच्छता कायम गर्ने उपायहरूको बारेमा जानकारी गराउने | | | |
| ८. विपद् व्यवस्थापन | ८.६.१ जलवायु परिवर्तन, वातावरणीय ह्रास र विपद्ले पार्ने असरसँग परिचित हुन<br><br>८.६.२. जोखिम नक्साङ्कन र जोखिम मूल्याङ्कन प्रविधिहरूको प्रयोग गर्ने सिपहरूको विकास गर्न<br><br>८.६.३. विपद् न्यूनीकरणका लागि स्थानीय निकायहरू र संघ संस्थाहरूसँग सहकार्य गरी सुरक्षाका अभ्यासहरू प्रदर्शन गर्न<br><br>८.६.४. सडक दुर्घटना सम्बन्धी सचेतना जगाउने कार्यमा सरिक हुन | • जलवायु परिवर्तन, वातावरणीय ह्रास र विपद्ले पार्ने असर<br>• प्राकृतिक प्रकोपसँग सम्बन्धित जोखिमहरूको मूल्याङ्कन र व्यवस्थापन गर्नका लागि जोखिम नक्साङ्कन र जोखिम मूल्याङ्कन जस्ता प्रविधिहरूको प्रयोग गर्ने सिपहरू<br>• विपद् न्यूनीकरणका लागि कार्य गर्ने स्थानीय निकायहरू र संघ संस्थाहरू<br>• सडक दुर्घटनासम्बन्धी सचेतनाका कार्यक्रममा सहभागिता | • जलवायु परिवर्तन, वातावरणीय ह्रास र विपद्ले पार्ने असरको चार्ट र भिडियो<br>• जोखिम नक्साङ्कनका तस्विर तथा भिडियो<br>• विपद् न्यूनीकरणका लागि स्थानीय निकायहरू र संघ संस्थाहरूले खेलेका भूमिका झल्कने तस्विर तथा भिडियो क्लिपहरू<br>• ट्राफिक सङ्केत तथा चिन्हहरू लेखिएको चार्ट , ट्राफिक बत्तीको ज्ञान दिने चित्र तथा भिडियो<br>• सडक दुर्घटनाबाट बँच्ने उपायहरू भएको चार्ट | • जलवायु परिवर्तन, वातावरणीय ह्रास र विपद्ले पार्ने असरको भिडियो र चार्ट देखाइ छलफल गराउने,<br>• जोखिम नक्साङ्कनका तस्विर तथा भिडियो देखाउँदै विद्यालय तथा घरपरिवारमा विपद् आउँदा सुरक्षित हुन गरिने क्रियाकलापका गतिविधिमा विद्यार्थीलाई सहभागी गराउने,<br>• मोदी गाउँपालिकाका कुन कुन क्षेत्रमा कुन कुन समयमा के के जोखिमहरू हुन्छन सोको तालिका विकास गरी (नक्साङ्कन गरी) जोखिम सतर्कता अपनाउने नमुना क्रियाकलापहरू प्रदर्शन गर्ने,<br>• विपद् न्यूनीकरणका लागि स्थानीय निकायहरू र संघ संस्थाहरूले खेलेका भूमिका झल्कने तस्विर तथा भिडियो क्लिपहरू देखाउँदै ती संघ संस्थाले खेलेको भूमिकाका विषयमा कक्षामा समूहगत छलफल गराई ती निमायसँग सहकार्य गरेर सुरक्षाका अभ्यासहरू कसरी गर्न सकिन्छ भन्ने विषयमा नाटकीय विधिमार्फत् सहजीकरण गर्ने,<br>• विपद् न्यूनीकरणका लागि वडा कार्यलय, गाउँपालिका, नेपाल प्रहरी, रेडक्रस, स्काउट तथा अन्य संस्थासँग सहकार्य गरी सुरक्षा अभ्यासहरू प्रदर्शन गर्ने क्रियाकलापमा सहभागी गराउने ।<br>• ट्राफिक संकेत तथा चिन्हहरू लेखिएको चार्ट र भिडियोहरूबाट ट्राफिक सङ्केतको परिचय र अर्थ दिँदै सडक बत्तीको अवधारण प्रष्ट पारिदिने,<br>• सडक दुर्घटनाबाट बच्ने उपायहरूबारे छलफल गराई चार्ट देखाएर निष्कर्ष प्रस्तुत गर्ने,<br>• ट्राफिक प्रहरीको सहकार्यमा सडक तथा चोकमा गएर गाडीलाई सङ्केत गर्ने । | • जलवायु परिवर्तनले के कस्ता मानवीय विपत्ति निम्त्याउँछ ?<br>• तलका जोखिम कुन तपाईंको पालिकाभित्र कुनकुन स्थानमा कुन समयमा हुन्छन् ?<br>क) आगलागी<br>खं हिउँ<br>ग) बाढी<br>घ) पहिरो<br>ङ) बाघको आक्रमण<br>च) भीरबाट लड्ने | • मोदी गाउँपालिकामा वर्षभरिमा कुन स्थानमा के कस्तो जोखिम रहेको छ तालिका तयार गरी कक्षामा टाँस्नुहोस् ।<br>• विद्यालयमा रेडक्रस, स्काउट तथा बालक्लब गठन गरी सम्भावित् विपद्हरूको न्यूनीकरणका कार्यहरूमा सहभागी हुनुहोस् । | ११ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. कला साहित्य र धर्म संस्कृति | ८.७.१. स्थानीय सर्जकहरूको परिचय र योगदान बताउन<br>८.७.२. स्थानीय वाद्य उपकरणहरू बजाउने सिपको विकास र प्रदर्शन गर्न<br>८.७.३. स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्न<br>८.७.४.स्थानीय सांस्कृतिक कार्यक्रमहरूमा सहभागिता र प्रस्तुतीकरण प्रदर्शन गर्न | • स्थानीय सर्जकहरूको परिचय र योगदान (गीतकार, संगीतकार, साहित्यकार, कलाकार, चित्रकार आदि)<br>• स्थानीय वाद्य उपकरणहरू ( मादल, बाँसुरी, खैजडी, पन्चे/नौमती बाजा, सारङगी आदि) बजाउने सिपको विकास र प्रदर्शन<br>• स्थानीय सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्धन<br>• स्थानीय सांस्कृतिक कार्यक्रमहरूमा सहभागिता र प्रस्तुतीकरण | • स्थानीय सर्जक र तिनका सिर्जना<br>• स्थानीय वाद्ययन्त्रहरू<br>• सांस्कृतिक सम्पदाका चित्रहरू, परिचयात्मक भिडियो तथा ब्रउसर<br>• सांस्कृतिक कार्यक्रमका भिडियो क्लिपहरू | • गीत, संगीत, कला र साहित्यको क्षेत्रमा क्रियाशील स्थानीय सर्जकहरूका सिर्जना प्रस्तुत गरी उनीहरूको योगदानलाई प्रष्ट पार्ने,<br>• स्थानीय वाद्ययन्त्र बजाउन जान्ने विज्ञ व्यक्तिहरूलाई आमन्त्रण गरी सोको अभ्यास गराउने,<br>• स्थानीय सांस्कृतिक सम्पदाहरू जानकारी दिई संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरू ( सरसफाइ/सचेतना/ अग्रजसँग सहकार्य) को आयोजना वा सहभागी गर्ने गराउने,<br>• विद्यालय तथा समुदायमा हुने सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भई आफ्नो प्रस्तुति राख्न अभिप्रेरित गर्ने । | • तपाईं समुदायमा रहेका स्थानीय सर्जकहरूको छोटो परिचय र योगदान बताउनुहोस् ।<br>• मादल, बाँसुरी, खैजडी, मुजुरा, हारमोनियम आदि वाद्ययन्त्रहरू ताल मिलाएर बजाउनुहोस् ।<br>• रुजु सूची बनाई स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनका कार्यक्रममा खेलेको भूमिकाको मूल्याङ्कन गर्नुहोस् । | • स्थानीय कला, संस्कृति र भेषभूषा झल्कने गरी शिक्षकहरूको सहकार्यमा विद्यालय एउटा सांस्कृतिक कार्यक्रमको आयोजना गर्नुहोस् । | ११ |
| ८. स्थानीय सरकार र सामाजिक संघ संस्थाहरू | ८.८.१. स्थानीय तहबाट प्रवाह हुने सेवा सुविधाहरू बताउन,<br>८.८.२. मोदी गाउँपालिकाका विषयगत समिति र तिनका कार्यहरू बताउन<br>८.८.३. स्थानीय तहमा योजना तर्जुमाको प्रक्रिया र सरोकारवालाहरूको सहभागिताको अवस्था पहिचान गर्न<br>८.८.४. बालमैत्री स्थानीय शासन प्रवर्धनका कार्यक्रमहरूमा सहभागिता हुन र योगदान दिन<br>८.८.५. स्थानीय तहको कानुन कार्यान्वयनको अवस्था विश्लेषण गर्न | • स्थानीय तहबाट प्रवाह हुने सेवा सुवधाहरू<br>• मोदी गापाका विषयगत समिति र तिनका कार्यहरू<br>• स्थानीय तहमा योजना तर्जुमाको प्रक्रिया र सरोकारवालाहरूको सहभागिताको अवस्था पहिचान<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रमहरूमा सहभागिता र योगदान<br>• स्थानीय तहको कानुन कार्यान्वयनको अवस्था विश्लेषण | • स्थानीय तहबाट प्रवाह हुने सेवा सुविधाको विवरण तालिका, स्लाइड, नागरिक वडापत्र<br>• स्थानीय सरकारले निर्माण गरेका ऐन तथा नियमावलीहरू<br>• विषयगत समिति र कार्यहरूको चार्ट<br>• योजना तर्जुमा प्रक्रिया सम्बन्धी पुस्तिका<br>• बालमैत्री स्थानीय शासन निर्देशिका<br>• गाउँपालिकाबाट प्रकाशित स्रोत सामग्रीहरू | • भूमिका अभिनय विधिमार्फत् विद्यार्थीहरूलाई गाउँपालिकाबाट प्रवाह हुने सेवा र सुविधाहरूका सन्दर्भमा अभिनय गर्न सहजीकरण गर्ने,<br>• विद्यार्थीहरूलाई गाउँ कार्यपालिकाको कार्यालयमा लगेर अवलोकन भ्रमण गराई पालिकाभित्र रहने विषयगत शाखा प्रमुखसँग छलफल गराएर विषयगत शाखाले गर्ने कार्यहरूको बारेमा जानकारी दिन लगाउने वा गाउँपालिकाको कुनै प्रतिनिधिलाई आमन्त्रण गरी गाउँपालिकाका शाखाहरूले गर्ने कार्य विवरण बताउन लगाउने,<br>• विद्यार्थीहरूलाई स्थानीय योजना तर्जुमा र सरोकारवालाहरूको सहभागिताको महत्व झल्किने गरी दृश्य प्रस्तुतीकरणहरू (जस्तै, पोस्टर वा इन्फोग्राफिक्स) सिर्जना गर्न लगाउने,<br>• आफ्नो गाउँपालिकामा बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि भइरहेका कार्यक्रमहरूको खोजी गर्न लगाई सहभागी हुन प्रेरित गर्ने,<br>• विद्यार्थीहरूलाई न्यायिक समितिका पदाधिकारीहरूसँग भेट गराई स्थानीय तहको कानुन कार्यान्वयनको अवस्था पहिचान गर्न सहजीकरण गर्ने । | • स्थानीय तहबाट प्रवाह हुने कुनै पाँच सेवा सुविधाहरू उल्लेख गर्नुहोस् ।<br>• मोदी गाउँपालिकाका विषयगत समितिका कार्यहरूको सूची बनाउनुहोस् ।<br>• स्थानीय तहमा योजना तर्जुमाको प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>• स्थानीय तहका कानुनहरूको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ? | • आफ्नो समुदायमा बालमैत्री स्थानीय शासनसम्बन्धी निम्न क्षेत्रअन्तर्गतका सूचकहरूको अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् :<br>विद्यार्थीको नाम :<br>अध्ययन मिति :<br>क) बाल विकासका सूचक :<br>ख) बाल सहभागिताका सूचक :<br>ग) अवस्था विश्लेषण :<br>घ) सुझाव : | १२ |

मोदी गाउँपालिका २०८०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९.मानव मूल्य र मान्यता | ८.९.१. असल र खराब आचरण विश्लेषण गरी उच्च नैतिक मूल्य र आदर्शहरू अवलम्बन गर्न<br>८.९.२. सम्मान, आतिथ्यता र विविध सामाजिक कार्यहरूमा सांस्कृतिक संवेदनशीलता प्रदर्शन गर्न<br>८.९.३. सकारात्मक परम्परागत मूल्य मान्यता र चालचलनहरू जगेर्ना गर्दै तदनुसार व्यवहार प्रदर्शन गर्न<br>८.९.४. समानुभूति सिपको विकास गरी पारस्परिक सम्बन्ध र सामाजिक अन्तरक्रियाहरूमा उपयोग गर्न<br>८.९.५. डिजिटल साक्षरताका सिपहरू प्रयोग गरी मिडियालाई मूल्याङ्कन र प्रयोग गर्न<br>८.९.६. वित्तीय साक्षरता सिपहरूको विकास गरी बजेट, लगानी, र वित्तीय कार्यहरू गर्न | • असल र खराव, आचरण नैतिक मूल्य र आदर्शका कथा, संवाद, कविता<br>• सम्मान, आतिथ्य, र विविध सामाजिक कार्यहरूमा सांस्कृतिक संवेदनशीलता प्रदर्शन<br>• सकारात्मक परम्परागत मूल्य मान्यता र चालचलनहरू जगेर्ना गर्दै तदनुसार व्यवहार प्रदर्शन<br>• समानुभूति सिपको विकास<br>• डिजिटल साक्षरताका सिपहरू<br>• वित्तीय साक्षरता सिपहरूको विकास गरी बजेट, लगानी, र वित्तीय जोखिमको आँकलन | • राम्रा र गर्न नहुने कार्यको सूचीको चार्ट<br>• सन्दर्भ पुस्तकहरू<br>• भिडियो क्लिपहरू<br>• सरसहयोग गरेका कथा, चित्र तथा भिडियोहरू<br>• सफलताका कथा र क्लिपहरू | • राम्रा कार्य र गर्न नहुने कार्यको सूचीको चार्ट देखाउँदै छलफल चलाउने र खराब कार्य गर्दा सजाय पाएको तथा असल काम गर्दा पुरस्कृत भएको नैतिक कथाहरू सुनाउने, (जस्तै दाउरे र वञ्चरोको कथा)<br>• सान्दर्भिक भिडियो सामग्री देखाउँदै सम्मान, आतिथ्य र विविध सामाजिक कार्यहरूमा सांस्कृतिक संवेदनशीलता प्रदर्शन गर्ने अभिनय सहितका क्रियाकलाप गराउने,<br>• कक्षामा अभिनय विधिबाट एकजना विरामी भएको/चोट लागेको नाटक गरी अर्को साथीले सहानुभूति प्रदान गरेको तथा कुनै साथीले सफलता प्राप्त गरेकोमा बधाईं सहित खुशी साटासाट गरेर समानुभूतिको सिप विकास गराउने क्रियाकलाप सञ्चालन गर्ने,<br>• रेडियो सुन्ने, टिभी हेर्ने, पत्रिका पढ्ने, समाचार सुनेर त्यसको आधिकारिकता परीक्षण गरी प्रयोग गर्ने बानीको विकासका लागि प्रेरित गर्ने,<br>• सामाजिक सञ्जाल र इन्टरनेटको सही र सृजनामूलक प्रयोग गर्ने विधिबारे छलफल गर्ने,<br>• बैंकमा खाता खोल्ने, बैंक वा सहकारीमा पैसा जम्मा गर्ने, चेक लेख्ने तथा क्युआर कोड स्कान गर्ने सिप सिकाउने,<br>• प्राथमिक शेयर लगानी गर्ने मेरो शेयर अकाउन्ट बनाउने कुरा सिकाउने,<br>• खुत्रुके वा भुड्को किनेर बचत गर्न लगाउने, | • तपाईंको घर वरिपरि समुदायमा भए गरेका पाँच ओटा राम्रा कार्यहरूको सूची तयार गर्नुहोस् ।<br>• शिक्षण सिकाइका क्रममा रुजुसूची, प्रश्नोत्तर र गरेका कार्यको गुणस्तर अवलोकन गरी आतिथ्यता, सम्मान, समानुभूति, पारस्परिक सहयोग, अन्तरक्रिया सिप आदिको मूल्याङ्कन गनुहोस् । | • अभिभावकको सहयोगमा नजिकको बैंक तथा सहकारीमा आफ्नो नामको खाता खोल्नुहोस् ।<br>अथवा<br>• मेरो शेयरको लागि अभिभावकको सहयोगमा अकाउन्ट बनाउनुहोस् । | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. हाम्रो माटो : हाम्रो उत्पादन | ८.१०.१. स्थानीय क्षेत्रमा अनुकूल हुने घाँसका विरुवाहरू रोप्न र संरक्षण गर्न<br>८.१०.२. पशुपक्षीका बासस्थान निर्माणसम्बन्धी सिप हासिल गर्न<br>८.१०.३. अपनत्व महसुसका साथ पशुपन्छी पालन गरी स्थानीय कृषिमा सहयोग गर्न<br>८.१०.४. आफ्नो घरमा पालिएका पशुपक्षीहरूमा लाग्ने रोगहरूसँग परिचित हुन र सामान्य घरेलु उपचार गर्न | • घाँसका विरुवाहरू (खनिउँ, बडहर, अम्रिसो, निमारो, चुलेत्रो, किम्बुमध्ये कुनै दुई प्रजाति) रोप्न र संरक्षण<br>• पशुपक्षीका बासस्थान (खोर, गोठ, घार, गुँड आदि) निर्माण<br>• पशुपन्छी पालन (बाखा, कुखुरा, हाँस, माछा, माहुरी, परेवा, बंगुरपालनमध्ये कुनै एक)<br>• पशुपक्षीहरूमा लाग्ने सामान्य रोगहरू र घरेलु तथा आधुनिक उपचारात्मक विधिको जानकारी | • खनिउँ, बडहर, अम्रिसो, निमारो, चुलेत्रा, किम्बु आदिका विरुवाहरू<br>• पशुपक्षीका बासस्थान (खोर, गोठ, घार, गुँड आदि) निर्माण का लागि आवश्यक पर्ने सामग्रीहरू<br>• बाखा, कुखुरा, हाँस, माछा, परेवा, माहुरी बङ्गुर जस्ता घरपालुवा पशुपक्षीहरू<br>• पशुपक्षीहरूमा लाग्ने सामान्य रोगहरूको सूची, घरेलु औषधीहरू जस्तै सतुवा, टिमुर, हाडे लसुन, गुर्जो आदि र प्रयोग गर्ने तरिकाको चार्ट | • गाउँपालिकाको कृषि शाखा, सामुदायिक वन, स्थानीय कृषकहरू तथा अन्य सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी स्थानीय परिवेश सुहाउँदा घाँसका विरुवाको प्रबन्ध गर्ने,<br>• उपयुक्त मौसममा विरुवाहरू सार्न लगाई संरक्षणका कार्यहरू गर्न लगाउने,<br>• विद्यालयको कार्यपात्रोमा कुनै एक दिन वृक्षारोपण कार्यक्रम समावेश गर्ने र सोही अनुसार विद्यार्थीहरूलाई सहभागी हुन प्रेरित गर्ने,<br>• समुदायमा रहेका कृषि तथा पशुपक्षी फर्महरूको अवलोकन भ्रमण गराई आफ्नो घर परिवारमा उपयुक्त हुने व्यवसायको छनोट गर्न लगाउने,<br>• छनोट गरिएको व्यवसायको लागि आवश्यक पर्ने लगानी, पूर्वाधारको खोजी गरी कम्तीमा एउटा पशु वा पंक्षीपालन गर्ने,<br>• आवश्यकतानुसार स्रोतव्यक्ति तथा अभिभावकको सहयोगमा पशुपक्षी पालनको लागि आवश्यक बासस्थान निर्माणसम्बन्धी प्रयोगात्मक अभ्यास गराउने,<br>• स्थानीय पशुविज्ञ तथा व्यवसायिक कृषकहरूसँग भेट गराई पशु पक्षीहरूमा लाग्ने रोगहरूसँग परिचत गराउने,<br>• पशुपक्षीहरूमा लाग्ने रोगहरूको घरेलु तथा आधुनिक उपचारात्मक उपायहरूको खोजी र प्रयोग गर्न लगाउने । | • सम्भावित विरुवाको सूची, रोप्ने समय तालिका, वृक्षारोपण, संरक्षण र रेखदेख समेटी कार्यतालिका तयार गरी सो अनुसार मूल्याङ्कन गर्नुहोस् ।<br>• फर्म अवलोकन भ्रमणबाट प्राप्त विवरणको आधारमा कार्य गरे नगरेको रुजु सूची तयार गरी मूल्याङ्कन गर्नुहोस् ।<br>• विद्यार्थीले आफ्नो घर तथा विद्यालयमा पालेका पशु तथा पक्षीहरूको अवस्था अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | • आफ्नो समुदायमा रहेका कृषि तथा पशुपक्षी फर्महरूको अवलोकन र अध्ययन गरी निम्न कार्यका आधारमा आफूलाई उपयुक्त हुने कम्तीमा एक प्रकारको पशु वा पंक्षी पालन गर्नुहोस् ।<br>क) फर्मको नाम र किसिम<br>ख) अनुमानित लागत<br>ग) आवश्यक पूर्वाधारहरू (आर्थिक स्रोत, जनशक्ति)<br>घ)आइपरेका समस्याहरू र समाधानका प्रयासहरू<br>ङ) उत्पादनको अवस्था<br>च) बजारीकरणको अवस्था<br>• पशुपंक्षीमा लाग्ने रोग र तिनको घरेलु उपचार पद्धति समेटेर चार्ट तयार पार्नुहोस् । | २५ |

**२.५. विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

मोदी गाउँपालिका स्थानीय पाठ्यक्रम विद्याथी सिकाइ उपलब्धि मूल्याङ्कन

**(क) कक्षा (१-३) को मूल्याङ्कन प्रक्रिया**

कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट छ । त्यसमा मूल्याङ्कनका सम्भाव्य विधि, प्रक्रिया, तरिका तथा साधनहरू उल्लेख गरिएको छ । यहाँ यस पाठ्यक्रमको मूल्याङ्कन खण्डमा उल्लिखित उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा साधनहरूको प्रयोग तथा नतिजाको अभिलेखीकरणसम्बन्धी तरिका तथा साधन र तिनको प्रयोग गर्ने तरिका विषयक्षेत्रगत रूपमा समावेश गरिएको छ ।

**मूल्याङ्कन गर्ने तरिका**

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा केकति उपलब्धि हाँसिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ ।
२. विद्यार्थीको उपलब्धिस्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्रअनुसारको सिकाइ उपलब्धिमा अभिलिखित गर्नुपर्छ ।

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन गर्दा विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा यस पाठ्यक्रमको अनुसूची-२ मा उल्लेख भए बमोजिम र राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को आधारभूत तहको मूल्याङ्न प्रणालीअनसुार हुने गरी व्यवस्थित गरी राख्नुपर्छ । कक्षा (१-३) मा १०० प्रतिशत कार्यसञ्चयिकाबाट मूल्याङ्कन र अन्य कक्षाहरूमा तोकिए बमोजिम हुनेछ ।

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू**

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

क्षेत्रगत उपलब्धि प्रतिशत = (उपलब्धि स्तरको अङ्कको जोड × १००) ⁄ (४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या)

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत = (उपलब्धि स्तरको अङ्कको जोड × १००) ⁄ (४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या)

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :**

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

**(ख) कक्षा (४-८) को विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

**(अ) आन्तरिक मूल्याङ्कन**

विद्यालयको आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिनेछ :

| सि. नं | मूल्याकनका आधारहरु | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|---|
| १ | सहभागिता | हाजिरी वा उपस्थिति<br>सिकाइ कार्यमा सहभागिता र सक्रियता | ४ |
| २ | प्रयोगात्मक/परियोजना कार्य | (क) प्रयोगात्मक तथा परियोजना कार्यको संचालन र प्रस्तुतीकरण | २० |
| | | (ख) प्रयोगात्मक तथा परियोजना कार्यको अभिलेखीकरण (प्रतिवेदन/चार्ट/चित्र/तालिका / सामग्री निर्माण, प्रदर्शन र अभिलेखीकरण ) | ७ |
| | | (ग) एकाइ १० मा आधारित कुनै एउटा प्रयोगात्मक कार्यको योजना निर्माण, कायान्वयन, अभिलेखीकरण, मूल्यांकन, प्रतिविम्बन) | ९ |
| ३ | त्रैमासिक परीक्षा | | १० |
| | | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

**द्रष्टव्य :**

क) सहभागिताअन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।

ख) आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नुपर्ने छ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेडसिट दिन सकिनेछ ।

ग) त्रैमासिक परीक्षालाई ५० प्रतिशत अङ्कभारमा सञ्चालन गरी तोकिएको १० प्रतिशत अङ्कभारमा रूपान्तरण गर्नुपर्नेछ ।

घ) त्रैमासिक परीक्षामा सुरुदेखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

ङ) एक शैक्षिक सत्रमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्नेछ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्नेछ ।
च) वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङ्कभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुट्टै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्कभारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड प्वाइन्ट (Grade Point Average-GPA) कायम हुने गरी ग्रेड सिट तयार गर्नुपर्नेछ ।
छ) विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्नेछ ।

**आन्तरिक मूल्या्कनका साधनहरु**

**(आ) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । प्रश्नपत्र निर्माणका लागि कक्षा ८ को विशिष्टीकरण तालिका र नमूना प्रश्नपत्र विकास गरिने छ । सोही तालिकालाई आधार मानेर विद्यालयले अन्य कक्षा ४, ५, ६ र ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

मोदी गाउँपालिका २०८०

## अनुसूची १
## विद्यार्थीको व्यक्तिगत विवरण

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

(क) विद्यालयको नाम : ......................................................................................

(ख) ठेगाना : ...................................................................................................

(ग) विद्यार्थीको नाम : .........................................................................................

(घ) जन्म मिति : ...................................................................................

(ङ) विद्यार्थीको घरको ठेगाना : ...........................................................................

(च) पारिवारिक विवरण :

(अ) आमाको नाम : ..............................पेसा : ........... सम्पर्क नं : .................

(आ) बाबुको नाम : ..............................पेसा : ........... सम्पर्क नं : .................

(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

(अ) नाम : ...........................................पेसा : ........... सम्पर्क नं. : ...............

(आ) विद्यार्थीसँगको नाता : ............................

(ज) विद्यालय भर्ना मिति र कक्षा : ............................

(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ............................

(ञ) अघिल्लो अनुभव :

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको ...................................................................

(आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अन्य अनुभव ..............................

२. स्वास्थ्यसम्बन्धी विवरण

(क) तौल र उचाइ

| **मिति** | **तौल (कि.ग्रा.मा)** | **उचाइ (से.मि.मा)** | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट : ...................................................................

(ग) कुनै अपाङ्गता भए सोको विवरण : ...................................................................

(घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ...................................................

मोदी गाउँपालिका २०८०

## अनुसूची २

## विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख कक्षा (१-३)

**विषय: हाम्रो मोदी** **कक्षा : १** **विद्यार्थीको नाम थर :**

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सिकाइपछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| १. मोदी गाउँपालिकाको परिचय | १.१.१.आफू र आफ्ना बाबुआमाको नाम भन्न र लेख्न | आफू र आफ्ना बाबाआमाको पुरा नाम भन्न र लेख्न सकेमा (४ अंक) | | | | | |
| | | आफू र आफ्ना बाबुआमाको पुरा नाम भन्न सकेमा (३ अंक) | | | | | |
| | | आफ्नो पुरा नाम भन्न र लेख्न सकेमा (२ अंक) | | | | | |
| | | आफ्नो नाम भन्न सकेमा (१ अंक) | | | | | |
| | १.१.२.आफ्नो परिवारको सदस्य संख्या बताउन | आफ्नो परिवारको सदस्य संख्या भन्न र लेख्न सकेमा (४ अंक) | | | | | |
| | | आफ्नो परिवारको सदस्य संख्या लेख्न सकेमा (३ अंक) | | | | | |
| | | आफ्नो परिवारको सदस्य संख्या भन्न सकेमा (२ अंक) | | | | | |
| | | आफ्नो परिवारको सदस्य संख्या गन्न सकेमा (१ अंक) | | | | | |
| | १.१.३. आफ्नो गाउँ टोल र छिमेकी टोलको नाम बताउन | आफ्नो गाउँ टोल र छिमेकी टोलको भन्न र लेख्न सकेमा (४ अंक) | | | | | |
| | | आफ्नो गाउँ टोल र छिमेकी टोलको नाम भन्न सकेमा (३ अंक) | | | | | |
| | | आफ्नो गाउँ टोलको नाम लेख्न सकेमा (२ अंक) | | | | | |
| | | आफ्नो गाउँ टोलको नाम भन्न सकेमा (१ अंक) | | | | | |
| २. हाम्रा प्राकृतिक सम्पदाहरू | १.२.१.आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नदी, पोखरी, झरना, र तालको नाम बताउन | आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नदी, पोखरी, झरना, र तालको नाम बताउन सकेमा (४) | | | | | |
| | | आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नदी, पोखरी, र झरना को नाम बताउन सकेमा (३) | | | | | |
| | | आफ्नो वरिपरि रहेका खोल्सा, खोला, पोखरीको नाम बताउन सकेमा (२) | | | | | |
| | | आफ्नो वरिपरि रहेका खोल्सा, खोला, नाम बताउन सकेमा (१) | | | | | |
| | १.२.२.आफ्नो वरिपरि पाइने बोटबिरुवाको नाम बताउन | आफ्नो वरिपरि पाइने चारओटा बोटबिरुवाको नाम भन्न र लेख्न सकेमा (४) | | | | | |
| | | आफ्नो वरिपरि पाइने चारओटा बोटबिरुवाको नाम भन्न सकेमा (३) | | | | | |
| | | आफ्नो वरिपरि पाइने चार ओटाबोटबिरुवाको नाम बताउन (२) | | | | | |
| | | आफ्नो वरिपरि पाइने दुईवटा बोटबिरुवाको नाम बताउन (१) | | | | | |
| | १.२.३ आफ्नो वरिपरि रहेका जीवजन्तुहरू पहिचान गर्न | आफ्नो वरिपरि रहेका कुनै चारओटा जीवजन्तुहरूको नाम भन्न र लेख्न (४) | | | | | |
| | | आफ्नो वरिपरि रहेका कुनै चारवटा जीवजन्तुहरू चिन्न सकेमा (३) | | | | | |
